# परिच्छेदःएक

## १.१ पृष्ठभूमि

अपाङ्गता शरीरको अवस्था हो । शरीरको कुनै पनि एक वा एकभन्दा बढी अङ्गहरूले सामान्य रूपमा काम गर्न नसकी दैनिक गुजारा चलाउन असजिलो हुने अवस्था नै अपाङ्गता हो । यस प्रकारको अवस्था स्थायी वा अस्थायी हुन सक्दछ । जुनसुकै व्यक्ति कुनै पनि बेला अपाङ्ग हुन सक्दछ । अझ भन्ने हो भने सबै मानिस कुनै न कुनै रूपमा अपाङ्ग हुन्छन् । तर शारिरीक वा मानसिक कारणले दैनिक कामकाज गर्न सामान्य रूपमा कठिनाई पर्नेहरूलाई मात्र अपाङ्ग भन्ने गरीएको छ (राष्ट्रिय अपाङ्ग महासङ्घ, २०५९) । अपाङ्गताको परिभाषामा एकरूपता पाइँदैन । 'अपाङ्ग भन्नाले सामान्य दैनिक चर्या गर्न शारीरिक वा मानसिक रूपले असमर्थ वा असक्षम भएको नेपाली नागरीकलाई सम्झनु पर्छ (अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९) । त्यसैगरी जुन मानिसलाई हिड्न, बोल्न, सुन्न, देख्न र अन्य काम गर्न कठिनाई पर्दछ त्यस्ता व्यक्तिलाई अपाङ्ग भनिन्छ (हाम्रो अवाज सुन्नुहोस् अभियान,२०६३) । यी परिभाषाका आधारमा भन्नु पर्दा शारीरिक वा मानसिक अवस्थाका कारण दैनिक चर्या गर्न कठिन हुने वा नसक्ने व्यक्तिलाई अपाङ्ग भन्न सकिन्छ ।

हाम्रो समाजमा विभिन्न किसिमका अपाङ्ग व्यक्तिहरू छन् जो आफ्नो कार्य आफैं गर्न नसकी अफ्ठेरो परिस्थितिमा परेका छन् जस्तैः कोही देख्न सक्दैनन्, कोही सुन्न र बोल्न सक्दैनन्, कोही हिँड्डुल गर्न सक्दैनन् त कोही सामान्य व्यक्तिले भन्दा भिन्न र अनौठो व्यवहार देखाउँछन् । मानिसमा हुने कठिनाइहरू उनीहरूको शारीरिक, मानसिक तथा संवेदनात्मक प्रक्रियामा हुने कमीको कारणले भएका हुन् । उपर्युक्त कारणहरूबाट कठिन परिस्थितिमा पर्नुलाई अपाङ्गता भनिन्छ भने त्यस्तो परिस्थितिमा पर्ने व्यक्तिलाई अपाङ्ग भनिन्छ । अपाङ्गहका इच्छा, चाहना र आवश्यकता सामान्य व्यक्तिमा भन्दा भिन्न हुँदैनन् । उनीहरूका शारीरिक, बौद्धिक र भावनात्मक विकास पनि उस्तै हुन्छन् तर कठिन परिस्थितिमा रहेका कारण उनीहरूलाई कार्यसम्पादनमा कठिनाइ पर्छ । मानिस कुन बेला र कसरी अपाङ्ग हुन्छ भन्न सकिन्न । जन्मदेखि मृत्यु नहुञ्जेलसम्म कुनै पनि समयमा कुनै पनि व्यक्ति अपाङ्ग हुन सक्छ ।

**अपाङ्गताको वर्गीकरण:**

१. शारीरिक अपाङ्गता (Physical Disability)

२. . क) दृष्टिविहीनता (Blind)

ख) दृष्टिदोष (Visually Impaired)

३. सुस्त मनःस्थिति (Mentally Retarded)

४. क) बहिरोपन (Deaf)

ख) सुस्त श्रवण (Hearing impaired)

५. मानसिक रोग (Mental disease)

६. बहुअपाङ्गता (Multiple Disability)

(अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९)

नेपाल राजपत्र भाग ३, मिति २०५६।९।५, खण्ड ४९, सङ्ख्या ३५मा अपाङ्गता निर्धारण सम्वन्धमा अपाङ्गताको वर्गीकरण यसरी गरेको छ । साथै अपाङ्गताको किसिम धेरै हुने भएकोले प्रकृतिअनुरूप विभिन्न लक्षित कार्यक्रमहरू सञ्चालन गरी उनीहरूलाई सहयोग पुऱ्याउन सकिन्छ। अपाङ्गताको वर्गीकरणमा पनि एकरुपता छैन । सामान्यतः शारीरिक अपाङ्गता, बहिरोपन, दृष्टिविहीनता र सुस्तःमनस्थिति गरी अपाङ्गतालाई ४ प्रकारमा विभाजन गर्ने गरीएको पाइन्छ । तत्कालिन श्री ५ को सरकारले भने अपाङ्गपन निर्धारण गर्न गरेको समितिको सिफारिसमा शारीरिक अपाङ्गता, दृष्टिविहिनता, दृष्टिदोष, सुस्त मनःस्थिति, बहिरोपन सुस्तश्रवण र मानसिक रोग भनी अपाङ्गताका प्रकारहरूको उल्लेख गरेको छ। महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयद्वारा प्रकाशित अपाङ्गहरूको परिभाषामा पनि त्यसैबमोजिम वर्गीकरण गरीएको छ।

समाजका अरू सदस्यसरह नै यस राष्ट्रका अपाङ्गहरूको पनि अधिकार र कर्तव्य हुन्छ भन्ने ज्ञान थोरैलाई मात्र छ। त्यसैले कतिपय ऐन कानुनमा अपाङ्गहरूको अधिकार प्रति ध्यान दिइएको पाइँदैन । संसारका अरू समाजमा पनि अपाङ्गहरूको अधिकारलाई सुनिश्चित गर्ने प्रयासको थालनी भर्खरै भएको हो । संयुक्त राष्ट्र सङ्घले

२०३७ साललाई अन्तराष्ट्रिय अपाङ्ग वर्षका रुपमा घोषणा गरेर मनाएपछि नै समाजमा अपाङ्गहरूको पूर्ण र समान सहभागिताको धारणा अगाडि आएको हो (हाम्रो आवाज सुन्नुहोस अभियान, २०५९) ।

अपाङ्गताको विकासक्रमलाई अन्तराष्ट्रिय रुपमा हेर्दा दोश्रो विश्वयुद्ध पछिको समयलाई गणना गरीन्छ । प्रथम र दोश्रो विश्वयुद्ध पछि संसार भरि नै अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या थपिन पुग्दा अपाङ्गताको क्षेत्रमा कार्य गर्ने विभिन्न संस्थाहरू स्थापना हुन थाले । अपाङ्गता भएका व्यक्तिहरूको सांगठनिक विस्तारले संसारभरिका देशहरू र संयुक्त राष्ट्र सङ्घमा दवाव परेको कारणले अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार सुनिश्चित गर्नका लागि महासन्धिको आवश्यकता महसुस गरी १३ डिसेम्वर २००६मा संयुक्त राष्ट्र सङ्घमा औपचारिक रुपमा दर्ता भएको थियो (नेपाल अपाङ्ग मानव अधिकार केन्द्र, २०६४) ।

नेपालको परिप्रेक्ष्यलाई नियाल्दा वि.सं. १९१० मा राणा प्रधानमन्त्री जङ्गबहादुरले बनाएको मुलुकी ऐन वि.सं. २०२० को नयाँ मुलुकी ऐन, शिक्षा ऐन,२०२८, सामाजिक सेवा ऐन २०३४, अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९, नेपाल अधिराज्यको संविधान २०४७, सवारी सम्बन्धी ऐन २०४९, समाज कल्याण ऐन २०४९, अपाङ्ग संरक्षण तथा कल्याण नियमावली २०५१, विशेष शिक्षा राष्ट्रिय नीति २०५३, राष्ट्रिय अपाङ्ग नीति २०५३, स्थानीय स्वायत शासन ऐन २०५५,राष्ट्रिय अपाङ्ग कार्ययोजना २०६०, राष्ट्रिय अपाङ्ग नीति तथा कार्ययोजना २०६३, नेपालको अन्तरिम संविधान २०६३ आदिद्वारा अपाङ्गता भएका व्यक्तिहरूका विविध अधिकारहरूलाई सुनिश्चित गर्ने कानुनी प्रयासहरू भएका छन् तर यी ऐन कानुन ,नीति र कार्ययोजनाहरूको कार्यान्वयनको अवस्था कस्तो छ ? ती ऐन कानुनहरूले अपाङ्गता भएका ब्यक्तिहरूलाई कुन रुपमा संरक्षण तथा सम्बर्धन गर्ने प्रयास गरीरहेका छन् अथवा अपाङ्गता भएका ब्यक्तिहरूको चौतर्फी विकासका लागि राज्यका कुन कुन संयन्त्रमा अवरोधहरू छन् र तिनका सामाधानका उपायहरू के के हुन सक्छन्? भन्ने विषयमा छलफल गरी त्यस्ता अवरोधहरूको पहिचान र समाधान गर्नु अत्यन्त आवश्यक भइसकेको छ ।

नेपालका सन्दर्भमा विशेष शिक्षाको शुरुवात दृष्टिविहीनहरूको शिक्षासँगै एकीकृत शिक्षाको रुपमा वि.स २०२१ देखि ल्यावोरेटोरी स्कुल (हाल कीर्तिपुरं) चेत भवन लाजिम्पाटबाट दृष्टिविहीन शिक्षक श्री जङ्बहादुर बोगटीको प्रयासमा शुरु भयो भने २०२३ सालमा वीर अस्पतालको सानो कक्षमा बहिराहरूका लागि शिक्षा प्रारम्भ भयो । त्यस्तै २०२६ सालमा अपाङ्ग खगेन्द्रबहादुर बस्नेतद्वारा सबै किसिमका अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा तथा तालिमको विकास गर्ने उद्देश्यले नेपाल अपाङ्ग सङ्घ (नवजीवन गृह ) को थालनी वानेश्वरमा (हाल नेपाल अपाङ्ग सङ्घ जोरापाटी) मा भएको थियो । यसैगरी २०३८ सालमा निर्मल बाल विकास केन्द्र नामक विद्यालय स्थापना गरी सुस्त मनःस्थिति भएका बालबालिकाका लागि पनि पठनपाठन गराउने कार्य प्रारम्भ गरीएको थियो ।

यी सबै कानुनी , शैक्षिक र व्यावसायिक कदमहरूको उद्देश्य अपाङ्गता भएका नागरीकलाई सशक्त बनाई उनीहरूलाई उत्पादनशील र स्वावलम्बी नागरीकको रुपमा स्थापित गर्नु नै रहेको छ । यो उद्देश्य प्राप्तिका लागि नेपलमा गैर सरकारी संस्थाहरूसमेतको प्रयासबाट अपाङ्गता भएका व्यक्तिहरूलाई क्रियाशील गराई राष्ट्रिय विकासको मूल प्रवाहमा ल्याउने अभियान जारी छ ।

नेपालमा अपाङ्गहरूका निम्ति बनेका ऐनकानुनहरू अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ तथा नियमावली २०५१ मुख्य कानुनी व्यवस्था हुन् । नेपाल अधिराज्यको संविधान २०४७ मा पनि अपाङ्गहरूका लागि विशेष व्यवस्था गर्नुपर्ने कुरा उल्लेख भएको छ । जसमा अपाङ्गहरूका लागि शिक्षा, व्यवसायिक तालिम, रोजगारी र सामुदायिक पुनर्स्थापना जस्तो कार्यक्रम रहेका छन् । ऐन र नियमावलीमा अपाङ्गका लागि शिक्षा, स्वास्थ्य सेवा, रोजगार र अवसरहरू प्राप्त गर्ने, स्वरोजगार प्राप्त गर्ने, कर छुट पाउने, यातायात सुविधा र निःशुल्क कानुनी सेवा जस्ता विषयहरू समावेश भएका छन् । यी ऐन र नियमावलीमा समय समयमा केही संशोधन हुँदै दशौं पञ्चवर्षीय योजना (२०५९-२०६४) मा पनि अपाङ्गता सम्वन्धी ऐन कानुन संशोधन गर्ने, निःशुल्क शिक्षा, तालिम र स्वास्थ्य सेवाको साथै रोजगारी र अन्य अवसरहरू विशेष व्यवस्था गर्ने, विभिन्न सेवा र सुविधाका क्षेत्रमा सहुलियत दिन पहल गर्ने,

कार्ययोजना तर्जुमा, अनुगमन, समन्वय गरी सञ्जाल विकासमा सहभागिता बढाउन पहल गर्ने, अपाङ्गता निरोधात्मक, उपचारात्मक र चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, अपाङ्ग व्यक्तिहरूको तथ्याङ्क अद्यावधिक गरी अपाङ्गता परिचयपत्र वितरणलाई निरन्तरता दिदैं यस क्षेत्रमा काम गर्ने संस्था सुदृढीकरण र आवश्यक जनशक्तिको विकास गर्नेजस्ता व्यवस्थाहरू छन् । नेपाल अधिराज्यको अन्तरिम संविधान २०६३ तथा नेपालको ३ वर्षीय अन्तरिम योजना ०६४/०६५-०६६/६७ मा पनि अपाङ्गता भएका व्यक्तिहरूलाई विकासको मूल धारमा समावेश गराउन पहल गरीएको छ ।

नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको जनसङ्ख्याका बारेमा समय समयमा सर्वेक्षणहरू भए तापनि अपाङ्गता भएका व्यक्तिहरूको अन्य पक्षहरूको सम्वन्धमा विस्तृत सर्वेक्षण आधिकारिक एवम् सर्वमान्य रुपमा आजसम्म भएको देखिँदैन । विभिन्न ऐन नियम तथा नीतिहरू अपाङ्गता भएका व्यक्तिहरूको हकहित र संरक्षण तथा सम्वर्द्धनका लागि बनेका छन् तर पनि यसको प्रभावकारी रुपमा लागु हुन नसकेको अवस्था छ । यसको प्रभावकारी कार्यान्वयन नहुनुमा अपाङ्गताको विस्तृत तथा आधिकारीक तथ्याङ्क प्राप्त नभएर पनि हो । अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या बारे फरक फरक अनुमान गरेको पाइन्छ । केन्द्रिय तथ्याङ्क विभागको सन् २००१ मा सम्पन्न जनगणना अनुसार नेपालमा १.६३ प्रतिशत व्यक्तिहरू अपाङ्ग रहेका छन् भने २०३९ सालमा अन्तर्राष्ट्रिय अपाङ्गता वर्षको उपलक्ष्यमा नेपालमा सञ्चालन भएको अपाङ्गता नमुना सर्वेक्षण (The Sample Survey of Disabled Persons in Nepal) का अनुसार ३ प्रतिशत व्यक्तिहरू अपाङ्ग रहेका छन् । त्यस्तै विश्व स्वास्थ्य सङ्घका अनुसार विकासोन्मुख मुलुकहरूमा करिव १० प्रतिशत (सन् १९९७) व्यक्तिहरू अपाङ्ग भएका छन् भन्ने अनुमान गरेको अवस्था छ । विभिन्न समयमा गरीएका सर्बेक्षणले नेपालमा अपाङ्गता भएका व्यक्तिको हाराहारी ५ प्रतिशत रहेको देखिन्छ (सि.वि.आर.,२०६३) ।

विगत १२ वर्षदेखि माओवादी विद्रोहका कारण सशस्त्र द्वन्द्वमा परी धेरै भन्दा धेरै जनता अपाङ्ग बन्न पुगेका छन् । यसको कुनै सरकारी तथ्याङ्क छैन । यदी छ भने माओवादी पक्षसँग यसको कुनै आँकल छ र वर्तमान अवस्थामा नेपालमा ३० लाख

अपाङ्गता भएका नागरीकहरू रहेको अनुमान गरीएको छ (राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, २०६४) ।

राष्ट्रिय समस्याकै रुपमा रहेको यस अपाङ्गताको क्षेत्रलाई के कसरी सम्वोधन गर्ने भन्ने विषयमा एकीकृत सोचाइको आवश्यकता छ । अझै सम्म पनि हाम्रो समाजमा अन्धविश्वास र पुरानो संस्कार व्याप्त रहेको छ । यसको मूल कारण जनचेतनाको अभाव नै हो । जसको कारण अपाङ्ग प्रतिको नकारात्मक दृष्टिकोण हट्न सकेको छैन । अपाङ्ग व्यक्तिले खासगरी अत्याचार र भेदभावको सामना गर्नुपरेको छ । परम्परागत विश्वासअनुसार अपाङ्ग व्यक्तिलाई पूर्वजन्मको पापको अनिष्ट सूचकका रुपमा लिइन्थ्यो । अपाङ्ग बच्चाहरूलाई समाजमा आगन्तुकहरूको दृष्टिकोणबाट लुकाइन्थ्यो । यसले गर्दा उनीहरूलाई शिक्षा, स्वास्थ्य तथा अन्य सुविधाबाट बञ्चित गरी अनुत्पादक र काम नलाग्ने दृष्टिकोणबाट हेर्ने गरीन्थ्यो । समाजको अपाङ्गताप्रतिको दृष्टिकोण हाल आएर केही सकारात्मक हुँदै गएको पाइन्छ । जसको कारण विभिन्न समयमा राष्ट्रले बनाएका अपाङ्ग प्रतिको राष्ट्रिय नीति नियम, कानुन व्यवस्था तथा शिक्षा, स्वास्थ्य सेवा, रोजगारी तथा अन्य सुविधाहरू नै हुन् । राष्ट्रले हरेक क्षेत्रमा दिएका विशेष सेवा सुविधाले समाजमा प्रत्यक्ष असर पार्दछ । राष्ट्रको नीति नियम, ऐन, कानुन बमोजिम नै सामाजिक प्रक्रिया सञ्चालन हुने भएकोले राष्ट्रले समयसापेक्ष आवश्यक योजना बनाउनु जरुरी छ ।

राष्ट्रमा विभिन्न द्वन्द्वका कारण अपाङ्गहरूको सङ्ख्या दिनानुदिन बढ्दो छ । यसबाट पनि सवलाङ्गहरूमा अपाङ्ग प्रतिको दृष्टिकोण सकारात्मक बन्दै गएको छ । अपाङ्गता कसैको व्यक्तिगत दोष वा पापको सजायै नभएर आकस्मिक रुपमा हुन सक्ने क्षति तथा कमी हो । यो विभिन्न कारणहरूबाट हुन सक्छ । जसको कारणहरूमा कुपोषण, सङ्क्रमक रोगहरू, चोटपटक, प्रसुती सेवाको कमी, स्वास्थ्य सेवाको कमी, पोलाई आदि हुने भएकोले यसमा उनीहरूको केही दोष छैन भन्ने कुराको ज्ञान समाजमा धेरैलाई भैसकेको अवस्था छ । यसले अपाङ्गप्रति सकारात्मक धारणा विकास हुनुमा सवलाङ्ग समेतलाई चुनौति दिएका छन् ती व्यक्तिहरूमा हेलनकेलर, कलाकार गणेशलाल, पारिजात, झमककुमारी आदि ।

राज्यले असहाय, अशक्त, अपाङ्गहरूको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्वन गर्नु पर्दछ । विभिन्न समयमा बनेका ऐन, कानुन तथा विकासका योजनाहरूको कार्यान्वयनको अवस्था कस्तो छ, ती ऐन, कानुनहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई कुन रुपमा संरक्षण तथा सम्वर्द्धन गर्ने प्रयास गरेका छन् उनीहरूको चौतर्फी विकासका लागि राज्यको कुन कुन संयन्त्रमा अवरोध छन् र तिनका समाधानका उपायहरू के के हुन सक्छन्? भन्ने विषयमा वृहत छलफल, अन्तर्क्रिया गरी त्यस्ता अवरोधहरूको पहिचान र समाधान गर्नु अत्यन्त आवश्यक छ । यसै यथार्थतालाई हृदयङ्गम गरी शिक्षामा पूर्ण सहभागिता, यातायातको सुविधा, कानुन, लैङ्गिक समानता, आधारभूत अधिकार जस्ता पक्षमा भएका अवरोधहरूलाई पहिचान गरी उपयुक्त ढङ्गबाट निराकरणको पाइला चालिनु जरुरी देखिन्छ । यसका लागि अपाङ्गताका महत्वपूर्ण सवालहरूलाई संविधानमा समावेश गराउन उनीहरूकै प्रतिनिधित्व हुनु नितान्त जरुरी भएको कुरा विगतमा निर्माण भएका कानुनहरूको अपूर्णताले पुष्टि गर्दछ ।

### १.१.१ वर्तमान अवस्थामा नेपालमा अपाङ्गहरूको सङ्ख्या :

आज मुलुक विभिन्न किसिमका अपाङ्गहरूको सङ्ख्याबारे वास्तविक तथ्याङ्क रहेको पाइदैन । विश्व-स्वास्थ्य सङ्गठनद्वारा सन् १९९३ सालमा प्रकाशित विवरण अनुसार नेपालका कुल जनसङ्ख्याको १० प्रतिशत अपाङ्ग जनसङ्ख्या रहेको जनाएको छ । Sample Survey, CBS, 1980 का अनुसार अपाङ्गताको जनसङ्ख्या ५.२ प्रतिशत रहेको देखिन्छ । Impact नेपालद्वारा प्रकाशित सूचनाका आधारमा कुल जनसङ्ख्यामा १३.१ प्रतिशत अपाङ्गहरू रहेको देखिन्छ । नेपालको राष्ट्रिय जनगणना २०५८ अनुसार कुल २,२७,३६,९३४ जनसङ्ख्या मध्ये १,०३,७९५ जनसङ्ख्या अपाङ्ग छन् । प्रतिशतको हिसाबले यो कुल जनसङ्ख्याको ०.४७ प्रतिशत हुन आउँछ । राष्ट्रिय अपाङ्ग महासङ्घले यस तथ्याङ्कलाई अस्वभाविक र मनगणन्ते भनेको वास्तवमा यो तथ्याङ्क त्यति विश्वसिलो छैन तापनि हालसम्म यस क्षेत्रको वास्तविक आँकडा लिइएको अन्य भारपर्दो स्रोत स्वयम् अपाङ्ग महासङ्घसँग पनि नरहेकाले

अपाङ्गहरूको विभिन्न अवस्थाको सङ्ख्यागत विवरणको जानकारी लिन यसै तथ्याङ्कलाई आधार लिनुपर्ने वाध्यात्मक अवस्था छ ।

तालिका १.१: अपाङ्गहरूको विभिन्न अवस्थाको सङ्ख्यागत विवरण

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शरीरिक अपाङ्ग | ४०,७९८ | ३९.३० |
| २ | दृष्टिबिहीन | १६,५२६ | १५.९२ |
| ३ | बहिरा तथा सुस्तश्रवण | २५,५४० | २४.७० |
| ४ | मानसिक असन्तुलन | १३,१७१ | १२.६८ |
| ५ | विविध | ७,७६० | ७.४० |
| | जम्मा | १,०३,७९५ | १००.०० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०५८ ।

तालिका १ लाई अध्ययन गर्दा नेपालमा कूल १,०३,७९५ अपाङ्ग जनसङ्ख्याहरूमा शारिरीक अपाङ्गहरूको सङ्ख्या ४०,७९८ अर्थात प्रतिशतको हिसावले सबैभन्दा बढि ३९.३० प्रतिशत शारिरीक अपाङ्गहरू रहेका छन् । त्यसपछि सबैभन्दा ठुलो सङ्ख्यामा बहिरा तथा सुस्तश्रवण २४.७० प्रतिशत अर्थात २५,५४० जना रहेका छन् । त्यस्तै दृष्टिबिहीनहरू १५.९२ प्रतिशत , मनसिक असन्तुलन हुनेहरू १२.६८ प्रतिशत देखिन्छ भने सबैभन्दा कम विविध अपाङगहरू जम्मा ७.४० प्रतिशत देखिन्छ । यस तालिका बाट नेपालमा रहेका अपाङ्गहरूमध्ये बहिरा तथा सुस्तश्रवणहरूको सङ्ख्या ठूलो रहेको तथ्य पुष्टि हुन्छ ।

## १.१.२ मोरङ जिल्लामा अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या

अपाङ्गता सर्वेक्षण (२०६३), अनुसार मोरङ जिल्लाका कूल घर परिवार सङ्ख्या १,६१,०४२ र कूल जनसङ्ख्या ८,१०,८३० गणना भएको छ । जसमा पुरूष सङ्ख्या ४,१६,९२३(५१.४२%) र महिला सङ्ख्या ३९३९०८ (४८.५८%) रहेको छ । उक्त सर्वेक्षणमा कुल अपाङ्गताहरूको सङ्ख्या १०५६४ अर्थात १.३ प्रतिशत रहेको छ ।

जसमध्ये पुरूष सङ्ख्या ६१२९ (१.४७%) र महिला सङ्ख्या ४४३५(१.१३%) रहेको देखिन्छ । गणना भएको जनसङ्ख्यामा अपाङ्गता दर १.३ प्रतिशत रहेको देखिन्छ ।

उक्त सर्वेक्षणमा कुल अपाङ्गता १०,५६४ मध्ये पुरूष ५८.०२ प्रतिशत र महिला ४१.९८ प्रतिशत अर्थात फरक १६९४(१६.०४%) रहेको छ । यस तथ्याङ्कले लैङ्गिक दृष्टिकोणबाट पुरूषको अपाङ्गता बढी भएको देखाएको छ ।

तालिका १.२: लिङ्ग अनुसार  अपाङ्गता भएका व्यक्तिहरूको प्रकार

| अपाङ्गताको किसिम | पुरूष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| शरीरिक | ३१२९ | ५१.०५ | २०५४ | ४६.३१ | ५१८३ | ४९.०६ |
| दृष्टिसम्बन्धी | ७२५ | ११.८३ | ५९३ | १३.३७ | १३१८ | १२.४८ |
| सुस्तश्रवण | १२५८ | २०.५३ | १०३० | २३.२२ | २२८८ | २१.६६ |
| सुस्तमनस्थिती | ३९७ | ६.४८ | ३१६ | ७.१३ | ७१३ | ६.७५ |
| मानसिक | ३०५ | ४.९८ | २१० | ४.७४ | ५१५ | ४.८८ |
| बहअपाङ्गता | ३१५ | ५.१४ | २३२ | ५.२३ | ५४७ | ५.१८ |
| जम्मा | ६१२९ | १०० | ४४२५ | १०० | १०५६४ | १०० |
| प्रतिशत | ५८.०२ | | ४१.९८ | | | |

स्रोत : अपाङ्गता सर्वेक्षण, २०६३ ।

तालिका १.२ लाई नियाल्दा जिल्लाका कुल अपाङ्ता भएका व्यक्तिहरूको सङ्ख्या मध्ये शारीरिक अपाङ्ग सबैभन्दा बढी ४९.०६ प्रतिशत देखिन्छ भने बहिरा तथा सुस्तश्रवणहरू २१.६६ प्रतिशत रहेको देखिन्छ । त्यसपछि क्रमशः दृष्टिसम्वन्धी १२.४८ प्रतिशत, सुस्तमनस्थिति ६.७५ प्रतिशत बहुअपाङ्ता ५.१८ प्रतिशत र मानसिक ४.८८ प्रतिशत रहेको देखिन्छ । यस तथ्याङ्कले पनि बहिरा तथा सुस्तश्रवणहरूको सङ्ख्या ठुलो रहेको देखाएको छ ।

नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको जनसङ्ख्या तथा अपाङ्गताको प्रकारका बारेमा समय समयमा सर्वेक्षणहरू भए तापनि अन्य पक्षहरूका सम्वन्धमा विस्तृत सर्वेक्षण, आधिकारिक एवम् सर्वमान्य रुपमा आजसम्म पनि नआएको र बनेका ऐन, नियम तथा नीतिहरू अपाङ्गता भएका व्यक्तिहरूका हकहित र संरक्षण तथा

सम्वर्द्धन गर्न भनी बनेका भएपनि यसको प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्नुको कारण अपाङ्गताको विस्तृत तथा आधिकारिक सङ्ख्या तथा अन्य पक्षको तथ्याङ्क नभएर पनि हो भन्ने तथ्यलाई आत्मसात गरी अपाङ्ग बालबालिकाको शैक्षिक स्थिति पत्ता लगाउने, कक्षा व्यवस्थापनको अवस्था विश्लेषण गर्ने, उनीहरूले भोगेका समस्याहरू तथा सुधारका उपायहरूका, सुझावका साथ सरकारी तवरबाट अपनाइएका नीति, नियम तथा कार्यक्रमहरूका बारेमा यो अध्ययन केन्द्रित रहेकोछ ।

## १.२ समस्याको कथन (Statement of the Problem)

आजको संसारमा विज्ञान र प्रविधिको विकासले जतिसुकै ठूलो प्रभाव पारे तापनि अपाङ्गपनको समस्या सबै ठाँउमा कुनै न कुनै स्थितिमा विद्यमान रहेको पाइन्छ । विकसित राष्ट्रहरूमा अपाङ्गहरू विशेष लाभान्वित हुन पुगे तापनि नेपाल जस्तो गरीव, विकासशील राष्ट्रका लागि अपाङ्गहरूको शिक्षा तथा अन्य व्यवस्थापनमा विभिन्न समस्याहरूले जटिलता ल्याएको देखिन्छ । अपाङ्गहरूको शिक्षा तथा अन्य व्यवस्थापनको क्षेत्रमा रहेका समस्याहरूको सम्वन्धमा यथार्थ विश्लेषण गर्नका लागि सम्वन्धित क्षेत्रको वास्तविक अध्ययन गर्नु आवश्यक हुन्छ ।

मानव सृष्टिको सुरुवातसँगै अपाङ्ग सम्वन्धी समस्याले मानवीय जीवनलाई कष्टदायी बनाइरहेको छ । आजको यस समयसम्म आइपुग्न अपाङ्गहरूले विभिन्न आरोह, अवरोहहरूको सामना गर्नु परेको छ । अपाङ्गहरू आफ्ना दैनिक कार्य जुन साधारण मानिसले गर्ने झैं सवै कार्य आफै गर्न असमर्थ हुन्छन् , त्यसमाथि समाजको दृष्टिकोण नकारात्मक भईदिदाँ जीवन जिउन अत्यन्तै गाह्रो हुन्छ । कठिन परिस्थितिमा परेको कारणबाट उनीहरूमा जस्तो किसिमको कार्य सम्पादनमा असर परेको छ, यस्तै किसिमको प्राविधिक सहयोगबाट उनीहरूमा रहेको दक्षता, क्षमता अनुरुप कार्य गर्नमा सहयोग पुग्दछ । त्यस्तो सहयोगबाट उनीहरूमा उत्प्रेरणा जागृत भई अन्तर्निहित प्रतिभा प्रस्फुटन हुन सक्दछ । यसले गर्दा विभिन्न निकायहरूबाट यस्तो परिस्थितिमा उनीहरूको हितका लागि कार्यक्रमहरू सञ्चालन गर्न र यससँग सम्वन्धित क्षेत्रको

वास्तविकतालाई प्रष्ट पार्नका लागि यस अध्ययनले थप सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या एवम् उनीहरूको अवस्था पहिचान गरी अपाङ्गता सम्वन्धी जनचेतना जगाउने कार्यक्रम सञ्चालन गर्नु अति आवश्यक छ । यसका साथै सामुदायिक पुनर्स्थापनाका लागि जिम्मेवार पक्षहरूले पहल गर्नु आवश्यक छ । अपाङ्गहरूका निम्ति ऐन नियमहरू बनेका र सेवा दिइरहेका छन् । कतिले सेवा पाइरहेका भएता पनि कतिपय अपाङ्गहरू त्यस्तो सेवाबाट वञ्चित छन् भने कतिपय सेवा पाइरहेकाहरूमा पनि विविध अफ्ठेराहरू यथावत छन् । बाटो घाटो, पहुँचयोग्य सार्वजनिक स्थलहरू, चर्पी आदि उनीहरूको पहुँच पुग्ने गरी निर्माण नहुनु, अस्पतालमा उपचारको लागि कोटाको व्यवस्था नहुनु, शिक्षाको पहुँच पनि सवै ठाउँमा पुऱ्याउन नसक्नु, सञ्चार माध्यमको व्यवस्था नहुनु जस्ता समस्याहरूले गर्दा अझ सम्म पनि उचित मात्रामा अपाङ्गहरूको विकास हुन नसकेको अवस्था रहेको छ । त्यसैले सवै क्षेत्रबाट सुविधाहरूको व्यवस्था गरी उनीहरूको समस्यालाई हल गर्न सके मात्र अपाङ्गहरू पनि देशको एउटा उत्पादनशील नागरिक बन्न सक्दछन् ।

## १.३ अध्ययनको औचित्य (Rationale of the study)

हाम्रो देशको एक महत्वपूर्ण जनसङ्ख्या शारिरीक वा मानसिक समस्याबाट जीवन गुजार्न वाध्य छ । केही सङ्ख्या जन्मजात अपाङ्ग भएका छन् भने केही दुर्घटना तथा प्राकृतिक कारणबाट अपाङ्ग भएका छन् । अपाङ्गताका कारण उनीहरू इच्छाएको कार्य पूरा गर्न सक्तैनन । उनीहरूका पनि इच्छा, चाहना र आकाङ्क्षा सवलाङ्गहरूको जस्तै हुन्छन् । यसले गर्दा उनीहरूको इच्छा, आकाङ्क्षा बमोजिमको सहयोग जुटाउन जिम्मेवार पक्षले पहल गर्नु पर्दछ । उनीहरूमा शिक्षा प्रदान गर्ने देखि लिएर रोजगार बनाई सक्षम र आत्मनिर्भर बनाउन हमेशा सहयोग गर्नुपर्छ, यसको साथै सामाजिक धारणालाई सकारात्मक बनाउन जनचेतना विकास गराउनु अत्यन्त आवश्यक हुन्छ । यसका लागि गाउँ गाउँमा चेतनामूलक कार्यक्रमहरू मार्फत अपाङ्गहरूका विवशता, अपाङ्ग हुनुका

कारणहरू र उनीहरूलाई गर्नुपर्ने सहयोगका बारेमा जानकारी गराउन जरुरी छ । यसका साथै अपाङ्ग हुनु कसैको दोष होइन र मानिस जन्मे देखि मृत्यु नहुञ्जेल सम्म जुनसुकै समयमा अपाङ्ग हुन सक्छ भन्ने कुराको चेतना सबैमा भएपछि अपाङ्गहरूको पनि मनोबल बढदछ । अपाङ्गहरूको विकासमा सामाजिक धारणाले ऊर्जा थप्ने कार्य गर्दछ। त्यसपछि मात्र राज्यले दिएका ऐन, कानुन तथा सेवा सुविधाहरूको सदुपयोग हुन्छ ।

भनिन्छ, समाधानविनाका समस्या नै हुदैंनन् । यसर्थ अपाङ्गलाई समाजमै शिक्षा तथा रोजगारको व्यवस्था गरी स्थापित गराउन सकिन्छ । यसका लागि विभिन्न अवरोधहरूको निराकरण गर्नु पर्छ अर्थात अवरोधमुक्त वातावरणको सृजना गर्नुपर्छ । अपाङ्गहरूका सम्वन्धमा रहेका विविध बाधा र अड्चनहरूको वीचमा रहेर अध्ययन गर्नु निश्चय नै चुनौतीपूर्ण कार्य भएकाले यस अध्ययनले सम्वन्धित पक्षलाई सहयोग पुऱ्याउने अपेक्षा गरीएको छ । यस अध्ययनबाट निम्नलिखित उपयोगिता हुन सक्ने अपेक्षा राखिएको छ :-

क) यस अध्ययनले बहिरा तथा सुस्तश्रवण बालबालिकाको सेवा, सुविधा तथा अवसरहरूमा सहयोग पुग्नेछ ।

ख) यसले उनीहरूको वास्तविक जीवनस्तर उकास्नमा टेवा पुऱ्याउने छ ।

ग) योजनाकारलाई सम्वन्धित क्षेत्रको कार्यक्रम सरल र उपयोगि बनाउन सहयोग पुग्नेछ।

घ) यस अध्ययनले शैक्षिक व्यवस्थापनको पक्षमा गरीनुपर्ने सुधारात्मक पक्षहरू औंल्याउने भएकोले व्यवस्थापन पक्षलाई सहयोग पुग्नेछ ।

ङ) सम्वन्धित सघं संस्थालाई थप सहयोग पुग्नेछ ।

च) विद्यालयहरूमा विभिन्न सेवा सुविधा थपघट गर्नुपर्ने कुरामा सहयोग पुग्नेछ ।

छ) सामाजिक दृष्टिकोणमा परिर्वतन गर्न तथा परिवारमा मनोवल बढाउनमा सहयोगी हुनेछ ।

## १.४ अध्ययनको उद्देश्य (Objectives of the study)

यस अध्ययनका निम्न लिखित उद्देश्यहरू छन् :-

क) बहिरा तथा सुस्तश्रवण बालबालिकाको शैक्षिक अवस्था पत्ता लगाउनु ।

ख) बहिरा तथा सुस्तश्रवण बालबालिकाको कक्षा व्यवस्थापनको अवस्था विश्लेषण गर्नु ।

ग)	बहिरा तथा सुस्तश्रवण बालबालिकाले शैक्षिक क्षेत्रमा सामना गर्नुपरेका समस्याहरूको लेखाजोखा गर्ने ।

घ)	बहिरा तथा सुस्तश्रवण बालबालिकाले शैक्षिक क्षेत्रमा सामना गर्नु परेका समस्या सामधानका उपायहरू सुझाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू (Research Questions):-

बहिरा तथा सुस्तश्रवण बालबालिकाको शिक्षामा पहुँचको स्थिती, उपलव्ध शैक्षिक अवसरहरू, उनीहरूले शैक्षिक क्षेत्रमा भोग्नुपरेका समस्याहरू साथै ती समस्या समाधानार्थ उपायहरू समस्याका रुपमा रहेका छन् । यसर्थ निम्नलिखित अनुसन्धानात्मक प्रश्नहरूको आधारमा सम्वन्धित क्षेत्रको वास्तविकता पहिचान गरी समस्याको समाधान गर्ने प्रयास गरिएको छ ।

क)	बहिरा तथा सुस्तश्रवण बालबालिकाको शैक्षिक स्थिती कस्तो छ ?

ख)	बहिरा तथा सुस्तश्रवण बालबालिकाको लागि कस्तो किसिमको व्यवस्थापकीय प्रवन्ध गर्नाले शिक्षामा सबैको पहुँच पुऱ्याउन सकिएला ?

ग)	बहिरा तथा सुस्तश्रवण बालबालिकाको लागि उपलव्ध शैक्षिक सामग्रीहरू के-के छन्?

घ)	बहिरा तथा सुस्तश्रवण बालबालिकाले शिक्षाका क्षेत्रमा भोगेका शैक्षिक समस्याहरू  के-के छन् ?

ङ)	बहिरा तथा सुस्तश्रवण बालबालिकाको शैक्षिक स्थितीमा कसरी सुधार ल्याउन सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा (Delimitations of the study):-

यस अध्ययनमा निम्न अनुसार सीमाङकन गरीएको छ :-

क)	मोरङ जिल्लामा भएका अपाङ्गता मध्ये बहिरा तथा सुस्तश्रवण बालबालिकाको बारेमा  मात्र अध्ययन सीमित गरीएकोछ ।

ख) जिल्लामा सञ्चालित ५ वटा बहिरा तथा सुस्तश्रवण बालबालिका अध्ययन गर्ने विद्यालय मध्ये ३ वटा विद्यालयलाई छनोट गरी अध्ययन गरीएको छ ।

ग) यस अध्ययनमा बहिरा तथा सुस्तश्रवण बालबालिकाको शैक्षिक स्थिती, उपलव्ध शैक्षिक अवसरहरू, शैक्षिक क्षेत्रमा सामना गरेका समस्याहरू र ती समस्या समाधानका उपायहरू पत्ता लगाउनमा यो अध्ययन सिमीत गरीएकोछ।

घ) निश्चित क्षेत्रमा गरीने अध्ययन भएकोले सबै ठाउँ र परिवेशमा सामान्यीकरण गर्न सकिनेछैन । तद्यापी आंशिक मात्रामा भने लागु हुन सक्ने छ ।

ङ) छनोट गरीएको नमुनाले अध्ययन क्षेत्र भित्रको प्रतिनिधित्व गर्छ भन्ने मान्यता रहेको छ ।

# परिच्छेद : दुई

## २. सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकन

अध्ययनको यस अध्यायमा सैद्धान्तिक खाका र पूर्वसाहित्यको पूनरावलोकन गरीएको छ। अध्ययनलाई दुई खण्डमा विभाजन गरी पहिलो शीर्षकमा यस अध्ययनसँग सम्वन्धित सैद्धान्तिक खाका र दोस्रो खण्डमा पूर्व साहित्यको पूनरावलोकन गरिएको छ ।

### २.१ सैद्धान्तिक खाका (Theoretical framework of the study)

यस अध्यायमा सैद्धान्तिक खाकाको रूपमा मानव सम्बन्ध सिद्धान्त (Human relation theory), संरचनात्मक कार्यवाद/प्रणाली सिद्धान्त (Structural functionalism/ System theory) र साङ्केतिक अन्तर्क्रिया सिद्धान्त (Symbolic Interaction theory) गरी तीन वटा सिद्धान्तलाई सैद्धान्तिक खाकाको रूपमा उपयोग गरीएको छ । मूलतः यो अध्ययन बहिरा तथा सुस्तश्रवण बालबालिकाको शैक्षिक अवस्था, व्यवस्थापन र समस्याहरूमा केन्द्रित रहेको हुँदा मानवीय सम्बन्धको सिद्धान्त, प्रणाली सिद्धान्त र साङ्केतिक अन्तर्क्रिया सिद्धान्तलाई सैद्धान्तिक खाकाको रूपमा क्रमशः हेरिएको छ । यो अध्ययन बहिरा बालबालिकाको शैक्षिक व्यवस्थापनसँग सम्बन्धित भएकोले यी सिद्धान्तलाई यहाँ उल्लेख गर्नु सान्दर्भिक देखियो ।

#### २.१.१ मानव सम्बन्ध सिद्धान्त (Human relation theory)

मानव सम्बन्ध सिद्धान्तका प्रर्वतकका रूपमा Mayo (१८८०–१९४९) लाई मानिन्छ । (Agrawal, 2006) । मानव सम्बन्ध सिद्धान्तले मानव सम्बन्ध भनेको व्यवस्थापक र कामदारको अन्तर्क्रियामा निर्भर हुनेकुरा उल्लेख गरेको छ । व्यक्तिको सोचाइ, प्रवृत्ति र व्यवहार अर्को व्यक्तिसँग कसरी प्रस्तुत हुन्छ, त्यसमा नै मानव सम्बन्ध निर्भर हुने गर्दछ । यसमा मनोवैज्ञानिक, व्यक्तिगत गुण र मानवीय तत्वले प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । मानव सम्बन्धका विविध आयामहरूलाई मध्यनजर

गरेर विद्यालय व्यवस्थापनका हरेक सवालमा राम्रो र सुमधुर सम्बन्ध कायम गर्न मानव सम्बन्धले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

यो सिद्धान्त सन् १९५० ताका प्रचलित सिद्धान्त हो । यस अगाडिका सिद्धान्तले सङ्गठन र कार्यलाई यान्त्रिक दृष्टिकोणले हेरेको कारणबाट यस सिद्धान्तको शुरुवात भएको हो । शास्त्रीय व्यवस्थापनले कामगर्ने ठाउँमा मेलमिलाप र उत्पादन कार्यकुशलतामा सन्तोषप्रद सुधार ल्याउन नसकेको कारण व्यवहारिक व्यवस्थापनमा नयाँनयाँ विचारहरू विकसित भएका हुन् । कुनै पनि सङ्गठनमा कार्य गर्नेहरूका बीच राम्रो, मानव सम्वन्ध भएमा कार्य सम्पादन राम्रो चाँडो र स्तरीय हुने र यसको विपरीत मानव सम्बन्ध भएमा कार्य सम्पादन ढिलो, नराम्रो र कम गुणस्तरीय हुने कुराले धेरैमा छुन थाल्यो ।

Mayo को अध्ययनको निष्कर्षको आधारमा मानव सम्बन्धको सिद्धान्तमा निम्न योगदान पुग्यो ।

१. कर्मचारीका कमीकमजोरी पत्ता लगाई समन्वय र प्रेरणा प्रदान गर्नुपर्छ ।

२. योग्यता अनुसार नेतृत्व विकास गर्नुपर्छ ।

३. सांगठनिक क्रियाकलापमा सबैलाई सहभागी गराउनु पर्छ ।

४. कर्मचारीका दक्षता बढाउन आवश्यक पहल गर्नुपर्छ ।

५. दोहोरो र वास्तविक सञ्चार प्रणाली स्थापना गर्नुपर्छ ।

६. मानिसलाई दया, माया, ममता, स्नेह, सम्मान र सत्कार आवश्यक हुन्छ ।

७. कार्य दक्षता बढाउन सामाजिक दक्षता बढाउनु पर्छ ।

८. औपचारिक र अनौपचारिक सबै खाले सङ्गठनलाई महत्व दिनुपर्छ ।

९. उत्पादकत्व भन्ने कुरा प्राविधिक पक्ष मात्र नभई सामाजिक पक्ष पनि हो ।

( उद्धृत-कोइराला र श्रेष्ठ, २०६२) ।

मानव सम्बन्ध सिद्धान्तले मानिसलाई सङ्गठनको अन्य वस्तु वा कुनै सम्पत्ति वा मेशिनको रूपमा लिइनु हुँदैन, मानिसलाई मानिस जस्तो व्यवहार गर्नुपर्छ भन्ने कुरालाई जोड दिएको छ । मानिस चेतनशील प्राणी भएकोले उसलाई मानवीय व्यवहार आवश्यक हुन्छ । सङ्गठनमा सबै मिलेर उद्देश्य पूरा गर्नु छ, भने एकले अर्कोलाई

चिनेर व्यवहार गर्नुपर्दछ । जति धेरै मानवीय सम्बन्ध स्थापना गर्न सक्यो, त्यत्ति नै राम्रो सम्बन्ध कायम भई काममा स्तरीयता एवम् प्रभावकारिता हाँसिल गर्न सकिन्छ भन्ने मानव सम्बन्ध सिद्धान्तको सार हो ।

मानव सम्बन्ध सिद्धान्तले मानव सम्बन्धमा जोड दिँदै मानिसहरूको मनोवैज्ञानिक, व्यक्तिगत व्यवहार, आपसी अन्तरसम्बन्ध, व्यक्तिगत गुणहरू, नेतृत्व अनुयायी तथा यिनलाई प्रभाव पार्ने सबै मानवीय तत्वहरूको अध्ययनमा जोड दिएको देखिन्छ ।

### २.१.२ संरचनात्मक कार्यवाद/प्रणाली सिद्धान्त (Structural functionalism or system theory)

शिक्षाको समाजशास्त्रका सिद्धान्तमा सबैभन्दा पहिलो वा सबैभन्दा पुरानो सिद्धान्तलाई संरचनात्मक कार्यवादी/प्रणाली सिद्धान्त (Structural functionalism or system theory) भनिन्छ । यस सिद्धान्तका प्रतिपादक अगस्ते कम्ते (Augeste Comte) हुन् । उनका अनुसार समाजका विभिन्न कार्यहरू एक आपसमा अन्तरसम्बन्धित र अन्तरनिर्भर हुन्छन् । त्यसैले व्यवस्थापनका विभिन्न तत्वहरू पनि एक आपसमा अन्तरसम्बन्धित र अन्तरनिर्भर हुन्छन् । यस सिद्धान्तले समाजलाई निश्चित रूपको मान्छ र त्यही निश्चित रूपका आधारमा सामाजिक क्रियाकलाप हुने कुरामा विश्वास गर्दछ ।

समाज विभिन्न वातावरणमा रहेको हुन्छ । उदाहरणका लागि कुनै समाज पहाड, मधेस, गर्मी, जाडो वा औधोगिक, शहरी वा गाउँले पद्धतिमा रहेको हुन्छ । त्यस समाजका आ-आफ्नै प्रकारका रीतिरिवाज,संस्कार, सँस्कृति र मान्यताहरू रहेका हुन्छन् । समाजका यस्ता कुराहरूलाई समाजको System भनिन्छ र त्यही System का आधारमा समाजिक गतिविधि वा कार्यहरू हुने गर्दछन् । समाजका यस्ता कार्यहरूमा आधारित सिद्धान्त भएकोले यसलाई कार्यवादी सिद्धान्त वा पद्धति सिद्धान्त (Functionalism theory or system theory) भनिएको हो ।

जसरी मानिसका क्रियाकलापहरूको सञ्चालनका लागि मानिस क्रियाशील हुनुपर्छ, त्यसरी नै सामाजिक क्रियाकलाप सञ्चालनका लागि पनि समाजको System क्रियाशील हुनुपर्छ । उदाहरणका लागि मानिस जिवित र क्रियाशील हुनका लागि मानवीय शरीरको मुटु, कलेजो, फोक्सो क्रियाशील भई निश्चित रूपमा रक्त सञ्चार क्रिया भई मानिस स्वस्थ्य हुनु पर्दछ । त्यसरी नै समाज जिवित र क्रियाशील रहनका लागि सामाजिक सँस्कृति, मूल्य र मान्यताहरू System का रूपमा चल्नु पर्दछ । सबै समाजको वातावरण एकै प्रकारको नहुन सक्छ र एउटा वातावरणको System अर्को वातावरणमा लागू नहुन सक्छ । अतः अलग अलग समाज अलग अलग System बाट सञ्चालित हुन्छ (शर्मा,२०६१) ।

प्रत्येक प्रणालीको एक निश्चित लक्ष्य हुन्छ । यी लक्ष्यहरू हासिल गर्न निश्चित लगानी गर्नुपर्दछ । यी लगानीहरू मानव श्रम, पूँजी, व्यवस्थापन अथवा प्रविधि हुन सक्दछन् । प्रणालीलाई निश्चित लक्ष्यसम्म पुऱ्याउन निश्चित कार्यान्वयन प्रक्रिया अवलम्वन गर्नुपर्दछ । व्यवस्थापनको धारणाअनुसार कार्यान्वयन प्रक्रिया अर्न्तगत योजना, व्यवस्था, जनशक्ति, नेतृत्व, नियन्त्रण आदिको कार्यान्वयन पर्दछ र यसको उत्पादनको रुपमा प्रमुख उत्पादनहरू, सेवा, सन्तुष्टि, लक्ष्यको प्राप्ति, लाभ आदि पर्दछन् । कुनै पनि प्रणालीलाई यसको बाह्य वातावरणले प्रत्यक्ष रुपमा प्रभावित गरीरहेको हुन्छ । बाह्य वातावरणअन्तर्गत अवसर, वाधाहरू तथा अन्य प्रभाव पार्ने तत्वहरू पर्दछन् । उत्पादनको गुणस्तरले लगानीको सुधारको लागि आवश्यक पृष्ठपोषण पनि प्रदान गर्दछ । विद्यालय एउटा सामाजिक संस्था हो । समाजको System ले यसलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ र विद्यालय पनि एउटा निश्चित System का आधारमा सञ्चालन भएको हुन्छ । यस सिद्धान्तलाई शैक्षिक लगानी (Input), प्रक्रिया (Process), प्रतिफल (Output) जस्ता ३ वटा आधारभूत तत्वहरूसँग आवद्ध गरीएको छ।

विद्यालय एउटा सङ्गठन हो । जहाँ लगानी (Input), को रूपमा मानवीय तथा भैतिक साधनहरू हुन्छ , प्रक्रिया (Process), को रूपमा गुणस्तरीय शिक्षण अभ्यास र प्रतिफल (Product/Output) को रूपमा स्तरीय परिणाम वा उत्पादनलाई लिइन्छ । त्यसैले विद्यालयमा लगानी मात्र गरेर हुँदैन त्यसको कार्यान्वयन प्रक्रिया प्रभावकारी रूपमा भयो भने मात्र उत्पादन/परिणाम पनि प्रभावकारी र स्तरीय हुन्छ ।

### २.१.३ साङ्केतिक अन्तर्क्रिया सिद्धान्त (Symbolic Interaction Theory)

जोन डिवेको यस सिद्धान्तले मानवीय व्यवहारको अध्ययन गर्दछ । यस सिद्धान्तले परिस्थिति, भूमिका र आत्मप्रतिविम्बको आधारमा व्यक्तिलाई र सामाजिक क्रियाकलापलाई परिभाषित गर्दछ । यस सिद्धान्तलाई व्यक्तिको दृष्टिकोण र Phenomenology का आधारमा सामाजिक वास्तविकताको व्याख्या गर्ने सिद्धान्तका रूपमा मानिन्छ । त्यसैले मानवीय व्यवहारको भित्रि वा Phenomenological पक्षसँग साङ्केतिक अन्तर्क्रियाको सिद्धान्त सम्बन्धित छ ।

साङ्केतिक अन्तर्क्रियाको सिद्धान्त पूर्ण रूपमा चार्ल्स हर्टेन कुलीको Self Image र Looking glass self सिद्धान्तहरूमा आधारित छ । कुलीका विचारमा निश्चित र नियमित रूपमा जब मानिसले अरूसंग सञ्चारका माध्यमहरूद्वारा अन्तर्क्रिया गर्दछ, आत्मप्रतिविम्ब प्राप्त हुन्छ । उदाहरणका लागि जब बाल्यावस्थामा व्यक्तिले आमाबाबु, साथीभाइ, शिक्षकहरू, नातेदारहरू, छिमेकीहरू, धार्मिक नेताहरू र अन्य व्यक्तिहरूसँग सञ्चार गर्दछ, अन्तर्क्रिया गर्दछ र व्यक्तिमा आत्मप्रतिविम्ब प्राप्त हुन्छ । यही आत्मप्रतिविम्बका आधारमा सामाजिक क्रियाकलापको व्याख्या गर्ने सिद्धान्तलाई साङ्केतिक अन्तर्क्रिया सिद्धान्त भनिन्छ ।

यसै अवधारणालाई चार्ल्स कुलीले Looking glass self भनेका छन् । उनका अनुसार मानिसले सामाजिक परिस्थितिमा समायोजन हुनका लागि आफ्नो प्रतिविम्ब आफैंले बनाउँछ । यस्तो प्रतिविम्ब निर्माण गर्दा व्यक्तिले आमाबुवा, घरपरिवार, समाज, साथीभाइ लगायत अन्तर्क्रियामा आएका विभिन्न व्यक्तिहरूसँग गरेको व्यवहार, सञ्चार तथा क्रियाकलापहरूबाट प्राप्त गर्ने गर्दछ । र त्यहि प्रतिविम्बका आधारमा सामाजिक क्रियाकलाप वा सामाजिक व्यवहार गर्दछ । अर्थात् अन्तर्क्रियाका क्रममा हुने शब्दहरू, इशारा, हाउभाउ वा संकेत चिन्हको माध्यमबाट मानिसले आफ्नो तरिकाले बुझ्न वा ज्ञान आर्जन गर्न सक्छन् । र त्यसलाई व्यवहारमा उर्तान सक्छन् ।

## २.२ सम्वन्धित साहित्यको पुनरावलोकन (Review of the related Literature)

अधिकारी, किसानप्रसाद (२०६२), ले दोलखा जिल्लाको शारिरीक अपाङ्गहरूको शिक्षा तथा रोजगार व्यवस्थापन सम्बन्धमा शोध पत्र तयार गरेका छन् । शोधकर्ताले अध्ययनको उद्देश्यमा दोलखा जिल्लाका शारीरिक अपाङ्गहरूको शिक्षा तथा रोजगारमा पहुँचको स्थिति, उनीहरूका लागि उपलब्ध अवसरहरू, उनीहरूले शिक्षा तथा रोजगारका लागि सामना गर्नुपरेका समस्याहरूको पहिचान गर्ने साथै त्यसको व्यवस्थापनमा सुधार ल्याउने उपायहरू पत्ता लगाउने जस्ता उद्देश्य राखी अध्ययनको निष्कर्षमा अपाङ्गहरूको सङ्ख्या अत्याधिक भएपनि सम्पूर्ण जिल्लाको सर्वेक्षण हुन बाँकी रहेको र शारिरीक अपाङ्गहरूमध्ये ज्यादै न्यून सङ्ख्याले मात्र शिक्षा तथा रोजगारको अवसर पाएको निष्कर्ष निकालेका छन् ।

जिल्लाका १९ वटा गा.वि.स का अपाङ्गहरूको मात्र अवस्थाको जानकारी अपाङ्ग सङ्घलाई छ भने बाँकी ३२ वटा गा.वि.स का अपाङ्गहरूको बारेमा जानकारी हुन बाँकी नै रहेको र त्यस जिल्लाको जिल्ला सदरमुकामको आसपास बाहेक अन्यत्र भने अपाङ्ग बालबालिकाका लागि शिक्षा दिलाउने साथै रोजगारीमा प्राथमिकता दिने, 'अपाङ्गलाई दया होइन अवसरको कमी हो' भन्ने भावनाको विकास र चेतना पर्य्पात मात्रामा नभएको समेत निष्कर्ष निकालेका छन् ।

अपाङ्गहरूलाई साधारण विद्यालयमा आकर्षित गर्न छात्रवृत्ति, निःशुल्क शैक्षिक सामग्री, खाजा तथा अन्य सहयोग गर्नुपर्ने आवश्यकता औंल्याउँदै सम्पूर्ण अपाङ्गहरूका लागि सजिलैसंग रोजगारी प्राप्त गर्नका लागि प्राविधिक शिक्षा, सीपमूलक तालिम दिलाई आत्मनिर्भर, उत्पादनशील र दैनिक जिविकोपार्जन गर्न सक्ने सक्षम नागरीक बनाउनु पर्ने सुझाव दिएका छन् ।

यूनेस्को (२०६३), समाहित शिक्षा र बालमैत्रि विद्यालयमा 'बहिरा एवम् सुस्तश्रवण बालबालिकालाई सहयोग' शीर्षकमा बहिरा बालबालिकासँग सम्वाद गर्दा पूर्णतः साङ्केतिक भाषा र पूर्ण सञ्चार विधिको प्रयोग गर्नुपर्ने भएकाले बहिरा बालबालिकालाई शिक्षण गर्न आफ्नै विद्यालयका शिक्षकहरूलाई तालिमको व्यवस्थाका साथै अन्य व्यवस्थापन पक्षमा ध्यान पुऱ्याउनु पर्ने कुरा उल्लेख छ भने, सुस्तश्रवण बालबालिकाको श्रवण क्षमता केही गुमेको भएतापनि केही बाँकी रहेको हुन्छ । यस्ता

सुनाइमा कठिनाइ भएका बालबालिकालाई शिक्षण गर्दा शिक्षकको अनुहार एवम् बोल्दा ओठ चालेको देख्न सक्ने ठाउँमा बसाइ व्यवस्थापन गर्ने, अघिल्लो बेञ्चको बीचमा बसाइको व्यवस्था मिलाउने र शिक्षण सिकाइ क्रियाकलापमा समूह-समूह बनाई जिम्मेवारी प्रदान गर्ने जस्ता कार्यहरू गर्नुपर्ने उल्लेख छ ।

सि.वि.आर. मोरङ (२००७), जिल्ला कै सर्वेक्षण प्रतिवेदन प्रकाशित गरेको छ । जसले अपाङ्गताको वास्तविक सङ्ख्या (जिल्ला र गा.वि.स स्तरमा) पत्ता लगाउने, लिङ्ग, उमेर समूह, अपाङ्गताको प्रकार, शिक्षाको अवस्था पत्ता लगाउने, अपाङ्गताको कारण र पुनर्स्थापनाको अवस्था, अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक तथा सामाजिक क्रियाकलाप र अन्य अवस्था पत्ता लगाउने, अपाङ्गता सम्बन्धी जनचेतनाको स्तर मापन गर्ने र अपाङ्ग मैत्री वातावरणको अवस्था पत्ता लगाउने जस्ता उद्देश्य राखी व्यक्तिको पूर्ण गणनाबाट सर्वेक्षण गरेको छ ।

उक्त सर्वेक्षणले अपाङ्गता सम्बन्धी जनचेतनाको स्तर मापन गर्नुका साथै स्वयम् अपाङ्गता भएका व्यक्तिहरूको मनोवल कस्तो रहेको छ भन्ने समेत पत्ता लगाएको छ । यसका लागि तीनवटा प्रश्नावली मार्फत धारणा सङ्कलन गरेको छ । अपाङ्गता भएकाहरूप्रति समाजको धारणा सम्बन्धमा अपाङ्गता भएका व्यक्तिहरू प्रति समाज तथा छरछिमेकले कस्तो व्यवहार गर्छन् भन्ने सवाल राखेको छ । जसमा ३९.४२ प्रतिशतले धेरै राम्रो, ४८.७४ प्रतिशतले राम्रो, ११.१२ प्रतिशतले ठीकै र ०.७२ प्रतिशतले नराम्रो रहेको बताए बाट समाजमा अपाङ्गता भएका व्यक्तिहरू रहेको घरप्रति नराम्रो सोच हुन्छ भन्ने धारणा कम हुँदै गएको देखाएको छ । समाजको धारणा राम्रो र धेरै राम्रोको योग ८८ प्रतिशत रहेको छ । यसको अर्थ अपाङ्गता भएका व्यक्तिहरू समाजमा घुलमिल हुन चाहान्छन् भन्ने लगाएको छ ।

अपाङ्गता भएकाहरूप्रति परिवारको धारणा सङ्कलन गर्दा परिवारले नराम्रो व्यवहार गर्छन् भन्नेमा १.६८ प्रतिशत, ठीकै भन्नेमा २६.०९ प्रतिशत, राम्रो भन्नेमा ५४.१ प्रतिशत र धेरै राम्रो भन्नेमा १८.१४ प्रतिशत देखिएको छ । यसले राम्रो र धेरै राम्रोको योग ७२.२४ प्रतिशत रहेको छ । यस सर्वेक्षणले परिवारमा अपाङ्गता भएका व्यक्तिहरू प्रति राम्रो व्यवहार गर्न थालिएको देखाएको छ । २६.०९ प्रतिशतले दिएको

ठिकै भन्ने जवाफलाई राम्रोको रेखा भन्दा माथि पुऱ्याउनु परिवारको चुनौति रहेको देखाएको छ ।

डि.एच.आर.सी.नेपाल (२००६), अपाङ्गता भएका व्यत्तिहरूको अधिकार सम्बन्धी महासन्धी र स्वेच्छिक प्रोटोकलले अपाङ्गहरूका अधिकारहरूको क्षेत्रलाई ५० वटा धारामा सीमित गरेको छ । यस महासन्धिले राज्य सरकारले प्रतिवद्धता व्यक्त गरेका अधिकार तथा मानव अधिकार सम्बन्धी दस्तावेजहरूलाई पालना गराउनु जिम्मेवारी र उत्तरदायी बनाउन सहयोग पुऱ्याउने विश्वास गरीएको छ । यस महासन्धीको मुख्य उद्देश्य अपाङ्गता भएका सबै व्यक्तिहरूद्वारा हुने सम्पूर्ण मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको पूर्ण र समान उपभोग, प्रवर्द्धन र संरक्षण एवम् सुनिश्चित गर्नु तथा उनीहरूको नैसर्गिक मर्यादा सम्मानक प्रवर्द्धन गर्नु रहेको छ । यस महासन्धीका सामान्य सिद्धान्तहरूमा वैयक्तिक स्वायत्तता तथा व्यक्तिगत स्वतन्त्रताको सम्मान, गैर भेदभाव, समाजमा पूर्ण र प्रभावकारी सहभागिता तथा समावेशीकरण, अवसरहरूमा समानता, पहुँचयोग्यता, पुरुष र महिला अपाङ्गता बीच समानता रहेका छन् ।

प्लान नेपाल (२०६५), अपाङ्गता मैत्री वातावरणका अवरोध न्यूनिकरण निर्देशन पुस्तिकाले अपाङ्गता मैत्री वातावरणको आवश्यकता, अपाङ्गताको वर्तमान स्थिति, अपाङ्गता मैत्री वातावरणका अवरोधहरू, अपाङ्गता मैत्री वातावरणका लागि मार्ग दर्शनहरू र भावी सोचका सम्बन्धमा निर्देशन गरेको छ ।

उक्त निर्देशिकाले अपाङ्गताका विविध क्षेत्रका अवरोधहरूलाई औंल्याएको छ । जसमध्ये बहिरा तथा सुस्तश्रवणहरूको शैक्षिक अवरोधहरू यस प्रकार उल्लेख गरेको छ ।

१. बहिरा संस्कार सस्कृति अनूकूलको शिक्षा दिने विद्यालयको अभाव हुनु ।
२. बहिराहरूका लागि उपयुक्त शैक्षिक सामग्रीको अभाव हुनु ।
३. बहिराहरूलाई पढाउनु पर्छ भन्ने परिवारलाई ज्ञान, चेतना नहुनु ।
४. निः शुल्क शिक्षाको व्यवस्था नहुनु ।
५. बहिराहरूलाई समावेशीकरण गर्न आवश्यक सहयोगी सेवाहरू (Support

services) पर्याप्त मात्रामा उपलब्ध नहुनु ।

६. बहिराहरूका लागि सबै ठाँउमा निः शुल्क छात्रावासको व्यवस्था नहुनु ।

७. बहिराहरूको स्पष्ट पहिचान गर्ने केन्द्रको विकास नहुनु ।

८. बहिरा शिक्षाका लागि बहिरा संस्कृति अनुसारको पाठ्यक्रमको विकास नहुनु ।

९. बहिराहरूलाई दोभासे सेवा सहितको परीक्षा प्रणाली नहुनु ।

१०. बहिरा बालकका लागि साङ्केतिक भाषामा निपूर्ण शिक्षक (बहिरा वा सुन्ने) नहुनु ।

११. बहिरा बालकहरू प्रायः आर्थिक रूपमा कमजोर हुनु ।

१२. साङ्केतिक भाषाको माध्यमबाट पठन पाठन नहुनु ।

१३. शिक्षकमा बहिरा सम्बन्धी चेतना संवेदनशीलताको अभाव हुनु ।

१४. बहिराहरूको व्यवहारसँग परिचित र नेपाली साङ्केतिक भाषा अनुभव प्राप्त शिक्षकको अभाव हुनु ।

१५. बहिरा शिक्षा अनुकुल शिक्षक तयार गर्न उपयुक्त तालिमको व्यवस्था नहुनु ।

१६. योग्य बहिराहरूलाई शिक्षकका रूपमा समावेश नगरीनु ।

१७. बहिराहरूको उच्च शिक्षाका लागि राज्यले स्पष्ट सोच नबनाउनु ।

१८. अभिभावक तथा बहिरा सङ्घठनहरूलाई शिक्षा प्रणालीको नीति निर्माण तहमा संलग्न नगराउनु ।

१९. शैक्षिक सामग्री, चित्रको माध्यमबाट अध्यापन गराउँदा समय अपुग हुनु ।

२०. बहिरा बालबालिकाका लागि सुनाइ बोलाइ वा अध्ययन विधि व्यावहारिक नहुनु ।

२१. बहिरा तथा सुस्तश्रवणहरूका लागि सहयागी स्रोत कक्षाको व्यवस्था नहुनु ।

२२. बहिरा- बहिराबीच विवाह भएर जन्मिएको बच्चालाई बहिरा वा सुन्ने जो भएपनि सरकारबाट निः शुल्क शिक्षाको व्यवस्था नहुनु ।

२३. विशेष शिक्षा सञ्चालनका लागि स्थानीय बहिरा सङ्घलाई जिम्मेवारी नदिइनु ।

२४. स्वावलम्बी भविष्य बारेमा विद्यालयमा नै आवश्यक पढाइ, ज्ञान वा सीप नदिइनु ।

२५. बहिरा सम्बन्धी शैक्षिक नीति नियमको अभाव हुनु ।

२६. व्यवसायिक शिक्षा, तालिम केन्द्र वा प्राविधिक शिक्षाको अभाव हुनु ।

अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ ले अपाङ्गता भएका व्यक्तिहरूको हक, हित, शिक्षा, स्वास्थ्य, तालिम, औषधि उपचार तथा रोजगारी सुविधा, सहुलियत प्रशासनिक व्यवस्था नीति तथा कार्यक्रमको योजना प्रक्रिया आदि व्यवस्थाहरू गर्न सकिनेछ भनी उल्लेख गरेको छ ।

आधारभूत तथा प्राथमिक शिक्षा गुरुयोजना (१९९७-२००२), ले 'Special Needs Education' शीर्षकमा 'Inclusive Schools' को धारणालाई जोड दिएको छ र पहिलो गुरुयोजना (१९९१-९७)का कमीकमजोरीहरूलाई औँल्याएको छ । यसमा नीति कार्यान्वयन, अनुसन्धान तथा तालिम, शिक्षक प्रशिक्षक र पाठ्यक्रम अनुगमन र सुपरीवेक्षण सम्वन्धमा थुप्रै सिफारिसहरू गरीएको छ । पाठ्यक्रमका सम्वन्धमा भनिएको छ -"विशेष शिक्षा सम्वन्धी पाठ्यसामग्रीलाई साधारण शिक्षक प्रशिक्षकका प्रत्येक तहका पाठ्यक्रममा समावेश गरीनुपर्छ, ताकी साधारण विद्यालयका शिक्षकहरूले पनि सामान्य र अपाङ्गहरूलाई पढाउन सकून् । विशेष शिक्षाको तत्वहरूमा अनौपचारिक व्यवसायिक शिक्षा दुवै हुनुपर्छ ।" यसमा भनिएको छ -"प्रत्येक तहको पाठ्यक्रममा अपाङ्गता रोकथाम गर्ने र अपाङ्गहरूले बेहोरिरहेका चुनौतिहरूका बारेमा जानकारी राखिनुपर्दछ । साथै अपाङ्गहरूमा रहेको उर्जा सम्वन्धी जानकारीलाई जोड दिनुपर्छ ।"

अपाङ्ग संरक्षण तथा कल्याण नियमावली २०५१ यस नियमावलीले अपाङ्गता भएका व्यक्तिहरूको लागत राख्ने, परिचयपत्र प्रदान गर्ने, अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्ग घरको स्थापना तथा सञ्चालनमा सरकारले सहयोग उपलव्ध गराउने, शिक्षा, तालिम, स्वास्थ्य उपचार र प्राथमिक उपचारको व्यवस्था, आयकर छुट र अपाङ्ग सेवा कोष तथा सरकारी, कानुनी सुविधाका व्यवस्थाहरू गरेको छ।

अपाङ्ग संरक्षण तथा कल्याण नियमावली (२०५१) ले अपाङ्गहरूको शिक्षा तथा तालिमको व्यवस्था गरेको छ । यस नियमावलीमा अपाङ्गता निर्धारण समिति गठन गर्ने, अपाङ्गहरूको लागत राख्ने, परिचय पत्र प्रदान गर्ने, अपाङ्गहरूको कार्यभारमा प्राथमिकता दिनुपर्ने, आयकर छुट दिइने, अपाङ्ग सेवा कोषको व्यवस्था

गर्ने जस्ता कुरामा जोड दिइएको छ । यसका अतिरिक्त यस नियमावलीमा निम्न कुराहरू उल्लेख गरीएको छः

१. कुनै गैर-सरकारी वा निजी स्तरमा सञ्चालित संस्थालाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

२. मन्त्रालयले अपाङ्गका लागि बढीमा दुईजना सन्ततीलाई कुनै निश्चित स्तरसम्मको निः शुल्क शिक्षाको व्यवस्था गर्नेछ ।

३. मन्त्रालयले अपाङ्गको प्रकृति र प्रकारअनुसार त्यस्ता अपाङ्गहरू शिक्षा दिनका लागि नेपाल अधिराज्य भित्र आवश्यक संस्थामा विशेष शिक्षा दिने विद्यालयको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

४. उप नियम (३) बमोजिम स्थापना भएका विद्यालयको सञ्चालन र त्यस्ता विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको पारिश्रमिक सेवको सर्त तथा सुविधा शिक्षा नियमावली २०४९ मा उललेख भए बमोजिम हुनेछ ।

५. श्री ५ को सरकार र श्री ५ को सरकारको पूर्ण वा अधिकांश स्वामित्वमा रहेका कुनै सङ्गठित संस्थाले प्रदान गर्ने प्रविधि तथा व्यवसायिक तालिम अपाङ्गहरूका निमित्त उपयोगी हुने भएमा त्यस्ता तालिममा उनीहरूका लागि पाँच प्रतिशत स्थान सुरक्षित गरीनेछ । यस किसिमका तालिममा अपाङ्गहरूसँग कुनै किसिमको शुल्क लिइने छैन ।

अपाङ्ग सेवा राष्ट्रिय नीति २०५३ मा अपाङ्गता भएका व्यक्तिहरूको रोजगारको सवालमा सरकारी तहमा ५ प्रतिशतमा नघटाई योग्यता र क्षमताको आधारमा रोजगार दिने व्यवस्था गरीएको छ । उक्त नीतिमा गैरसरकारी तथा नीजि क्षेत्रमा पनि रोजगारका लागि आरक्षणको व्यवस्था गर्ने भनी उल्लेख गरिएको छ । यसका साथै अपाङ्गको लगत, हित र संरक्षण, शिक्षा, तालिम, स्वास्थ्य, सुविधा र सहुलियत, खेलकुद तथा मनोरञ्जन, अपाङ्गका लागि कोष, अपाङ्ग घर, कानुनी व्यवस्था र सुविधा साथै जनचेतना आदिको व्यवस्था गरिएको छ ।

दशौँ पञ्चवर्षीय योजना (२०५९-२०६४) ले अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, तालिम, स्वास्थ्य, रोजगारी, नीति नियम आदिमा सेवा सुविधा र अवसरहरूबारे स्पष्ट रुपमा उल्लेख गरेको पाइन्छ ।

तीन वर्षीय अन्तरिम योजना (२०६४/६५-०६६/०६७) मा पनि नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धन गर्न कानुनी र संस्थागत व्यवस्थाका साथै शिक्षा, स्वास्थ्य लगायतका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने साथै उनीहरूको अधिकार सुनिश्चिततताका लागि थप प्रयास गर्नु पर्ने आवश्यकतालाई दृष्टिगत गरी विशेष कार्यहरू गर्ने व्यवस्था गरेको छ ।

अपाङ्ग भएका व्यक्तिहरूका निम्ति समानीकरण सम्वन्धी संयुक्त राष्ट्र सङ्घीय प्रमाणिक नियम १९९३, विवाको सहस्राब्दी कार्ययोजना र एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको दशक १९९३-२००२ ले अपाङ्गता भएका व्यक्तिहरूका निम्ति निरन्तर कार्य गर्न ध्यानाकर्षण गरे अनुरुप नेपाल सरकारले उनीहरूको अधिकार प्रर्वद्धन गर्न कानुनी र संस्थागत व्यवस्थाका साथै शिक्षा स्वास्थ्य लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको भए तापनि उनीहरूको अधिकार सुनिश्चितका लागि थप प्रयास गर्नुपर्ने आवश्यकतालाई दृष्टिगत गरी निम्न प्रमुख कार्यहरू गर्ने व्यवस्था गरेको छ ।

क) नीति तथा कानुनमा परिमार्जन र संस्थागत प्रावधानको विकास तथा सुद्धृढिकरण गर्ने ।

ख) अपाङ्गता भएका व्यक्तिहरूको डाटाबेश (Data Base) तयार गर्ने ।

ग) विभिन्न रोजगारमूलक तालिमको व्यवस्था गर्ने ।

घ) अपाङ्ग सशक्तिकरण तथा विकासमा प्रत्यक्ष रुपमा सम्लग्न for/of organization लाई क्षमता विकास तथा सुद्धढिकरण कार्यक्रमका लागि सहयोग गर्ने ।

ङ) वंशाणुगत समस्या सम्वन्धी परामर्श कार्यक्रम सञ्चालन गर्ने संस्थालाई सहयोग प्रदान गर्ने ।

च) क्षेत्रीय नमुना स्रोत र सशक्तिकरण केन्द्रको व्यवस्था गर्ने तथा सम्वन्धित पुनःर्स्थापना सेवामा पहुँच बढाउन समन्वय गर्ने ।

छ) विशेष खेलकुद आयोजनाका लागि राष्ट्रिय खेलकुद परिषदलाई सहयोग प्रदान गर्ने ।

ज) अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच बढाउन उनीहरूका अभिभावकलाई स्रोत तथा सशक्तिकरण केन्द्र मार्फत परामर्श सेवा प्रदान गर्ने, सामाजिक उत्प्रेरकलाई तालिम दिने र परामर्श पुस्तिका प्रकाशन गर्ने । (३ वर्षीय अन्तरिम संविधान २०६४/६५-२०६६/६७).

राष्ट्रिय शिक्षा आयोग २०४९ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ को सुझाव कार्यान्वयन सम्वन्धी कार्य योजना (शिक्षा आयोग प्रतिवेदनको कार्य योजना निर्माण समिति (२०५६) मा हालको माध्यमिक तहसम्म पाठ्यक्रममा अपाङ्गहरूलाई समेत हुने गरी परिमार्जित तथा समायोजन गर्ने, त्यसका लागि पाठ्यक्रम तर्जुमा गर्ने विषयमा विशेष शिक्षाका विज्ञ तथा शिक्षकहरूलाई प्रतिनिधित्व गराउने र आवश्यक सन्दर्भ सामग्री समेत तयार गर्ने र यस सिलसिलामा विशेष शिक्षा परिषदको सचिवालय स्थापना गरी सो अन्तर्गतको प्राविधिक समितिलाई यो कामको जिम्मा दिने र कार्यान्वयन गर्ने निकायमा शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग तथा पाठ्यक्रम विकास केन्द्र रहेका छन् भनी उल्लेख गरीएको छ ।

विशेष शिक्षा २०६० Inclusive Education भन्ने शीर्षकमा भनिएको छ, - "शिक्षालाई एकीकृत रुपमा प्रयोग गरेर त्यसलाई सामाजिक प्रकृतिको रुपमा विकास गर्नुपर्छ । त्यसमा स्पेनको उदाहरण दिँदै तीनवटा प्रश्नको उत्तर खोज्ने प्रयास गरीएको छ । कसरी प्रजातान्त्रिक शिक्षालाई अगाडि बढाउन सकिन्छ ? के विद्यालयमा एकिकृत शिक्षाको अध्ययनको त्यो समाज बौद्धिक समुदायको रुपमा विकसित हुन सक्छ ? के विद्यालयमा आधारित एकिकृत शिक्षाले समुदायमा परिवर्तन ल्याउन सक्छ ? यी सबै कुराका लागि कानुनी समानता लगानी व्यवस्था र शिक्षकहरूलाई बालबालिकाको एकीकृत स्वरुपका लागि उत्तरदायी बनाउन तालिमको व्यवस्था जरुरी छ भनिएको छ।"

सृजना, २०६० मा उल्लेखित अपाङ्ग सेवा राष्ट्रिय कार्य योजनामा विषयगत विवरणका रुपमा अपाङ्गहरूको जानकारी दिइएको देखिन्छ । दीर्घकालीन उद्देश्यका रुपमा “अपाङ्गता भएका व्यक्तिहरूको जीवन सहज र सम्मानित हुने वातावरण सृजना गर्दै राष्ट्र विकासको मूल प्रवाहमा समाहित गर्ने  र रणनीतिमाः “नीतिगत व्यवस्था (कानुनी व्यवस्था समेत) सम्वद्ध संस्थाहरू (सरकारी, गैर सरकारी) बीच समन्वय, तालिम पुनर्स्थापन समान अवसरको व्यवस्था गर्ने (सृजना २०६०, पृष्ठ २०) ।” भनिएको छ । यस कार्य योजनामा उपयुक्त दीर्घकालिन उद्देश्य र रणनीति साथै ऐन नियम पुनर्स्थापन व्यवस्था, शिक्षा, स्वास्थ्य तालिम र रोजगारी, सुविधा र सहुलियत, निर्माणका मापदण्ड साथै विविध जस्ता शीर्षकमा विभिन्न कार्य योजनाको खाका दिइनुपर्छ भन्ने कुरा लेखेको छ ।

यसरी अध्ययनको सिलसिलामा अपाङ्ग सम्वन्धी विभिन्न ऐन नियम, नीतिगत कार्ययोजनाको खाका आदि सम्वन्धित विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइयो । तर अपाङ्गताको विस्तृत अध्ययन गरेको भने देख्न सकिएन । जनता सम्पन्न भए राष्ट्र सम्पन्न हुन्छ भन्ने उद्देश्यलाई आत्मसात गरी सबैले अशक्त तथा अपाङ्ग वर्गलाई राष्ट्रको मूल प्रवाहमा सङ्गठित गर्न र उनीहरूको हरेक क्षेत्रमा पहुँच पुऱ्याउने अवस्था सिर्जना गर्नुपर्ने हुन्छ । अतः यसबाट अपाङ्ग वर्ग पनि शिक्षा, स्वास्थ्य, रोजगार आदि जस्ता राष्ट्र निर्माणका सबै पक्षमा उत्साहजनक रुपमा सहभागी हुन पाउनु हामी सबैका लागि खुसिको कुरा हो । अपाङ्गता सम्वन्धी अनुसन्धान कार्यको नाममा हुने विभिन्न अनुसन्धानमा जोड दिन थालेको राष्ट्रिय सन्दर्भमा प्राज्ञिक अनुसन्धानको पक्षमा भने सबैको ध्यान गएको पाइदैन । माथिका अनुसन्धानात्मक नीति तथा कार्यनीति साथै जानकारीमूलक विभिन्न अपाङ्ग सम्वन्धी लेखहरूले कुनै पनि अपाङ्गता सम्वन्धी पूर्णताको जानकारी दिन सकेका छैनन् । उनीहरूको शिक्षामा पहुँच, प्रभाव अवसर, चुनौती, सुधारसम्बन्धी रणनीतिक उपायहरू जीवन निर्वाहको समस्या र स्वाभाविक परिवर्तनका सन्दर्भमा हलुका अध्ययनको खाका मात्र पाउन सकिन्छ । यसरी आम अशिक्षा र अस्पष्ट नीति, आर्थिक विपन्नता मनोवैज्ञानिक असक्षमता जस्ता पक्षहरू त्यागेर सम्पूर्ण अपाङ्ग साथै सवलाङ्ग नागरीकहरू राष्ट्रका लागि सङ्गठित हुनुपर्ने देखिन्छ ।

## २.३) अध्ययनको उपयोगिता (Implication of the Review)

माथि उल्लेख गरिएका सैद्धान्तिक पक्षले कुनै पनि कार्यक्रमका लागि मानव सम्वन्ध र व्यवस्थापन पक्ष सम्वन्धी प्रतिपादन गरेका सिद्धान्तहरूलाई प्रस्तुत गरेको छ । यस अनुसार कुनै संस्थाको कार्यक्रमको सफलताको लागि मानव सम्वन्ध र व्यवस्थापकिय पक्षले पार्ने प्रभावको चर्चा गरेको हुदाँ प्रस्तुत शोधमा बहिरा तथा सुस्तश्रवण कार्यक्रममा आवश्यक पर्ने मानव सम्वन्ध र त्यसको व्यवस्थापन पनि आवश्यक पर्दछ । त्यसकारण प्रस्तुत सिद्धान्त यो शोधको लागि उपयुक्त देखिन्छ । बहिरा तथा सुस्तश्रवण बालबालिकामा साङ्केतिक भाषाको माध्यमबाट शिक्षण सिकाइ कियाकलाप सञ्चालन हुने भएकोले यस शोधलाई सम्वन्धित साङ्केतिक अर्न्तक्रिया सिद्धान्तले मार्गनिर्देश गर्दछ ।

नेपालमा हाल सम्म भएका अपाङ्गता सम्वन्धी ऐन, नियमहरू कागजमा मात्र सीमित हुनु र साधन र स्रोतको कमि भई कार्यक्रम कार्यान्वयन नहुनु जिम्मेवार पक्ष हुन् । शिक्षा आयोग (२०४९) र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५) ले विशेषशिक्षा नीतिलाई अभिन्न अङ्ग माने तापनि अपाङ्ताका लागि किटानीका साथ शिक्षा तथा रोजगारी प्राप्त गराउने धारणाको कार्यान्वयन कमैमात्र भएको पाइन्छ । यसर्थ यसको सफलताका लागि सम्वन्धित पक्ष, नागरिक समाज, बुद्धिजीवि, शिक्षक र स्वयम् अपाङ्गहरूका बीच समय समयमा अन्तर्क्रिया , जनचेतनामूलक गोष्ठीहरू भइरहन आवश्यक छ । विशेषगरी बहिरा तथा सुस्तश्रवण सम्वन्धी भएका अध्ययन अनुसन्धानले प्रस्तुत विषयमा देखाएका अवस्था कमिकमजोरी, प्राप्ति, उपलव्धि, व्याख्या विश्लेषण, नीतिगत प्रयासहरू तथा सुझावहरू प्रस्तुत गरेको हुदाँ यस शोधलाई अगाडि बढाउन यस अध्ययनले थप सहयोग गर्नेछ । त्यसैले ती शोध तथा अध्ययन अनुसन्धानहरूले औँल्याउन नसकेका वा पुरा गर्न नसकेका पक्षहरूको अध्ययन गर्ने बाटो देखाउने प्रयास गरिएको छ ।

# परिच्छेद : तीन

## ३. अध्ययन विधि

अध्ययन तथा अनुसन्धान एउटा जटिल र महत्वपूर्ण कार्य हो । अध्ययन तथा अनुसन्धानबाट नै विषयबस्तुहरूको प्रभावकारिता र समस्याका विषयमा विस्तृत जानकारी लिन र निस्कर्षमा पुग्न सकिन्छ । मोरङ जिल्लाका बहिरा तथा सुस्तश्रवण बालबालिकाको शैक्षिक अवस्था कक्षाकोठा व्यवस्थापनको अवस्था, बहिरा तथा सुस्तश्रवण भएका बालबालिकालाई शैक्षिक क्षेत्रमा आइपरेका समस्याहरू तथा, ती समस्याहरूका समाधानका उपायहरू के के हुन सक्छन् ? आदिका बारेमा अध्ययन केन्द्रित गरिने भएकाले यस जिल्लामा सञ्चालित स्रोत विद्यालयहरूमा गई सम्वन्धित व्यक्तिहरूबाट विभिन्न सामग्रीहरूको माध्यमद्वारा प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ भने कतिपय तथ्याङ्क द्वितीय स्रोतबाट सङ्कलन गरिएकोछ ।

### ३.१) अनुसन्धानात्मक ढाँचा (Research Design)

यो अध्ययन, गुणात्मक (qualitative) र परिमाणात्मक (quantitative) दुवै ढाँचामा आधारित रहेको छ । प्रस्तुत अध्ययनमा छनोटमा परेका विद्यालयहरूमा गई अध्ययनको उद्देश्य प्राप्ति र वास्तविकता पत्ता लगाउन प्राप्त गरेका सूचनालाई व्याख्यात्मक ढङ्गले व्याख्या, विश्लेषण गरीएको छ ।

### ३.२) नमुना छनोटको आधार (Criteria of sample selection)

प्रस्तुत अध्ययनले मोरङ जिल्लाका बहिरा तथा सुस्तश्रवण भएका बालबालिकाको अध्ययन गर्दा जिल्लाका सबै क्षेत्र समेट्ने गरी मुख्य आधार लिइएको छ । यसका साथै त्यस्ता बालबालिका र ती बालबालिकासँग सम्वन्धित रहेका अभिभावक, शिक्षक, शिक्षण संस्था आदिलाई समेत समेट्ने गरी आधार बनाइएको छ । जिल्लाको प्रतिनिधित्व हुनेगरी नमुना छनोट गरिएको छ ।

## ३.३) तथ्याङ्क सङ्कलन प्रक्रिया (Data collection procedure)

### ३.३.१ जनसङ्ख्या (Population)

मोरङ जिल्लाका ५ वटा विद्यालयहरू (श्री जनता नमुना उ.मा.वि. विराटनगर, श्री सुकुना मा.वि. इन्द्रपुर, श्री पब्लिक मा.वि. बनिगामा, श्री महेन्द्र मा.वि. इटहरा र श्री श्री मा.वि. झुर्किया) मा बहिरा तथा सुस्तश्रवण भएका बालबालिकाका लागि स्रोतकक्षा सञ्चालन भएका छन् । ती पाँचवटा विद्यालयका शिक्षक, विद्यार्थी, प्र.अ., विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा पदाधिकारीहरू, अभिभावक, कर्मचारी, विशेष शिक्षा हेर्ने वि.नि., स्रोत व्यक्ति आदि सबै यस अध्ययनको जम्मा जनसङ्ख्या रहेको छ ।

### ३.३.२ नमुनाको आकार (Sample Size)

मोरङ जिल्लाका बहिरा तथा सुस्तश्रवण भएका बालबालिका अध्ययन गर्ने ५वटा विद्यालय मध्येबाट ३ वटा विद्यालय छनोट गरी अध्ययन गरीएको छ । ती तीनवटा विद्यालयका प्र.अ.१/१ जना, वि.व्य.स. अध्यक्ष १/१ जना, शिक्षक तथा स्रोत शिक्षकबाट गरी ३/३ जना, स्रोतव्यक्ति १/१ जना, विशेष शिक्षा हेर्ने वि.नि. १/१ जना, बहिरा विद्यार्थीहरू ४/४ जना (छात्र-छात्रा मिलाएर) गरी १२ जना, छानिएका विद्यार्थीका अभिभावक स्वतः जम्मा १२ जना छनोट गरियो । यसरी प्रत्येक विद्यालयबाट १५ जना जिम्मेवार पक्षहरू गरी कुल ४५ जना यस अध्ययनको नमुनाको आकार रहेको छ ।

अन्तर्वार्तामा सहभागीहरूको सङ्ख्यात्मक विवरण तल तालिकामा देखाइएको छ ।

तालिका ३.१ अन्तर्वार्तामा सहभागीहरूको सङ्ख्यात्मक विवरण

| क्रं.सं. | सहभागी व्यक्तिहरू | जनता नमुना उ.मा.वि. विराटनगर | सुकुना मा.वि. इन्द्रपुर | पब्लिक उ.मा.वि. वनिगामा | जम्मा |
|---|---|---|---|---|---|
| १ | प्र.अ. | १ | १ | १ | ३ |
| २ | वि.व्य.स अध्यक्ष | १ | १ | १ | ३ |
| ३ | स्रोतव्यक्ति | १ | १ | १ | ३ |
| ४ | वि.शि.हेर्ने वि.नि | १ | १ | १ | ३ |
| ५ | शिक्षक | ३ | ३ | ३ | ९ |
| ६ | बहिरा विद्यार्थी | ४ | ४ | ४ | १२ |
| ७ | अभिभावक | ४ | ४ | ४ | १२ |
| | जम्मा | १५ | १५ | १५ | ४५ |

सोतः- स्थलगत अध्ययन, २०६६ ।

## ३.३.३ नमुना छनोटको विधि (Sampling Method)

यस अध्ययनमा नमुनाको छनोट  चिट्ठा विधि (Random sampling) को आधारमा गरीएको छ । पाँचवटा विद्यालयको नाम पाँचवटै कागजका बराबरका टुक्रामा लेखी डल्लो पारेर पट्याई एउटा भाँडोमा हाली हल्लाएर आँखा चिम्लेर ३ वटा टुक्रा टिपेर हेर्दा जुन-जुन विद्यालय छनोटमा परे, ती तीनवटै विद्यालयका शिक्षक र विद्यार्थी छनोटमा पनि सोही विधिद्वारा छनोट गरियो । विद्यार्थी छनोट पछि अभिभावक छनोट स्वतः भए । विद्यार्थी छनोट गर्दा कुन कुन तहका छनोट गर्ने भन्ने कुरामा पनि आवश्यकता अनुसार चिट्ठा विधिकै आधारमा गरियो । चिट्ठा विधिबाट गरीएको अध्ययन नै बढी भरपर्दो र विश्वसनीय हुने ठहर गरीएको छ ।

### ३.३.४ अनुसन्धानका साधन (Research tools)

यस अध्ययनका निम्ति विभिन्न अवलोकन फाराम तयार गरी प्रत्यक्ष अवलोकन **(**Direct Observation**),** प्रश्नावली (Questionnaire), अन्तर्वाता (Interview), सामूहिक छलफल (Group Discussion) आदि सामग्रीहरूको प्रयोग गरी सम्पन्न गरियो ।

### ३.३.५ तथ्याङ्कका स्रोतहरू (Sources of Data)

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलनका लागि विशेष गरी दुई किसिमका स्रोतलाई प्रयोग गरिएकोछ ।

### क) प्राथमिक स्रोत (Primary Source)

अध्ययनका लागि तयार गरिने सामग्रीहरू प्रयोग गरी अध्ययनकर्ता स्वयम्ले विभिन्न अनुसन्धान सामग्रीको प्रयोग गरी सङ्कलन गरेको तथ्याङ्कलाई प्राथमिक तथ्याङ्कको रुपमा लिइएकोछ । जस अन्तर्गत अवलोकन, अन्तर्वार्ता तथा छलफलको माध्यमबाट विद्यालयको अवस्था तथा सेवा सुविधाहरू सर्वेक्षण गरियो । तथ्याङ्कको विश्लेषण गर्दा मुख्य आधार प्राथमिक तथ्याङ्कलाई मानिएको छ ।

### ख) सहायक स्रोत (Secondary Source)

प्राथमिक तथ्याङ्कले मात्र अध्ययन कार्य पूर्ण हुन नसक्ने हुँदा सहायक स्रोतहरूको पनि आवश्यकता पर्ने गर्दछ । तसर्थ यस अध्ययनको क्रममा विभिन्न सङ्घ संस्थाका प्रतिवेदनहरू, प्रकाशित पत्रपत्रिकाहरू, विभिन्न विद्वान्हरूका भनाइहरू, ऐन कानुनका सम्वन्धित अंशहरू सङ्कलन गरी अध्ययनलाई पूर्ण बनाउने प्रयास गरीएको छ ।

### ३.३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया (Data analysis procedure)

अध्ययन अनुसन्धानको गहन एवम् महत्वपूर्ण अंगको रुपमा तथ्याङ्क विश्लेषणलाई लिइन्छ । प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त हुन आएका तथ्याङ्कलाई तालिकीकरण (Tabulation) गरी चरणबद्ध रुपमा व्याख्या (Description), विश्लेषण (Analysis) र प्रस्तुतीकरण (Representation) गरिएकोछ । ग्राफ, चार्ट,टेवल र प्रतिशतको प्रयोग गरी तथ्याङ्कलाई विश्लेषण गरिएकोछ ।

# परिच्छेद : चार

## ४. तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

यस परिच्छेदमा मोरङ जिल्लाका वहिरा तथा सुस्तश्रवण भएका बालबालिकाको स्थलगत अध्ययन र सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा विवरणहरूको विश्लेषण र व्याख्या गरिएको छ । विश्लेषण र व्याख्या गर्दा प्रकाशित तथ्याङ्कहरूको पनि सहयोग लिइएको छ । समग्रमा स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा विवरणको व्याख्या विश्लेषणलाई चार वटा उद्देश्य अनुसार नै क्रमशः राखिएको छ । वहिरा तथा सुस्तश्रवण भएका बालबालिकाको शैक्षिक अवस्था, कक्षा व्यवस्थापनको अवस्था, शैक्षिक क्षेत्रमा सामना गर्नुपरेका समस्याहरू र शैक्षिक व्यवस्थापनमा सुधारका उपायहरूका सन्दर्भमा प्राप्त तथ्याङ्कको विश्लेषण एवम् व्याख्या गर्ने क्रममा छनोट गरिएको उद्देश्यअनुसार क्रमशः व्याख्या विश्लेषण गरीएको छ ।

### ४.१ बहिरा तथा सुस्तश्रवण बालबालिकाको अवस्था

मानिस कुन बेला कसरी अपाङ्ग हुन्छ भन्न सकिँदैन । जन्मेदेखि मृत्यु नहुञ्जेलसम्म कुनै पनि समयमा व्यक्ति अपाङ्ग हुन सक्छ । अपाङ्गहरूलाई शिक्षा र तालिमको माध्यमबाट सामान्य व्यक्ति सरहको कार्य सम्पादन गर्ने क्षमतामा वृद्धि गर्न सकिन्छ । अपाङ्गहरूलाई शिक्षा र तालिमको माध्यमबाट दैनिक जीविकोपार्जन गर्ने क्षमतामा सुधार गरी उनीहरूलाई शिक्षाका क्षेत्रमा पूर्ण सहभागी बनाएर समाजलाई उनीहरूको समस्या प्रति सम्वेदनशील बनाउनुपर्छ । शैक्षिक अवसर सबैको अधिकारको रूपमा उठाउनु पर्छ । अपाङ्ग पनि राष्ट्रका उत्पादनशील जनशक्ति नै हुन् केवल अवसरको कमीमात्र समस्या हो । त्यसैले शिक्षामा सबै अपाङ्गहरूको समान पहुँच पुऱ्याउन हामी सबैको समान दायित्व हो ।

बालबालिकाको शैक्षिक अवस्था अन्तर्गत उनीहरूको शैक्षिक, सामाजिक तथा आर्थिक अवस्था, उनीहरू प्रतिको दृष्टिकोण, विद्यालयबाट पाएको व्यवहारप्रति उनीहरूको धारणा, अन्य विद्यार्थीसँगको सम्बन्ध, शैक्षिक अवसर पाएका र नपाएका

यस्ता बालबालिकाबीच भिन्नता तथा विद्यालयले उनीहरूको प्रवेशका लागि गरेका पहल साथै विद्यालयमा प्रवेश पाएका विद्यार्थीहरूको संस्थागत विवरणलाई समावेश गरिएको छ ।

अध्ययनको क्रममा अध्ययनक्षेत्रभित्र परेका बहिरा तथा सुस्तश्रवण बालबालिकाको अवस्थाका बारेमा केन्द्रित भई विद्यालयका प्र.अ.३, वि.व्य.स.का अध्यक्ष-३, विशेष शिक्षा हेर्ने वि.नि-३, स्रोतव्यक्ति-३, स्रोतशिक्षक-९, विद्यार्थी -१२ र अभिभावक १२ गरी जम्मा ४५ जना उत्तरदाताहरूसँग अन्तर्वार्ता गर्दा निम्नानुसार प्रतिक्रिया प्राप्त भएका छन् ।

## ४.१.१ बहिरा तथा सुस्तश्रवण बालबालिकाको शैक्षिक अवस्था

यस्ता बालबालिकाको शैक्षिक स्थितिका बारेमा विद्यालयका प्र.अ., वि.व्य.स. का अध्यक्ष र स्रोतव्यक्तिसँग जिज्ञासा राख्दा यस किसिमको प्रतिक्रिया प्राप्त भयो ।

तालिका ४.१ बहिरा तथा सुस्तश्रवण बालबालिकाको शैक्षिक अवस्था

| प्रतिक्रिया | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| राम्रो अवस्था छ | ३ | ३३.३३% |
| सुधारोन्मुख अवस्था छ | ४ | ४४.४४% |
| ज्यादै नाजुक अवस्था छ | २ | २२.२२% |
| जम्मा | ९जना | १००% |

स्रोत:स्थलगत सर्वेक्षण,२०६६ ।

माथि उल्लिखित व्यक्तित्वहरूका सामु बहिरा तथा सुस्तश्रवण बालबालिकाको शैक्षिक स्थितिका बारेमा गरिएको प्रश्नबाट प्राप्त प्रतिक्रियाअनुसार, ३३.३३ प्रतिशतले उनीहरूको अवस्था राम्रो भएको ,४४.४४ प्रतिशतले सुधारोन्मुख अवस्था रहेको, २२.२२ प्रतिशत बाट ज्यादै नाजुक अवस्था रहेको तथ्याङ्क प्राप्त भएको छ । यस अध्ययनअनुसार बहिरा तथा सुस्तश्रवण बालबालिकाको शैक्षिक अवस्था सुधार हुँदै गएको देखिन्छ ।

### ४.१.२ बहिरा तथा सुस्तश्रवण बालबालिकाको सामाजिक अवस्था

विद्यालय एउटा सामाजिक संस्था हो । यो समाजबाट अलग रहँदैन । विद्यालयको शिक्षणसँग सामाजिक अवस्थाले प्रत्यक्ष सम्वन्ध राख्दछ । अर्थात् सामाजको अवस्थाले विद्यालयलाई पूर्णरूपमा प्रभाव पर्दछ । बहिरा तथा सुस्तश्रवण बालबालिका प्रायः आर्थिक रूपमा विपन्न भएको कारण समाजमा पनि उनीहरू पिछडिएका छन् , जसले गर्दा उनीहरूलाई समाजले हेर्ने दृष्टिकोण केही सङ्कुचित भएको पाइन्छ । समाजको यस्तो कुदृष्टिकोणले नै उनीहरूको क्षमतालाई कुण्ठित पार्दछ । बहिरा तथा सुस्तश्रवण बालबालिकाप्रति समाजको दृष्टिकोण कस्तो छ भनी सोधिएको प्रश्नमा प्र.अ., वि.व्य.स.का अध्यक्ष, स्रोत शिक्षक, विद्यार्थी तथा अभिभावकहरूको प्रतिक्रिया यस्तो पाइयो :

तालिका ४.२ बहिरा तथा सुस्तश्रवण बालबालिका प्रति समाजको दृष्टिकोण

| क्र.सं. | प्रतिक्रिया | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पूर्णरूपमा सकारात्मक सोचको बिकास भएको छ । | १८ | ४६.१६% |
| २ | सुधार हुँदै गएको छ । | १३ | ३३.३३% |
| ३ | ठीकै छ । | ८ | २०.५१% |
| ४ | परम्परागत सोच कायमै छ । | - | - |
| | जम्मा | ३९जना | १००% |

स्रोत. स्थलगत सर्वेक्षण २०६६।

बहिरा तथा सुस्तश्रवण बालबालिकाप्रति पनि समाजको दृष्टिकोणका सन्दर्भमा केन्द्रित भई प्र.अ.,वि.व्य.स.का अध्यक्ष स्रोत शिक्षक, विद्यार्थी र अभिभावकलाई जिज्ञासा राख्दा पूर्ण रूपमा सकारात्मक सोचको विकास भएको भन्नेमा ४६.१६ प्रतिशत, सुधार हुदै गएको छ भन्नेमा ३३.३३ प्रतिशत, ठीकै छ भन्नेमा २०.५१ प्रतिशत र परम्परागत सोच कायमै छ भन्नेको सङ्ख्या शून्य रहेको पाइयो ।

यस अध्ययनबाट यो स्पष्ट हुन्छ कि , परम्परागत सोचाई राख्नेहरू अब समाजमा छैन, अब बहिरा तथा सुस्तश्रवण भएका बालबालिका अपहेलित हुनुपर्ने

अवस्था छैन । अर्थात् परम्परागत सोच नरहेको र समाज तथा विद्यालयमा सकारात्मक सोचको विकास भई राम्रो व्यवहार हुने गरेको प्रतिक्रियामा अत्यधिकको समर्थन रहेको देखिन्छ ।

## ४.१.३ विद्यालयमा प्रवेश पाएका र नपाएका बहिरा तथा सुस्तश्रवणहरूको शैक्षिक अवस्था

विद्यालयमा प्रवेश पाएका र नपाएका बालबालिकाको अवस्थाका सन्दर्भमा केन्द्रित भई विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग जिज्ञासा राख्दा सुकुना मा.वि का अध्यक्ष भन्नुहुन्छ ,“विद्यालय भर्ना भएका बालबालिकाको शैक्षिक स्तर वृद्धि हुनुका साथै चेतनाको विकास, जोस, जाँगर र खुसी देखिन्छ भने विद्यालय प्रवेश नपाएकाहरूमा त्यस्तो पाईदैन" । यसै सन्दर्भमा उहाँ थप्नुहुन्छ “आर्थिक विपन्नता तथा चेतनाको अभावका कारण धेरै बालबालिका अझ पनि शैक्षिक अवसरबाट वञ्चित छन् तर पनि समाजको दृष्टिकोण पहिले भन्दा केही सुधारोन्मुख रहेको पाइन्छ । विद्यालयले उनीहरूको पहुँच बढाउन पहल गर्ने , यस्ता बालबालिकाको खोजी गर्ने, आकर्षित गर्ने जस्ता कार्यहरू गर्न नसकेतापनि वर्तमान अवस्था सन्तोषजनक नै मान्नुपर्छ“।

यसै गरी जनता नमुना उ.मा.वि.व्यवस्थापन समिति का अध्यक्षको विचार यस्तो छः “विद्यालयमा सबै आफूजस्तै विद्यार्थी देख्दा उनीहरू आफूलाई सामान्य मान्छे सरह ठान्छन् तर घरमा बस्दा उनीहरू अरूभन्दा भिन्न व्यवहारको हुनाले अर्थात् सञ्चारको अभावले एक्लो महसुस गर्छन् । विद्यालयमा उनीहरू खुशी छन् । विद्यालयको छुट्टीमा घर जादाँ ७ दिनको छुट्टीमा ३ दिनमै विद्यालय पुर्‍याइदिनु भनेर अभिभावकलाई कर गरेर विद्यालय आँउछन्“।

यस अध्ययन बाट विद्यालयमा प्रवेश पाएका बालबालिकामा चेतनाको विकाश तथा शैक्षिक स्तर वृद्धि भई सक्षम र स्वाबलम्वी नागरिक बन्न सक्ने देखिन्छ । उनीहरूको जीवन खुशी र सुखी देखिन्छ , उनीहरूमा जोस जाँगर देखिन्छ भने विद्यालय प्रवेश नपाएकाहरू यी सबै पक्षबाट बञ्चित हुन्छन् । उनीहरूमा निराशता

भएको पाइन्छ । यसले गर्दा यस्ता बालबालिकाको जीवन निराश हुनबाट बचाउन सबैले आ-आफ्नो स्थानबाट पहल गर्नु अत्यन्त जरुरी देखिन्छ ।

### ४.१.४ बहिरा तथा सुस्तश्रवण बालबालिकाको कक्षागत विवरण

मोरङ जिल्लामा बहिरा तथा सुस्तश्रवण बालबालिकाको शिक्षणको लागि सरकारी निकायबाट सञ्चालित ५ वटा विद्यालय छन् , जसमध्ये छनोटमा परेका ३ वटा विद्यालयका विद्यार्थीहरूको सङ्ख्यात्मक विवरण यस प्रकार रहेको पाइयो । श्री जनता नमुना उच्च मा.वि. एउटा नयाँ धारणावाट सञ्चालित विद्यालय हो । जो समाहित विद्यालय (Inclusive School) को नामले चिनिन्छ । उक्त श्री जनता नमुना उच्च मा. वि विराटनगरमा कुल विद्यार्थी सङ्ख्या ५६५ मध्ये बहिरा तथा सुस्तश्रवण बालबालिकाको सङ्ख्या ५२ अर्थात ९.२ प्रतिशत छ । कक्षा १मा ४जना छात्र , १जना छात्रा गरी ५ जना कक्षा २ मा २ जना छात्र ३ जना छात्रा गरी ५ जना , कक्षा ३ मा ४ जना छात्र मात्र छन् । कक्षा ४ मा ४ जना छात्र , १ जना छात्रा गरी जम्मा ५ जना , कक्षा ५ मा ४ जना छात्र , १ जना छात्रा गरी ५ जना , कक्षा ६ मा १ जना छात्र , १ जना छात्रा गरी २ जना , कक्षा ७ मा २ जना ५जना छात्रा गरी ७ जना, कक्षा ८ मा ५ जना छात्र १जना छात्रा गरी ६ जना, कक्षा ९मा  छात्र/छात्रा २/२ जना गरी जम्मा ४ जना , कक्षा १० मा १ जना छात्रा मात्र र पूर्व प्राथमिक कक्षामा २ जना छात्र ६ जना छात्रा गरी जम्मा ८ जना बहिरा तथा सुस्तश्रवण बालबालिका अध्ययनरत छन् । जम्मा ५२ बहिरा विद्यार्थी मध्ये २६ जना छात्र र २६ जना छात्रा अध्ययनरत छन् (**अनुसूची ९**) । उक्त विद्यालयमा यस वर्ष पहिलोपटक SLC परीक्षामा २ जनालाई सामेल गराएकोमा १ जना प्रथम र १ जना द्वितीय श्रेणीमा उत्तीर्ण भएका  छन् ।

यस   विद्यालयमा कक्षा १ देखि कक्षा १० सम्म बहिरा विद्यार्थीहरूलाई अन्य विद्यार्थी सँग  राखेर (समाहित कक्षा) शिक्षण गरीन्छ भने पूर्वप्राथमिक कक्षा छुट्टै सञ्चालन गरिएको छ । पूर्व प्राथमिक कक्षालाई पनि २ वर्गमा विभाजन गरी सिकाइमा सहजता ल्याउने  प्रयास भएको देखियो । घतलाग्दो कुरा के भने यस विद्यालयका सम्पूर्ण शिक्षकहरू विशेष तालिमप्राप्त छन् । साङ्केतिक भाषा तालिम सबैले लिएको कारण यस्ता विद्यार्थीलाई खासै ठूलो शैक्षिक कठिनाइ परेको देखिँदैन ।

अध्ययन क्षेत्रको छनोटमा परेको श्री सुकुना मा. वि. इन्द्रपुरमा जम्मा विद्यार्थी सङ्ख्या १२३८ छ । जसमध्ये २२ जना विद्यार्थी बहिरा तथा सुस्तश्रवण छन् । यस विद्यालयमा कक्षा १ मा १० जना छात्र र ५ जना छात्रा गरी १५ जना छन् । कक्षा ३ मा १ जना छात्र र २ जना छात्रा गरी ३ जना र कक्षा ४मा ३ जना छात्र , १ जना छात्रा गरी ४ जना छन् । जम्मा २२ जना बहिरा विद्यार्थीमा १४ जना छात्र र ८ जना छात्रा अध्ययनरत छन् (अनुसूची १०) ।

श्री सुकुना मा. वि. मा बहिरा तथा सुस्तश्रवण बालबालिकाका लागि विशेष छुटै कक्षा सञ्चालन भएको छ । उनीहरूलाई अन्य विद्यार्थीहरूसँग राखेर शिक्षण गरीएको छैन् । पूर्ण रूपमा सञ्चारको माध्यमबाट बहिराहरूलाई मात्र शिक्षण गरीने हुँदा शिक्षण प्रभावकारी भएको बताउनुहुन्छ एक जना स्रोतशिक्षक । यस विद्यालयमा कक्षा ४ सम्म मात्र अध्यापन गराएको पाइयो सोभन्दा माथिका कक्षाहरू सञ्चालन गरेको पाइएन । यसै सन्दर्भमा वि.व्य.स.का अध्यक्षसँग जिज्ञासा राख्दा यसो भन्नुहुन्छ, “कक्षा ४ पूरा गरेपछि कोही विराट बहिरा मा.वि. गएका छन् , कोही टाढा जान चाहाँदैनन् र यही विद्यालयमा धाईरहेका छन् , कोही घरै बसेर काम गर्छन् ।”

त्यसैगरी छनोटमा परेको अर्को विद्यालय श्री पब्लिक उच्च मा.वि मा जम्मा विद्यार्थी १२१४ छन् ; जस मध्ये ८ जना विद्यार्थी मात्र बहिरा तथा सुस्तश्रवण छन् । जुन प्रतिशतको हिसाबले ज्यादै न्यून देखिन्छ । यस विद्यालयमा कक्षा १ मा १ जना छात्र मात्र छन् । कक्षा २ मा २ जना छात्रा , कक्षा ३ मा १ जना छात्रा , कक्षा ५ मा ३ जना छात्र र कक्षा ९ मा १ जना छात्रा अध्ययनरत छन् (अनुसूची ११) ।


कक्षा ३ सम्मका बालबालिकालाई एउटै कक्षामा शिक्षण गरीन्छ । उक्त कक्षामा साङ्केतिक भाषा तालिमका साथै अन्य सामान्य व्यावहारिक कुराहरू सिकाउने गरेको पाइयो । त्यसैगरी कक्षा४ भन्दा माथिका विद्यार्थीलाई अन्य विद्यार्थीहरूसँगै राखेर शिक्षण गरेको पाइयो ।

यस विद्यालयका २ जना शिक्षकमात्र विशेष तालिम प्राप्त रहेको पाइयो । समाहित कक्षा शिक्षणमा साङ्केतिक भाषाको ज्ञान नभएका शिक्षकहरूबाट पनि शिक्षण हुने गरेको पाइयो । यसरी साङ्केतिक भाषाको ज्ञान नभएका शिक्षकले शिक्षण

गर्दा यस्ता विद्यार्थीहरू केही सुन्न र बुझ्न सक्दैनन् , यसले गर्दा उनीहरूमा नराम्रो असर पर्दछ । उनीहरूमा कुनै उपलब्धि हासिल गर्न नसकेको भान हुन्छ । यसकै कारण गत बर्ष भन्दा यस बर्षको सङ्ख्या ४० प्रतिशतले घटेको देखिन्छ । गत वर्षबहिरा विद्यार्थीहरूको सङ्ख्या १३ थियो, जसमध्ये ६ जना छात्र र ७ जना छात्रा थिए । यो सङ्ख्या यस वर्ष घटेर ८ मात्र छ । यसले drop out विद्यार्थीको प्रतिशत उच्च देखिएको छ (अनुसूची १२) ।

अध्ययन क्षेत्रभित्र परेका यी तीन विद्यालयहरूमा अध्ययनरत बहिरा तथा सुस्तश्रवण बालबालिकाको सङ्ख्यात्मक विवरणलाई ग्राफचार्टमा देखाउँदा

**तालिका ४.३ : बहिरा तथा सुस्तश्रवण बालबालिकाको विद्यालयगत विवरण**




स्रोत : स्थलगत सर्वेक्षण, २०६६ ।

बहिरा तथा सुस्तश्रवण बालबालिकाको सङ्ख्यागत अवस्थालाई ग्राफचार्टमा देखाइएको छ । जसअनुसार जनता नमुना उच्च मा.वि मा २६ जना छात्र र २६ जना छात्रा गरी ५२ जना विद्यार्थी अध्ययनरत छन् । त्यसै गरी सुकुना मा.वि मा १४ जना छात्र र ८ जना छात्रा गरी जम्मा २२ जना बहिरा विद्यार्थी अध्ययनरत रहेको देखिन्छ भने श्री पब्लिक उच्च मा.वि मा ४ जना छात्र र ४ जना छात्रा गरी जम्मा ८ जना विद्यार्थी अध्ययनरत भएको पाइयो।

यस अध्ययनबाट श्री जनता नमुना उच्च मा.वि.मा वहिरा तथा सुस्तश्रवण बालबालिकाको सङ्ख्या उच्च देखिन्छ भने सुकुना मा.वि मा मध्यम र श्री पब्लिक उच्च मा.वि मा न्यून सङ्ख्या देखिन्छ ।

## ४.२ बहिरा तथा सुस्तश्रवण बालबालिकाको शैक्षिक व्यवस्थापन

विद्यालयको शैक्षिक व्यावस्थापन अर्न्तगत शिक्षणका क्रममा आउने कठिनाइहरूलाई सहजता प्रदान गर्न गरीने सम्पूर्ण कार्यहरू पर्दछन् । त्यसैले कक्षा कोठाको अवस्था , शैक्षिक सामग्री , शिक्षक तालिम , सेवा सुविधाहरू , आर्थिक सङ्कलन तथा परिचालनआदिको उचित व्यवस्थापन गर्ने समेत कार्य बहिरा तथा सुस्तश्रवण बालबालिकाको व्यस्थापकीय पक्ष अन्तर्गत राख्न सकिन्छ ।

अध्ययनका क्रममा अध्ययनक्षेत्र भित्र परेका बहिरा तथा सुस्तश्रवण बालबालिकाको कक्षा व्यवस्थापनको अवस्था मा केन्द्रित रही विद्यालयका प्र.अ., वि.व्य.स.का अध्यक्ष , स्रोत व्यक्ति , वि.नि. स्रोतशिक्षक , विद्यार्थी तथा अभिभावकहरूसँग राखिएको जिज्ञासाबाट प्राप्त सूचनाका आधारमा यसरी व्याख्या विश्लेषण गरिएको छ ।

**तालिका ४.४ बहिरा तथा सुस्तश्रवण बालबालिकाको कक्षा कोठा व्यवस्थापनको अवस्था**

| प्रतिक्रिया | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सन्तुष्ट छु | १४ | ४२.४२% |
| पूर्ण सन्तुष्ट हुने अवस्था छैन | ११ | ३३.३३% |
| असन्तुष्ट छु | ०७ | २१.२१% |
| कक्षा कोठा अवलोकन गरेकै छैन | ०१ | ३% |
| जम्मा | ३३ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण ,२०६६ ।

बहिरा तथा सुस्तश्रवण बालबालिकाको कक्षा-कोठा व्यवस्थापनको अवस्था सम्बन्धमा केन्द्रित भई वि.व्य. स.का अध्यक्ष ३ जना , स्रोतव्यक्ति ३ जना , वि. नि. ३ जना

,विद्यार्थी १२ जना र अभिभावक १२ गरी जम्मा ३३ जनासँग जिज्ञासा  राख्दा कक्षा व्यवस्थापन प्रति सन्तुष्ट छु भन्नेमा १४ जना (४२.४२ प्रतिशत) , पूर्ण सन्तुष्ट हुने अवस्था छैन भन्नेमा ११जना (३३.३३ प्रतिशत) , असन्तुष्ट छु भन्नेमा ७ जना (२१.२१ प्रतिशत) रहेको पाइयो भने कक्षा कोठा अवलोकन गरेकै छैन भन्नेमा १ जना (३ प्रतिशत) रहेको तथ्याङ्क माथिको तालिकाले देखाएको छ ।

यस अध्ययनले बहिरा तथा सुस्तश्रवण बालबालिकाको कक्षा कोठाको अवस्थालाई सन्तोषजनकै रूपमा देखाएको छ । अर्थात् समग्रमा भइरहेको कक्षा कोठा व्यवस्थापनलाई व्यवस्थित नै मान्नुपर्ने अध्ययनले पुष्टि गरेको छ । यसै सन्दर्भमा शैक्षिक सामग्रीको व्यवस्थाका बारेमा केन्द्रित भई गरीएको अनुसन्धानमा अध्ययन क्षेत्रभित्र परेका विद्यालयहरूको अवस्था यस प्रकार रहेको पाइयो।

**तालिका ४.५ विद्यालयमा  उपलब्ध शैक्षिक सामग्रीको विवरण**

| सि.न. | विद्यालय | शैक्षिक सामग्री | प्र.अ.को प्रतिक्रिया |
|---|---|---|---|
| १ | जनता नमुना उच्च मा. वि | शब्दकोष, सेतोपाटी, चित्रपत्ती, कार्डवोर्ड, चित्र, पज्जल, तालिका वोर्ड ग्रिनवोर्ड , श्रष्यदृष्य सामग्री, टि.भि. कम्प्युटर | विद्यार्थीहरूको सङ्ख्या उच्च भएका कारण आवश्यक भएजति सम्पूर्ण शैक्षिक सामग्रीहरू जुटाउने प्रयास गरिएको छ । हाल पर्याप्त पनि छ । |
| २ | सुकुना मा. वि | शब्दकोष, कालोपाटी, सेतोपाटी, चित्रपत्री, तालिका वोर्ड, आदि । | आवश्कता अनुसार सम्पूर्ण शैक्षिकसामग्री जुटाउन सकिएको छैन । |
| ३ | पब्लिक उच्च मा. वि | कालोपाटी, चित्रहरू,पोस्टर, खेलौनाहरू सेतोपाटी आदि । | बालबालिकाका सङ्ख्या न्यून रहेको कारण यसमा ठूलो लगानी गरिएको छैन । |

स्रोतः स्थलगत सर्वेक्षण ,२०६६ ।

यस अध्ययनबाट श्री जनता नमुना उच्च मा.वि.मा विद्यार्थी सङ्ख्या उच्च रहेका कारण शैक्षिक सामग्री पर्याप्त मात्रामा व्यवस्था गरेको पाइयो भने श्री सुकुना मा.वि.मा सामान्यतया आवश्यक पर्ने शैक्षिक सामग्रीहरू उपलब्ध रहेको देखिन्छ  र श्री पब्लिक

उच्च मा.वि.मा विद्यार्थी सङ्ख्या न्यून रहेका कारण आवश्यक मात्रामा शैक्षिक सामग्री जुटाउने प्रयास गरेको देखिदैन ।

### ४.२.१ विद्यालयमा उपलब्ध सुविधाहरू

बहिरा तथा सुस्तश्रवण बालबालिकाले  शिक्षा प्राप्त गर्ने कुरा ज्यादै संवेदनशील र जटिल हुने हुनाले विद्यालयले उपलब्ध गराउने सेवा सुविधाले उनीहरूलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यही कुरालाई मध्यनजर गर्दै यस अध्ययन क्षेत्र भित्र परेका विद्यालयहरूबाट विद्यार्थीहरूले पाएका सेवा सुविधा हरूको अध्ययन गर्दा सबै विद्यालयमा आवास , छात्रवृत्ति , शैक्षिक सामग्रीहरूको सुविधा पाइयो भने जनता नमुना उच्च मा.वि मा थप विद्यालय पोशाक ,यातायात तथा खाजाको व्यवस्था समेत रहेको पाइयो । यसैगरी विद्यालयले उपलब्ध गराएको सेवा सुविधा प्रति विद्यार्थीहरूको धारणा अध्ययन गर्ने क्रममा विशेष शिक्षा हेर्ने वि.नि.वि.व्य.स.का अध्यक्ष, विद्यार्थी तथा अभिभावकहरूको राय यस प्रकार रहेको पाइयो ;

**तालिका.४.६ विद्यालयले उपलब्ध गराएका सुविधाप्रतिको धारणा**

| उत्तरदाता | प्रतिक्रिया | | | जम्मा सङ्ख्या |
|---|---|---|---|---|
| | पूर्ण सन्तुष्ट | ठीकै | असन्तुष्ट | |
| वि.नि | ३ | × | × | ३जना |
| अध्यक्ष | १ | २ | × | ३ जना |
| विद्यार्थी | ८ | २ | २ | १२ जना |
| अभिभावक | ११ | १ | × | १२ जना |
| जम्मा | २३(७६.६६%) | ५(१६.६६%) | २(६.६६%) | ३०(१००%) |

स्रोत; स्थलगत सर्वेक्षण ,२०६६ ।

तलिका ४.६ लाई नियाल्दा विद्यालयले उपलब्ध गराएको सुविधा प्रति विद्यालय निरीक्षकहरूको धारणाअनुसार पूर्ण सन्तुष्ट छन् भन्नेमा ३ जना अर्थात् १०० प्रतिशत पाइएको छ । त्यसैगरी अध्यक्ष ३ जनामा १ जना पूर्ण सन्तुष्ट र २ जना ठीकै छ भन्ने धारणा रहेको बताउँछन् । विद्यार्थीहरूमा मतभेद छ । उनीहरूमध्ये ८ जना पूर्ण सन्तुष्ट छन् , २ जना ठीकै र २ जना असन्तुष्ट रहेको तालिका बाट स्पष्ट हुन्छ ।

अभिभावकहरूमा १२ जनामा ११ जना पूर्ण सन्तुष्ट छन् भन्नेमा छन् भन्ने १ जनाले ठीकै भएको प्रतिक्रिया दिएका छन् ।

समग्रमा उक्त तालिकालाई हेर्दा जम्मा ३० जना व्यक्तिहरूमा राखिएको यस जिज्ञासामा प्राप्त भएको प्रतिक्रिया अनुसार पूर्ण सन्तुष्ट हुनेमा २३(७६.६६%) , ठीकै छ भन्नेमा ५ जना (१६.६६%), र असन्तुष्ट हुनेमा २ जना (६.६६%) विद्यार्थीमात्र छन् ।

यस अध्ययनबाट विद्यालयले सामान्य सेवा-सुविधा उपलब्ध गराउन मात्र सक्दा पनि विद्यार्थीहरू सन्तुष्ट नै हुने रहेछन् । यी अध्ययन-क्षेत्रभित्र परेका विद्यालयहरूले उपलब्ध गराएका सुविधाप्रति अभिभावकहरू पूर्ण सन्तुष्ट रहेका देखिन्छन् भने विद्यार्थीहरूमा २ जना मात्र असन्तुष्ट पाइएकाले सामान्य सुधार गर्नाले सम्पूर्ण विद्यार्थी सन्तुष्ट हुन सक्ने अध्ययनले देखाएको छ ।

### ४.२.२ साङ्केतिक भाषा तालिमको आवश्यकता

बालबालिकाहरूको पहिलो पाठशाला भनेको घर हो । सामान्य बच्चाहरूले घरमा बाबु आमाले बोलेको र कामहरू गरेको देखेर छिट्टो सिक्छन् । तर कान नसुन्ने बच्चाहरू बोलेको कुरा नसुन्ने हुनाले सिक्ने कुरा बाट स्वतः बञ्चित हुन्छन् , जसले गर्दा यस्ता कान नसुन्ने बच्चाहरू भएको परिवारका सदस्यसमेतले साङ्केतिक भाषा सिक्नु अत्यन्तै आवश्यक हुन्छ । यसै सन्दर्भमा केद्रित भई विद्यालयका प्र.अ., विद्यार्थी स्वयम् र अभिभावकहरूलाई जिज्ञासा राख्दा यस्तो प्रतिक्रिया प्राप्त भएको थियो :

**तालिका ४.७ साङ्केतिक भाषा तालिमको आवश्यकता**

| क्र.सं. | प्रतिक्रिया | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अत्यन्तै जरुरी | १८ | ६६.६६% |
| २ | सिक्दा राम्रो | ७ | २५.९३% |
| ३ | आवश्यक छैन | २ | ७.४१% |
| | जम्मा | २७ जना | १००% |

स्रोतः स्थलगत सर्वेक्षण ,२०६६।

तालिका ४.७ लाई नियाल्दा बहिरा बालबालिकाको परिवार , शिक्षक तथा सम्वन्धित व्यक्तिहरूले साङ्केतिक भाषा सिक्नु अत्यन्तै जरुरी छ भन्नेहरूको सङ्ख्या १८ (६६.६६%) देखिन्छ । त्यसैगरी सिक्दा राम्रो भन्नेहरूको सङ्ख्या ७ (२५.९३%) पाइयो भने सिक्नु आवश्यक छैन भन्नेमा २ जना ७.४१% पाइयो । यस तथ्याङ्कले साङ्केतिक भाषा सबैले सिक्नु जरुरी छ। अझ सम्वन्धित व्यक्तिहरूले सिक्नु अनिवार्य नै छ भन्ने देखिएको छ ।

त्यसैगरी विद्यालयमा यस्ता बहिरा तथा सुस्तश्रवण बालबालिकाका लागि विशेष कक्षा सञ्चालनका लागि आर्थिक स्रोत जुटाउनु पनि व्यवस्थापकीय कार्य अन्तर्गत नै पर्ने भएकाले यसै सन्दर्भमा प्र.अ तथा वि.व्य.स.का अध्यक्ष सँग जिज्ञासा राख्दा , जनता नमुनाका प्र.अ. भन्नुहुन्छ ,"विद्यालयलाई यस्तो विशेष शिक्षाको लागि सरकारी निकायबाट २ वटा कोटा शिक्षकको र २० जना विद्यार्थीका लागि छात्रावासको व्यवस्था सम्म सामान्य हिसाबले चल्ने गरी रकम प्राप्त हुने गरेको छ । बाँकी अन्य एन.जि.ओ, आइ.एन.जि.ओ. हरूबाट सहयोग प्राप्त भएका छन् । जस्तै सि.वि.आर बाट २ जना स्रोत शिक्षकलाई तलब साथै शौचालय निर्माण र अन्य भौतिक सामग्रीहरू प्राप्त भएको छ । त्यस्तै आर.आर.एन ले छात्राबासका लागि १ कोठा पक्की भवनको निर्माणको लागि आर्थिक सहयोग गरेको छ । प्लान नेपाल बाट १ थान टि.भि. १ थान कम्प्युटर सहयोग प्राप्त भएको छ । यस्तै सहयोगका कारण कक्षा सञ्चालन सहज भएको हो ।"

यस अध्ययन क्षेत्र भित्र परेका अन्य विद्यालयमा यस्ता सहयोग प्राप्त भएका छैनन् । यसै सन्दर्भमा सुकुना मा.वि.का प्र.अ. भन्नुहुन्छ "सरकारी अनुदान सीमित भएका कारण विद्यालयको आयबाट थपगरी सञ्चालन गरीएको छ । यसका अलावा बास्केट फन्डबाट पनि केही सहयोग प्राप्त भएको छ" ।

यस अध्ययनबाट विद्यालयहरूले व्यवस्थित ढङ्गबाट प्रभावकारी र गुणस्तरीय शिक्षा दिन नसक्नुको प्रमुख कारण आर्थिक अभाव नै रहेको देखिन्छ ।

बहिरा तथा सुस्तश्रवण बालबालिका कान नसुन्ने हुनाले उनीहरू बोल्न जान्दैनन् । यस्ता बालबालिका विभिन्न पारिवारिक, सामाजिक र आर्थिक परिवेश बाट आएका हुन्छन् । उनीहरूको कक्षा व्यवस्थापन गर्नेकार्य साथै सामूहिक शिक्षा दिने कार्य जटिल र ज्यादै सम्वेदनशील हुन्छ । यसै सन्दर्भमा प्र.अ.को भूमिकाप्रति सुकुना मा.वि.का प्र.अ भन्नुहुन्छ "बहिराहरू पढ्ने कक्षा कोठा सफा र व्यवस्थित छ/छैन शिक्षकहरू सक्रिय छन् /छैनन् आदिको अनुगमन र मूल्याङ्कन गर्ने साथै समस्याहरूको समाधान गर्नेतर्फ बढी ध्यान दिनुपर्छ" ।

विद्यालयले कक्षा व्यवस्थापनका अलावा उनीहरूको जागरुकताका लागि अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्ने गरेको समेत पाइएको छ । अतिरिक्त क्रियाकलापहरू सञ्चालनलाई स्मरण गर्दै श्री जनता.उ.मा .वि का प्र.अ भन्नुहुन्छ "हाम्रो विद्यालयमा बहिरा बालबालिकाका लागि विभिन्न प्रतियोगिताहरू (चित्रकला, हस्तकला, खेल, नृत्य, स्काउट टुप आदि) सञ्चालन गरिन्छ । यसका साथै शैक्षिक भ्रमण, बाल क्लवमा सहभागिता जस्ता कार्यमा सक्रियताका लागि वातावरण सृजना गरिदिने कार्यहरू गर्छौ ।

विद्यालयले यसरी बहिरा विद्यार्थीको हितका लागि कोशीस गरिरहेको अवस्थामा सरकारी तवरबाट केही कार्यक्रमहरू संञ्चालन भए/नभएका सन्दर्भमा विशेष शिक्षा हेर्ने वि.नि.तथा स्रोत व्यक्तिसँग राखिएको जिज्ञासामा सुकुना मा.वि.का स्रोत व्यक्ति भन्नुहुन्छ "समय समयमा अभिभावकहरूलाई जनचेतना जगाउने किसिमका कार्यक्रमहरू गाँउगाँउमा संञ्चालन गरिँदै आएका छन्, यसका साथै बालबालिका

अभिमुखीकरण कार्यक्रम पनि सञ्चालन गरिएका छन् । यस्ता कार्यक्रम अझ नयाँ ढङ्गबाट ल्याउनुपर्ने आवश्यकता देखिन्छ । ”

यसै सन्दर्भमा केन्द्रित रही सोधिएको प्रश्नमा अन्य वि.नि र स्रोतव्यक्तिबाट पनि समग्रमा यस्तै अभिभावक अभिमुखिकरण कार्यक्रम, बालबालिका अभिमुखीकरण कार्यक्रम, पोस्टरिङ साथै अन्य सामाजिक अवरोध विरुद्धका कार्यक्रमहरू सञ्चालन भएको जानकारी प्राप्त भयो ।

## ४.३ बहिरा तथा सुस्तश्रवण बालबालिकाको शैक्षिक क्षेत्रका समस्याहरू

बहिरा तथा सुस्तश्रवण बालबालिकालाई शिक्षा र तालिमका माध्यमबाट सामान्य व्यक्तिसरहको कार्य सम्पादन गर्ने क्षमतामा वृद्धिगर्न सकिन्छ । अवसर पाए उनीहरू पनि केही कम छैनन् भन्ने कुराको ज्ञान सबैमा छर्न सके मात्र समस्याहरूको निराकरण गर्न सकिन्छ ।

बहिरा तथा सुस्तश्रवण बालबालिकाले आफ्नो स्वावलम्वनका लागि अनेकौं अवरोधहरूको सामना गर्नुपरेको छ । साङ्केतिक भाषाका माध्यमबाट मात्र शिक्षण गर्नुपर्ने प्रमुख समस्या छ भने शिक्षामा तालिमप्राप्त शिक्षकको अभाव, पर्याप्त शैक्षिक सन्दर्भ सामग्रीको अभावमा कक्षामा साधारण तालिमप्राप्त शिक्षक बाट अध्यापन गरीनु साथै विषयगत ज्ञान नभएपनि साङ्केतिक भाषा मात्राको तालिम लिएका शिक्षकबाट अध्यापन गरिने हुदाँ बहिरा विद्यार्थीहरू अन्य विद्यार्थीको गतिमा सिक्न र बुझ्न सक्तैनन् ।

### ४.३.१ बहिरा तथा सुस्तश्रवण बालबालिकाले शैक्षिक क्षेत्रमा सामना गर्नुपरेका समस्याहरू

उपर्युक्त विषयमा केन्द्रित रही अध्ययन क्षेत्रभित्र परेका विद्यालयका प्र.अ., वि.व्य.स.का अध्यक्ष, शिक्षक, विद्यार्थी तथा अभिभावकसँग प्रश्न गर्दा निम्नअनुसारका समस्याहरू रहेको तथ्य स्पष्ट हुन्छ ।

श्री जनता नमुना उ.मा.वि.का प्र.अ भन्नुहुन्छ "सामाजिक चेतना र पारिवारिक अवस्था फरक फरक भएका कारण विद्यार्थी हरूलाई कक्षा व्यवस्थापन गर्ने कार्यमा नै समस्या छ । अन्य विद्यार्थी सरहको पाठ्क्रम अनुसार पाठ्पुस्तक अध्ययापन गर्न समस्या छ । सीमित शब्दावलीको मात्र संकेत विकास भएकाले अरूसरह बुझ्न र सिक्न सकेका छैनन् ।

यिनै कुराहरूलाई समर्थन गर्दै जनता नमुना उ.मा.वि का स्रोत शिक्षक भन्नुहुन्छ ; "संञ्चारमा असमानता तथा सीमित शब्दावली भएका कारण समस्याहरू सृजना भएका छन् । पुस्तकमा भएका सबै शब्दहरू साङ्केतिक भाषाको शब्दकोशमा नहुनु र एउटै शब्दका धेरै अर्थ लाग्ने हुदाँ शिक्षणमा सिक्ने र सिकाउने दुवैलाई समस्या भएको छ । साथै एउटै शिक्षकले साङ्केतिक तथा मौखिक रूपमा विषयवस्तुको ज्ञान दिनुपर्ने अवस्था भएको हुदाँ कक्षा समय पनि कम भएर समस्या भएको छ । "

यसै सन्दर्भमा जनता उ मा.वि.का अर्का स्रोतशिक्षक भन्नुहुन्छ "पर्याप्त शब्दहरूको संकेत नहुनु , शिक्षकमा विषयवस्तुको ज्ञान र पर्याप्त तालिमको व्यवस्था नहुनु र सामान्य साङ्केतिक भाषा तालिम लिएको भरमा शिक्षण गर्नाले विद्यार्थीलाई विषयवस्तुको ज्ञान दिन कठिन हुने गरेको छ । यसका साथै अभिभावकहरूको दायित्व कम हुनुले पनि समस्या भएको छ ।

माथि उल्लिेखित रायहरूप्रति अध्ययन क्षेत्रभित्र परेका सबै विद्यालयका सबै विद्यार्थीहरूको पनि समर्थन रहेको छ । थप उनीहरूको समस्याका बारेमा जनता नमुना उ.मा.वि.का कक्षा८ मा अध्ययनरत एक छात्र भन्छन् "बहिराहरूका लागि उपयुक्त पाठ्यक्रम छैन र हाल भैरहेका विषयहरूमा अंग्रेजी, गणित, र विज्ञान विषयका शब्दहरू साङ्केतिक भाषामा कम मात्र भएकोले ज्यादै समस्या भएको छ । "

यस अध्ययनबाट यो स्पष्ट हुन्छ कि, बहिरा बालबालिकाका शैक्षिक समस्याहरू धेरै र जटिल छन् । समग्रमा मुख्य रूपमा देखिने समस्याहरूमा भाषागत कठीनाई , सीमित शब्दकोषमा र पाठ्यपुस्तकमा भएका सबै शब्दहरूको संकेत र शव्दावली नहुनु , एउटै शब्दको धेरै अर्थ लाग्नु , साथीहरू र परिवारबाट पनि सहयोग नपाउनु , संञ्चारमा असामनता भएको कारण कक्षा समय कम हुनु , कक्षा शिक्षणमा दोभासे

शिक्षकको व्यवस्था नहुनु , अभिभावकको दायित्व कम हुनुका साथै पारिवारिक अवस्था फरक भएका कारण कक्षा व्यवस्थापन तथा शिक्षणमा समस्या हुने गरेको पाइयो । यी समस्याहरूका सन्दर्भमा बेलैमा राष्ट्रले र सम्बधित पक्षले ध्यान पुऱ्याउन सकेमात्र समस्याको निराकरण गर्न र सबै बहिराहरूलाई शिक्षित र सक्षम बनाउन सकिन्छ ।

### ४.३.२ शैक्षिक समस्याका कारणहरू

अपाङ्गअन्तर्गत पर्ने बहिरा तथा सुस्तश्रवण बालबालिकालाई शिक्षा दिने प्रमुख दायित्व राज्यको हो । त्यसो भएतापनि राज्यपक्षबाट यस्ता बालबालिकाका लागि शैक्षिक क्षेत्रमा सहयोग पर्याप्त नहुनाले समस्याहरू बढ्दै गइरहेका छन् । सरकारी प्रतिनिधिका रूपमा राखिएका विशेष शिक्षा हेर्ने वि.नि.र स्रोतव्यक्तिहरूले ती समस्या निराकरणका लागि विशेष पहल गर्नुपर्ने हुदाँहुदैं पनि उनीहरू आफै समस्या रहेको कुरा स्वीकार गर्दै यस्तो धारणा व्यक्त गर्छन् :

**तालिका ४.८ बहिरा तथा सुस्तश्रवण बालबालिकाको शैक्षिक समस्याका प्रमुख कारणहरू**

| क.सं. | प्रतिक्रया | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सामाजिक दृष्टिकोण | २ | ३३.३३% |
| २ | आर्थिक अभाव | २ | ३३.३३% |
| ३ | कमजोर व्यवस्थापन | १ | १६.१६% |
| ४ | भाषिक कठिनाइ | १ | १६.१६% |
| | जम्मा | ६ जना | १००% |

स्रोतः स्थलगत सर्वेक्षण ,२०६६।

बहिरा तथा सुस्तश्रवण बालबालिकाका शैक्षिक समस्याका प्रमुख कारकका सम्बन्धमा विशेष शिक्षा हेर्ने वि.नि ३ जना र स्रोतव्यक्ति ३ जनासँग जिज्ञासा राख्दा , सामाजिक दृष्टिकोणलाई प्रमुख समस्या ठान्ने २ जना(३३.३३%) रहे भने आर्थिक अभाव

लाई प्रमुख ठान्ने पनि २ जना (३३.३३%) नै पाइयो । त्यसैगरी कमजोर व्यवस्थापन र भाषिक कठिनाइमा १/१ जना( १६.१६%) को तर्क रहेको पाइन्छ ।

यस अध्ययनले बहिरा तथा सुस्तश्रवणहरूको शैक्षिक समस्याको रूपमा सामाजिक दृष्टिकोण पूर्ण सकारात्मक नहुनु र आर्थिक अभावलाई देखाएको छ । आर्थिक अभावका कारण शैक्षिक व्यवस्थापन पनि कमजोर हुने हुदाँ उनीहरूमा शैक्षिक गुणस्तर वृद्धि गर्न कठिन छ । यसको प्रत्यक्ष प्रभाव समाजमा पर्न जान्छ । हाम्रो समाजले आर्थिक रूपमा सम्पन्न र विपन्नलाई हेर्ने दृष्टिकोण नै अलग छ । आर्थिक रूपमा विपन्न हुनु र त्यही परिवारमा अपाङ्ग हुन बिडम्बना हो । उनीहरूले समाजबाट र परिवारबाट समेत सहयोग र सद्भाव पाएका छैनन् । यसले गर्दा त्यस्ता पक्षका लागि राज्यले सक्षम र स्वावलम्बी बनाउन गुणस्तरीय शिक्षा र सीपमूलक तालिमको व्यवस्था गरी सबैको पहुँच पुऱ्याउनमा जोड दिनु पर्छ ।

त्यसैगरी भाषिक कठिनाइले पनि बहिरा तथा सुस्तश्रवण बालबालिकालाई ठूलो समस्या पारेको छ । उनीहरूले अरू सामान्य मान्छेसरह सहयोग र सद्भाव पाएका छैनन् । सार्वजनिक ठाँउहरूमा पनि उनीहरूका लागि कुनै छुट्टै संञ्चारको व्यवस्था गरीएका छैनन् । दोभासेको व्यवस्था छैन । आफ्ना जिज्ञासाहरूको समाधन गर्न , सोध्न र बुझ्न समस्या भएका कारण ज्ञानमा पनि स्वतः कमी आउने भएकाले राज्यले यसतर्फ ध्यान दिनु जरुरी देखिन्छ ।

## ४.४ बहिरा तथा सुस्तश्रवण बालबालिकाका शैक्षिक क्षेत्रका समस्याहरू समाधानका उपायहरू

मानिस सामाजिक प्राणी भएकाले ऊ समाजमा बस्दा विभिन्न समूह, सङ्घ संस्था तथा सङ्गठनहरूमा आबद्ध हुन्छ । बहिरा तथा सुस्तश्रवणहरू पनि समाजका सदस्य हुन् । उनीहरूलाई पनि समूहमा काम गर्न , सङ्गठनहरूमा आबद्ध भई अरू सरह व्यवहार गर्न इच्छा हुन्छ । यसले गर्दा सर्वप्रथम उनीहरूको शिक्षाका लागि विद्यालय तथा प्रत्येक सङ्घ संस्थासँग मानवीय, भौतिक, आर्थिक पक्षहरूको प्रबन्धका लागि उपयुक्त तरिका छनोट गरी यी पक्षहरूमा सुधार गर्न सरल र व्यवस्थित ढंङ्गले

पहल गर्नुपर्छ । आवश्यकताअनुसार विभिन्न क्षेत्रहरूमा कुशलतापूर्वक साधन र स्रोतको परिचालन गरी कार्य सञ्चालन गरिनुपर्छ । बहिरा तथा सुस्तश्रवण बालबालिकाको शैक्षिक उन्नतिका लागि विद्यालयमा उपलब्ध साधन र स्रोतहरूको परिचालन गरी कुशल संञ्चालनको लागि गरीने समन्वयात्मक प्रक्रियाले केही समस्याको निराकरण गर्न सकिन्छ । बहिरा तथा सुस्तश्रवण बालबालिकाको शैक्षिक क्षेत्रका समस्या अन्तर्गत पर्ने कक्षाकोठाको अवस्था, शैक्षिक सामग्री, शिक्षक तालिम, उपलब्ध सेवा सुविधाहरू, आर्थिक संङ्कलन तथा परिचालनजस्ता कार्यहरूमा देखिएका समस्या अथवा कमजोरीहरूको पहिचान गरी सोमा सुधार ल्याउने उपायहरू पत्ता लगाउन अध्ययन क्षेत्र भित्र परेका विद्यालयका प्र.अ., वि.व्य.स.का अध्यक्ष, स्रोतशिक्षक, स्रोतव्यक्ति, वि.नि, विद्यार्थी तथा अभिभावकहरूसँग जिज्ञासा राखिएको थियो ।

### ४.४.१ कक्षाकोठा व्यवस्थापन

बहिरा तथा सुस्तश्रवण बालबालिका विभिन्न सामाजिक चेतना र पारिवारिक अवस्थाबाट शिक्षा लिन विद्यालय आएका हुन्छन् । उनीहरूलाई कक्षा कोठाको वातावरणले प्रत्यक्ष प्रभाव पार्दछ । कक्षाकोठाको स-साना कुरालाई उनीहरू महशुस गर्छन् । यसले गर्दा साना त्रुटिले उनीहरूमा ठूलो असर पर्न सक्छ । यसकारण बहिरा बालबालिकाको कक्षाकोठा व्यवस्थापनमा विशेष ध्यान दिइनु जरुरी हुन्छ ।

यसै सन्दर्भमा अध्ययन क्षेत्रभित्र परेका विद्यालयका प्र.अ.तथा वि.व्य.स.का अध्यक्षबाट कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्या निराकरणका लागि राय संङ्कलन गर्ने क्रममा प्राप्त प्रतिक्रिया यस्तो पाइयो ।

**तालिका ४.९ बहिरा तथा सुस्तश्रवण बालबालिकाको कक्षाकोठा व्यवस्थापनमा प्र.अ.तथा वि.व्य.स.का अध्यक्षको चासो**

| सि.न. | व्यवस्थापकीय कार्य | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| क. | छुट्टै कक्षा कोठाको व्यवस्था गर्ने | ६ | १००% |
| ख. | गोलाकार टेबलको व्यवस्था | ५ | ८३.३३% |
| ग. | प्रकाशयुक्त र हावादार कोठाको व्यवस्था | ३ | ५०% |
| घ. | फराकिलो शैक्षिक सामग्री प्रदर्शन गर्न सकिने | २ | ३३.३३% |
| ङ. | प्रशस्त शैक्षिक सामग्रीयुक्त कोठा | ५ | ८३.३३% |
| च. | विद्यार्थी सङ्ख्या उपयुक्त | १ | १६.६६% |
| छ. | तालिमप्राप्त र दक्ष शिक्षकको व्यवस्था | २ | ३३.३३% |
| ज. | अतिरिक्त क्रियाकलाप | २ | ३३.३३% |
| झ. | समाहित कक्षाभए दोभासेको व्यवस्था | १ | १६.६६% |

स्रोतः स्थलगत सर्वेक्षण ,२०६६।

बहिरा तथा सुस्तश्रवण बालबालिकाको कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्या निराकरणका लागि वि.व्य.स.का अध्यक्ष ३ जना र प्र.अ ३ जना गरी ६ जना बाट राय संङ्कलन गरीएकोले प्रतिशतको आधार ६ लाई मानिएको छ । तालिका ४.१० अनुसार छुट्टै कक्षाकोठाको व्यवस्था हुनुपर्नेमा १०० प्रतिशत अर्थात् सबैको सहमति रहेको पाइयो । त्यसैगरी गोलाकार टेबलको व्यवस्था गर्नुपर्नेमा ८३.३३ प्रतिशतको सहमति रहेको पाइयो भने प्रशस्त शैक्षिक सामग्रीयुक्त कोठा हुनुपर्छ भन्नेमा ८३.३३ प्रतिशत, प्रकाशयुक्त र हावादार कोठाको व्यवस्था गर्नुपर्छ भन्नेमा ५० प्रतिशत, कक्षाकोठा फराकिलो शैक्षिक सामग्री प्रदर्शन गर्न सकिने हुनुपर्छ भन्नेमा ३३.३३ प्रतिशत, अतिरिक्त क्रियाकलाप गराउनुपर्नेमा ३३.३३ प्रतिशत रहेको पाइयो भने विद्यार्थी सङ्ख्या उपयुक्त हुनुपर्नेमा र समाहित कक्षाभए दोभासेको व्यवस्था हुनुपर्नेमा १६.६६ प्रतिशत रहेको देखिन्छ ।

यस तथ्याङ्कअनुसार बहिरा तथा सुस्तश्रवणहरूको कक्षाकोठा व्यवस्थापन गर्दा छुट्टै कक्षाकोठा, गोलाकार टेबलको व्यवस्था, शैक्षिक सामग्रीयुक्त कक्षाकोठालाई

अनिवार्य आवश्यकताका रूपमा राखेको पाइयो भने अन्य आवश्यकतालाई व्यक्तिगत हिसाबले प्राथमिकतामा राखेको पाइयो । तर यी सबै आवश्यकताहरू अनिवार्य छन् । कक्षाकोठा उचित व्यवस्थापनमा यी मध्ये एक मात्रको अभावमा कक्षाकोठा शिक्षणमा बाधा पर्न सक्छ । यसले गर्दा हरेक विद्यालयले सकेसम्म कक्षाकोठा व्यवस्थापनका यी पक्षमा जोड दिनुपर्ने देखिएको छ ।

### ४.४.२ गुणस्तरीय शिक्षाको उपलब्धता

गुणस्तरीय शिक्षा भन्नाले विद्यार्थी दक्षता र क्षमतामा आधारित पाठ्यक्रम तय गरी उनीहरूको रुची र चाहानाबमोजिम बिषयवस्तुको ज्ञान दक्ष व्यक्तिबाट दिई सक्षम र स्वावलम्बी बनाउने शिक्षा भन्ने बुझिन्छ । यस्तो शिक्षाबाट विद्यार्थीले सिकेको कुरा व्यवहारमा उतार्न सहजै सक्छन । यसै विषयवस्तुमा केन्द्रित भई अध्ययन क्षेत्रभित्र परेका बहिरा तथा सुस्तश्रवण बालबालिकाको शिक्षक तथा प्र.अ.हरूको विचार बुझ्दा अधिकाशं बाट शिक्षकहरूलाई साङ्केतिक भाषाको साथै विषयगत तालिम दिइनुपर्छ भन्ने रहेको छ , भने केही शिक्षकहरूलाई बालबालिकाको रुची र क्षमताअनुसारको सीपमूलक तथा प्राविधिक शिक्षा दिनुपर्छ भन्ने कुरामा जोडदिएका छन् । साङ्केतिक भाषाको विकासका साथै सीपमूलक र प्राविधिक शिक्षाले यस्ता बालबालिका आफै सक्षम र स्वावलम्बी हुन सक्छन् भन्ने रायमा प्र.अ हरूको पनि पूर्ण सहमति रहेको पाइन्छ यसै सन्दर्भमा जनता उच्च मा.वि.का प्र.अ.भन्नुहुन्छ– “यस्ता बालबालिकाको विकासका लागि उपयुक्त पाठ्यक्रमको व्यवस्था गर्नुपर्छ । जुन सीपमूलक र प्राविधिक हुनुपर्छ । यस्तो शिक्षाले उनीहरू आफै जीविकोपार्जन गर्न सक्षम हुन्छन् , आर्थिक रुपमा सक्षम हुन्छन् । आर्थिक रूपमा सम्पन्नताले सफल जीवन जिउन र शिक्षामा अघि बढ्न मद्दत गर्दछ । समाजमा पुनस्थापित हुनका लागि स्वावलम्बी हुनु अति जरुरी छ ।”

त्यसैगरी सुकुना मा.वि.का एकजना स्रोतशिक्षक भन्नुहुन्छ - “हाल भैइरहेको पाठ्यक्रमले यस्ता बालबालिकालाई वातावरणसम्बन्धी सामान्यज्ञान र साधारण हिसाब गर्न सक्षम बनाएको छ । साक्षर भएर मात्र वर्तमान प्रतिस्पर्धाको युगमा बहिरा

बालबालिका अन्य साङ्गहरूसरह प्रतिस्पर्धा गर्न सक्तैनन् । उनीहरूको प्रमुख कठिनाई भाषागत भएकोले आवश्यक मात्रामा साङ्केतिक भाषाका शब्दहरू विकास गरिनु जरुरी छ ।

शिक्षक तथा प्र.अ.हरूका विचारमा बहिरा तथा सुस्तश्रवणहरूलाई हाल दिइरहेको पाठ्यक्रम उपयुक्त छैन । उनीहरूको विकासका लागि विशेष किसिमको सीपमूलक र प्राविधिक शिक्षा दिने पाठ्यक्रम तय गरी दक्ष व्यक्तिबाट शिक्षण गराइनुपर्छ । यसका साथै साङ्केतिक भाषाका सीमित (२२२२वटा) शब्दावली मात्र शब्दकोषमा भएकाले यसको विकास तर्फ जोड दिनुपर्छ भन्ने रहेको देखिन्छ ।

## ४.४.३. शैक्षिक समस्या समाधानका उपायहरू

बहिरा तथा सुस्तश्रवण बालबालिकाका शैक्षिक कठिनाइहरूको अध्ययनपश्चात् ती कठीनाइ/समस्याका समाधानार्थ सुझाबहरू गर्ने क्रममा अध्ययन क्षेत्रभित्र परेका विद्यालयका  प्र.अ., वि.व्य.स.का अध्यक्ष, स्रोतशिक्षक , स्रोतव्यक्ति र विशेष शिक्षा हेर्ने वि.नि लाई भेटिएको थियो । उक्त भेटबाट प्राप्त प्रतिक्रया यस्तो थियो -

सुकुना मा.वि..व्य.स.का अध्यक्ष "सरकारले बहिरा तथा सुस्तश्रवणहरूका लागि विशेष नीति तथा कार्यक्रम ल्याउनुपर्छ र स्थानीय तहमा नै जिम्मा दिनुपर्छ । यसको निम्ति हामी सबैले पहल गर्नुपर्छ । "

सुकुना मा.वि.का प्र.अ भनुहुन्छ "विद्यालय प्रवेश नपाएका बहिरा बालबालिका भएका परिवारमा चेतनाको विकाश गराई पढ्ने अवसर दिलाउनुपर्छ । सांङ्केतिक भाषाको विकास र विस्तार गर्न सकेमा केही समस्या कम हुनसक्छ ।"

शिक्षकहरूबाट समग्रमा " भाषिक कठिनाइ प्रनुख भएको कारण  साङ्केतिक भाषाका शब्दावलीको विकास गर्नुपर्छ , बहिरा तथा सुस्तश्रवणहरूका निम्ति छुट्टै पाठ्यक्रमको विकास गर्नुपर्छ , साङ्केतिक भाषामा पाठ्यपुस्तक निकाल्नु पर्छ, हमेसा साङ्केतिक भाषा र शैक्षिक सामग्रीहरूको प्रयोग बाट मात्र शिक्षण गर्ने , समाहित कक्षामा दोभासे शिक्षकको व्यवस्था गर्ने, थप शबदकोशको निर्माण , शिक्षकहरूलाई आवश्यकता अनुसार विषयगत तालिमको व्यवस्था गरिनुपर्छ । साथै सबै जिम्मेबार

पक्षहरूले यस प्रति चासो राखेर लाग्ने हो भने यस्ता समस्या घट्न र हट्न धेरै समय लाग्दैन ।"

सुकुना मा.वि. का विशेष शिक्षा हेर्ने वि.नि भन्नुहुन्छ,

"वहिरा तथा सुस्तश्रवण बालबालिकालाई सुविधा र अवसर दिनुपर्छ, अपहेलना नगर्ने माया र सद्भावको भावना राख्नाले उनीहरूको मनोबल उच्च भई सिक्ने कुरामा जागरुक हुन्छन् , यसले गर्दा सिकाइ उपलब्धि राम्रो हुन्छ ।"

उल्लिेखित भनाइहरू तथा सुझावहरूलाई समग्रमा यसरी बुँदागत रूपमा समावेश गर्ने प्रयास गरीएको छ :

१. वहिरा तथा सुस्तश्रवण बालबालिका सञ्चारमा विकास गरिनुपर्ने देखिन्छ।
२. उनीहरुको सामाजिक चेतनामा विकास गरिनुपर्ने देखिन्छ ।
३. अपाङ्गहरूको पारिवारिक अवस्थामा सुधार गर्न सीपमूलक तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
४. वहिरा तथा सुस्तश्रवण बालबालिका आर्थिक रूपमा सक्षम बनाउन अवसरहरू प्रदान गर्ने ।
५. वहिरा तथा सुस्तश्रवण बालबालिका अपाङ्ग बालबालिकाका अभिभावकहरूमा दायित्वबोध गराउन पहल गर्ने ।
६. विद्यालयको व्यवस्थापनपक्ष स्तरीय बनाउनु पर्ने ।
७. साङ्केतिक भाषाका शब्दावलीको विकास गरीनु पर्ने ।
८. एउटै सङ्केतबाट अनेक अर्थ लाग्ने नबनाउने ।
९. बहिरा बालबालिकाका अभिभावक/परिवारलाई साङ्केतिक भाषाको तालिम दिलाउने ।
१०. कक्षाशिक्षण समय सकेसम्म बढाउने वा अन्य समयमा पुन शिक्षण गराउने ।
११. सम्बन्धित शिक्षकहरूलाई भाषा शिक्षणका साथै विषयगत तालिम दिनुपर्ने ।
१२. बहिराहरूको निम्ति उपयुक्त पाठ्यक्रमको व्यवस्था गर्नुपर्ने ।

१३. सीपमूलक र प्राविधिक शिक्षाको व्यवस्था गरिनुपर्ने ।

१४. कठिन विषय (अङ्ग्रेजी, गणित, विज्ञान) हरूको सङ्केतमा विकास गर्नुपर्ने ।

१५. वहिरा तथा सुस्तश्रवण बालबालिका परिवार र साथीहरूबाट सहयोग गर्न प्रेरित गर्ने ।

१६. वहिरा तथा सुस्तश्रवण बालबालिकालाई अतिरिक्त क्रियाकलापमा सहभागी गराउने ।

१७. कक्षाकोठादेखि लिएर सबै सार्वजनिक ठाउँहरूमा दोभासेको व्यवस्था गरीनु पर्ने ।

यी बुँदाहरूलाई जिम्मेवार सबैपक्षले आत्मसात गरी आ-आफ्ना स्थानबाट कार्यान्वयनतर्फ राष्ट्रलाई अग्रसर गराउन सहयोग गर्नुपर्दछ । हामी सबैको स-सानो सहयोगले उनीहरूको भविष्य उज्जवल बन्न सक्छ ।

### ४.४.४ वहिरा तथा सुस्तश्रवण बालबालिका शैक्षिक समस्याका जिम्मेवार पक्ष

बहिरा तथा सुस्तश्रवण बालबालिकाका शैक्षिक समस्या र तिनका समाधानका उपायहरूको अध्ययनपश्चात् अध्ययन क्षेत्रभित्र परेका विद्यालयका प्र.अ., वि.व्य. स.का. अध्यक्ष ,स्रोत शिक्षकहरू, स्रोत व्यक्ति र विशेष शिक्षा हेर्ने वि.नि.हरूलाई भेटी बहिराहरूको समस्या प्रति कुन पक्ष बढी जिम्मेवार हुनुपर्छ भनी राखिएको जिज्ञासामा उनीहरूबाट प्राप्त प्रतिक्रियालाई तालिका ४.११ मा देखाइएको छ ।

**तालिका ४.१० वहिरा तथा सुस्तश्रवण बालबालिकाका शैक्षिक समस्याका जिम्मेवार पक्षः**

| सि.नं. | जिम्मेवार पक्ष (निकाय/संस्था) | उत्तरदाता सङ्ख्या | प्रतिशत | क्रम |
|---|---|---|---|---|
| ०१ | राज्य/ सरकार/ शिक्षा मन्त्रालय | १५ | ७१.४३% | I |
| ०२ | अपाङ्ग महासङ्घ | ८ | ३८.०० % | VI |
| ०३ | बहिरा सङ्घ | २ | ९.५२% | VIII |
| ०४ | सि.वि.आर | २ | ९.५२% | VIII |
| ०५ | स्थानीय निकाय/ समूदाय | १० | ४७.६० % | IV |
| ०६ | विद्यालय/वि.व्य.स. | १४ | ६६.६६% | II |
| ०७ | स्रोत शिक्षक | ११ | ५२.३८ % | III |
| ०८ | परिवार/ अभिभावक | ९ | ४२.८५ % | V |
| ०९ | विद्यार्थी स्वयम् | ३ | १४.२८ % | VII |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६।

तलिका ४.१० मा बहिरा तथा सुस्तश्रवण बालबालिकाका समस्या समाधानार्थ प्रमुख जिम्मेवारी कसले लिनुपर्छ भन्ने प्रश्नमा अध्ययन क्षेत्र भित्रका तीन वटा विद्यालयका जम्मा २१ जना उत्तरदाताहरूलाई समावेश गरीएको छ । जस मध्ये प्र.अ.३, वि.व्य.स अध्यक्ष ३, शिक्षक ९, स्रोत व्यक्ति ३ रहेका छन् । प्राप्त प्रतिक्रिया अनुसार प्रमुख जिम्मेवारी राज्य/ सरकार/ शिक्षा मन्त्रालयले लिनुपर्छ भन्नेहरूमा ७१.४३ प्रतिशत देखियो । त्यसैगरी अपाङ्ग महासङ्घ हुनुपर्छ भन्नेमा ३८ प्रतिशत, बहिरा सङ्घ हुनुपर्छ भन्नेमा ९.५२ प्रतिशत रहेको छ । सि.वि.आर हुनुपर्छ भन्नेमा पनि ९.५२ प्रतिशत छन् । त्यसैगरी स्थानीय निकाय/ समुदाय हुनुपर्छ भन्नेमा ४७.७ प्रतिशत, विद्यालय/वि.व्य.स. हुनुपर्छ भन्नेमा ६६.६६ प्रतिशत, विद्यालयका स्रोतशिक्षक हुनुपर्छ भन्नेमा ५२.३८ प्रतिशत, परिवार/ अभिभावक हुनुपर्छ भन्नेमा ४२.८५ प्रतिशत र विद्यार्थी स्वयम् हुनुपर्छ भन्नेमा १४.२८ प्रतिशत रहेको पाइयो ।

यस अध्ययनबाट बहिरा तथा सुस्तश्रवण बालबालिकाका समस्या समाधानार्थ प्रमुख जिम्मेवारी राज्य/ सरकार/ शिक्षा मन्त्रालय नै रहनुपर्छ भन्ने देखिएको छ । त्यसपछि क्रमशः विद्यालय/वि.व्य.स., स्रोत शिक्षक, स्थानीय निकाय/ समुदाय, परिवार/ अभिभावक, अपाङ्ग महासङ्घ, विद्यार्थी स्वयम् र बहिरा सङ्घ तथा सि.वि.आर हुनुपर्ने देखाएको छ । यी सबै जिम्मेवार पक्षहरूले आ-आफ्ना ठाँउबाट जिम्मेवारी पूरा गर्न कटिबद्ध भएमा त्यस्ता समस्याहरूको निराकरण भई गुणस्तरीय शिक्षामा टेवा पुग्न सक्ने देखिन्छ ।

# परिच्छेद : पाँच

## ५. प्राप्तिहरू

यस अध्यायमा अध्याय चारमा प्रस्तुत तथ्याङ्क र तिनका विश्लेषणमार्फत प्राप्त प्राप्तिहरूलाई अलग-अलग शीर्षकभित्र समेटी अध्ययनबाट प्राप्त नतिजालाई आवश्यकता अनुसार पूर्व साहित्यको अध्ययन सँग सम्वन्धित गरेर हेर्ने प्रयास गरीएको छ ।

## ५.१ शैक्षिक अवस्था

बहिरा तथा सुस्तश्रवण बालबालिकाको शैक्षिक अवस्थाको अध्ययन गर्ने क्रममा शिक्षालाई प्रभाव पार्ने अन्य पक्षहरूको पनि अध्ययन गरीएको छ । उनीहरूको शैक्षिक अवस्थाका सम्वन्धमा प्राप्त तथ्याङ्क अनुसार ३३.३३ प्रतिशतले उनीहरूको अवस्था राम्रो र सन्तोषजनक रहेको, ४४.४४ प्रतिशतले सुधारोन्मुख रहेको र २२.२२ प्रतिशतबाट ज्यादै नाजुक अवस्था रहेको तथ्याङ्क प्राप्त भएको छ । यस अध्ययनबाट उनीहरूको शैक्षिक अवस्था सुधार हुँदै गएको पाइयो ।

त्यसैगरी बहिरा बालबालिकाप्रति समाजको दृष्टिकोणका सम्बन्धमा गरीएको अनुसन्धानबाट पूर्ण रूपमा सकारात्मक सोचको विकास भएको छ भन्नेमा ४६.१६ प्रतिशत, सुधारोन्मुख हुदै गएको छ भन्नेमा ३३.३३ प्रतिशत, ठिकै छ भन्नेमा २०.५१ प्रतिशत र परम्परागत सोच कायमै छ भन्नेको सङ्ख्या शुन्य रहेको तथ्याङ्कबाट प्रांप्त भएको छ । उक्त  तथ्याङकबाट उनीहरूप्रति समाजको धारणा सकरात्मक बन्दै गएको देखियो भने सि.वि.आर. मोरङ (२००७) ले पनि अपाङ्गता भएका व्यक्तिहरू प्रति आ-आफ्नो समाजको धारणा सर्वेक्षण गर्ने क्रममा धेरै राम्रो भैसकेकोमा ३९.४२ प्रतिशत, राम्रो भएकोमा ४८.७४ प्रतिशत, ठीकै भन्नेमा ११.१२ प्रतिशत र नराम्रो भन्नेमा ०.७२ प्रतिशत रहेको देखाएको छ । समाजमा अपाङ्गता भएका व्यक्तिहरूप्रति नकरात्मक सोच हुन्छ भन्नेमा धारणा कम हुदै गएको देखिन्छ । थप गर्ने विद्यालयमा प्रवेश पाएका र नपाएका बहिरा तथा सुस्तश्रवण बालबालिकाको अवस्थामा निकै ठूलो भिन्नता रहेको

यस अध्ययनले देखाएको छ । विद्यालय प्रवेश पाएका बालबालिकामा चेतनाको विकास भई हौसला पाएको देखिन्छ। उनीहरूमा जोश, जाँगर र खुसीका साथै केही गर्न सक्छु भन्ने भावनाको विकास भएको र विद्यालय प्रवेश नपाएकाहरूमा त्यस्तो नभएको, उनीहरू घरैमा अपहेलित भएर बस्नुपर्ने भएकाले नैराश्य रहेको पाइयो । यस्ता बालबालिकाको जीवन निराशा युक्त हुनबाट बचाउन सबैले आ-आफ्नो स्थानबाट पहल गर्नुपर्ने आवश्यकता रहेको कुरा सि.वि.आर. मोरङ (२००७) ले अपाङ्गता भएका बालबालिकाप्रति घर परिवारको व्यवहार धेरै राम्रो हुन थालेको र न्यून सङ्ख्याले परिवारबाट नराम्रो व्यवहार पाएको तथ्याङक देखाएबाट पुष्टि हुन्छ । उक्त प्रतिवेदनले नराम्रो व्यवहार पाएको र ठीकै भन्ने जवाफलाई राम्रोको रेखाभन्दा माथि पुऱ्याउनु परिवारको चुनौती रहेको समेत देखाएको छ ।

यस अध्ययनको छनोटमा परेका ३ वटा विद्यालयको सङ्ख्यात्मक अवस्थालाई हेर्दा जनता नमुना उच्च मा.वि.मा वहिरा तथा सुस्तश्रवण बालबालिकाको जम्मा सङ्ख्या ५२ छ । जसमध्ये २६ जना छात्रा र २६ जना छात्र छन् ।

यस विद्यालयमा कक्षा १ देखि कक्षा १० सम्मका सबै बहिरा विद्यार्थीहरूलाई अन्य विद्यार्थीहरू सँगै राखेर (समाहित कक्षा) शिक्षण गरिएको पाइयो भने पूर्व प्राथमिक कक्षा छुट्टै सञ्चालन गरेको पाइयो । पूर्व प्राथमिक कक्षालाई पनि २ वर्गमा विभाजन गरी सिकाइमा सहजता ल्याउने प्रयास भएको देखियो । यस विद्यालयका शत प्रतिशत शिक्षक तालिमप्राप्त रहेको पाइयो । त्यसैगरी सुकुना मा.वि.का जम्मा बहिरा तथा सुस्तश्रवण विद्यार्थी सङ्ख्या २२ मध्ये १४ जना छात्र र ८ जना छात्रा छन् । उक्त विद्यालयमा बहिरा विद्यार्थीहरूलाई छुट्टै कक्षामा राखी कक्षा ४ सम्मको मात्र शिक्षा दिने गरेको पाइयो । बहिरा विद्यार्थीलाई अन्य विद्यार्थीसँग राखेर शिक्षण गरेको पाइएन । २ जना शिक्षकले छुट्टै कक्षामा पूर्ण सञ्चारको माध्यमबाट बहिराहरूलाई मात्र केन्द्रित गरी शिक्षण गरीने हुदाँ शिक्षण प्रभावकारी भएको पाइयो । उक्त विद्यालयमा हाल सम्पूर्ण शिक्षकहरूलाई साङ्केतिक भाषाको तालिम दिईदै गरेको पाइयो ।

त्यस्तै श्री पब्लिक उच्च मा.वि. मा बहिरा तथा सुस्तश्रवण बालबालिकाको सख्या ८ मात्र छ । जसमध्ये ४ जना छात्र र ४ जना छात्रा छन् । उक्त विद्यालयमा

कक्षा ३ सम्म छुट्टै कक्षा (विशेष कक्षा) संञ्चालन भएको पाइयो भने कक्षा ४ देखि माथिका विद्यार्थीलाई अन्य विद्यार्थी सँगै राखेर अध्यापन गरेको पाइयो । उक्त विद्यालयमा साङ्केतिक भाषा तालिम प्राप्त २ जना शिक्षक भए तापनि समाहित कक्षा संञ्चालित भएको पाइयो । साङ्केतिक भाषा कै ज्ञान नभएका शिक्षकहरू बाट पनि अध्यापन गराउने गरेको पाइयो । बहिरा विद्यार्थीहरूले मौखिक शिक्षणबाट बुझ्न नसक्ने हुँदा उनीहरूमा नैराश्य आउने गरेको पाइयो । यसकै कारण गत वर्षमा भन्दा यस वर्ष विद्यार्थी सङ्ख्या ज्यादै न्यून रहेको पाइयो ।

माथि उल्लेखित कुराले एकपटक जोन डिवेको साङ्केतिक अन्तर्क्रिया सिद्धान्तलाई स्मरण गराउन पुग्यो । उक्त सिद्धान्त अनुसार व्यक्तिले अरु सँग सञ्चारको माध्यमबाट अन्तर्क्रिया गर्दछ , जसबाट आत्मा प्रतिविम्ब प्राप्त गर्दछ । अर्थात अन्तर्क्रियाका क्रममा हुने शव्दहरू इसारा, हाउभाउ, संकेत वा चिन्ह आदिको माध्यमबाट मानिसले आफ्नो तरिकाले बुझ्न वा ज्ञान आर्जन गर्न सक्दछन्  र त्यसलाई व्यवहारमा उर्तान सक्छन् भन्ने कुरामा ध्यान दिएको पाइएन । जसको परिणामस्वरुप विद्यार्थी सङ्ख्या घट्दै गएको पाइयो ।

यसरी विद्यार्थीसङ्ख्या घट्दै जानुको प्रमुख कारण साङ्केतिक भाषाको अभाव तथा भाषागत कमजोरी हो । प्लान नेपाल (२०६५) ले बहिराहरूको व्यवहारसँग परिचित र नेपाली साङ्केतिक भाषा अनुभव प्राप्त शिक्षकको अभाव देखाएको कुरा यहाँ सोह्रै आना मिल्न गयो, भने , मानिसमा दोहोरो र वास्तविक सञ्चार प्रणाली स्थापना गर्नुपर्छ , बालबालिकाको शिक्षण सिकाई प्रजातान्त्रिक धारणा अनुरुप हुनुपर्छ भन्ने मानव सम्वन्ध सिद्धान्तको प्रयोग नभएको पाइयो ।

## ५.२ व्यवस्थापकीय पक्ष

विद्यालयको कुशल सञ्चालनका लागि गरीने सम्पूर्ण कार्यहरू विद्यालय व्यवस्थापन अन्तर्गत पर्दछन् , जसमध्ये कक्षाकोठा व्यवस्थापन पनि एक हो । अध्ययन क्षेत्रभित्रका विद्यालयमा बहिरा तथा सुस्तश्रवण बालबालिकाको कक्षाकोठा व्यवस्थापनको अवस्थाको अध्ययनबाट प्राप्त तथ्याङ्क अनुसार कक्षाकोठा व्यवस्थापनप्रति सन्तुष्ट हुनेमा

४२.४२ प्रतिशत , पूर्ण सन्तुष्ट हुने अवस्था छैन भन्नेमा ३३.३३ प्रतिशत , सन्तुष्ट छैन भन्नेमा २१.२१ प्रतिशत र कक्षा कोठा अवलोकन गरेकै छैन भन्नेमा ३ प्रतिशत (१जना वि.नि) रहेको पाइयो । यस तथ्याङकबाट बहिरा तथा सुस्तश्रवण बालबालिकाको कक्षाकोठाको अवस्थालाई सन्तोषजनकै रूपमा देखाएको छ ।

अध्ययन क्षेत्रभित्र परेका विद्यालयहरूमा उपलब्ध शैक्षिक सामग्रीहरूलाई हेर्दा सबै विद्यालयमा फरक फरक अवस्था रहेको पाइयो । जनता नमुना उच्च मा.वि.मा विद्यार्थी सङ्ख्या पनि उच्च भएको र अन्य दातृसंस्थाहरूबाट अनुदान प्राप्त भएबाट शैक्षिक सामग्री तथा सन्दर्भ सामग्री पर्याप्त मात्रामा रहेको पाइयो भने सुकुना मा.वि.मा शैक्षिक सामग्री पर्याप्त मात्रामा उपलब्ध नभएको पाइयो । त्यस्तै पब्लिक उच्च मा.वि.मा विद्यार्थी सङ्ख्या न्युन भएको कारण शैक्षिक सामग्रीमा लगानी नगरीएको पाइयो । उक्त कुराले प्रणाली सिद्दान्तलाई सम्झाउन पुग्यो । विद्यालय एउटा सङ्गठन हो , जुन system मा आधारित हुन्छ । जहाँ लगानी (Input) को रूपमा मानवीय तथा भौतिक साधनहरू हुन्छन् , प्रक्रिया (process) को रूपमा गुणस्तरीय शिक्षण अभ्यास र प्रतिफल (product / output) को रूपमा स्तरीय परिणाम वा उत्पादनलाई लिइन्छ ।

त्यसैले शिक्षामा लगानी नै नगरी प्रतिफलको आशा गर्नु व्यर्थ हुन्छ । लगानी मात्र गरेर पनि हुँदैन , त्यसको कार्यान्वयन प्रक्रिया प्रभावकारी भयो भने मात्र उत्पादन वा परिणाम पनि प्रभावकारी वा स्तरीय हुन्छ भन्ने प्रणाली सिद्दान्त (system theory) यहाँ लागु नभएको देखिन्छ । तर शैक्षिक सामग्रीको अभाव तथा तालिमप्राप्त शिक्षकको अभाव भएतापनि उक्त विद्यालयमा बहिरा तथा सुस्तश्रवण बालबालिकाको अन्य व्यवस्थापनमा ध्यान पुऱ्याएको देखिन्छ जस्तै सुस्तश्रवण बालबालिकाको श्रवणक्षमता केही गुमेको भएतापनि केही अंश बाँकी रहेको हुन्छ । यस्ता बालबालिकालाई शिक्षण गर्दा शिक्षकको अनुहार एवम् बोल्दा ओठ चलेको देख्न सक्ने ठाउँमा बसाउने , अघिल्लो बेन्चको बीचमा बसाइको व्यवस्था मिलाउने र शिक्षण सिकाइ क्रियाकलापमा समूह बनाई जिम्मेवारी प्रदान गर्ने जस्ता कार्यहरू यूनेस्को (२०६३) को अनुसार गरेको पाइयो ।

विद्यालयले उपलब्ध गराएको सेवा सुविधाप्रति सम्बन्धित पक्षको धारणा अध्ययन गर्दा पूर्ण सन्तुष्ट हुनेमा ७६.६६ प्रतिशत , ठीकै छ भन्ने १६.६६ प्रतिशत र असन्तुष्ट

रहनेमा ६.६६ प्रतिशत (विद्यार्थी मात्र) छन् । यस अध्ययनबाट यो भन्न सकिन्छ कि , विद्यालयले सामान्य सेवा सुविधामात्र उपलब्ध गराउन सकेमात्र पनि विद्यार्थी सन्तुष्ट हुने रहेछन् तर यस कुरामा केही विद्यालयले बेवास्ता गरेको पाइयो ।

शिक्षक , अभिभावक तथा सम्बन्धित व्यक्तिहरूले साङ्केतिक भाषा सिक्नु / तालिम लिनु अत्यन्तै जरुरी छ भन्नेहरू ६६.६६ प्रतिशत रहेको पाइयो भने सिक्नु राम्रो हो भन्नेमा २५.९३ प्रतिशत र अरूले सिक्नु आवश्यक छैन भन्नेमा ७.४१ प्रतिशत पाइयो । यस अध्ययनबाट अत्यन्तै जरुरी र सिक्नु राम्रोका योग ९२.५९ प्रतिशत हुन आएकोले सम्बन्धित सबैले सांकेतिक भाषा सिक्दा राम्रो हुने देखियो ।

साधारण विद्यालयहरूमा विशेष कक्षा सञ्चालनका लागि र उचित व्यबस्थापनका लागि सरकारी अनुदान पर्याप्त नभएको पाइयो । विभिन्न दातृ-संस्थाहरूबाट सहयोग पाएका र विद्यालयकै अन्य आयबाट थप गरी विशेष कक्षालाई व्यवस्थित गरेको पाइयो भने सहयोग नपाएका र अन्य आय पनि न्यून भएका विद्यालयमा व्यवस्थापन पक्ष कमजोर तथा गुणस्तरीय शिक्षाको अभाव रहेको पाइयो । त्यसैले गुणस्तरीय शिक्षाको अभाव हुनु र व्यवस्थापन पक्ष कमजोर हुनुमा आर्थिक सङ्कट नै प्रमुख कारक रहेको देखियो ।

बहिरा तथा सुस्तश्रवण बालबालिकाका लागि जनता नमुना उच्च मा.वि.मा अतिरिक्त क्रियाकलापहरू सञ्चालन भएको पाइयो । उक्त विद्यालयले कक्षा व्यवस्थापनका अलावा विभिन्न प्रतियोगिताहरू (चित्रकला , हस्तकला , खेल, नृत्य , स्काउट टुप आदि) सञ्चालन गरेर उनीहरू पनि अवसर पाए केही गर्न सक्छन् भन्ने धारणा अनुरूप सञ्चालन गरेको पाइयो । यसले उनीहरूको गुणस्तरीय शिक्षामा थप टेवा पुऱ्याउने देखिएको छ । यस्ता बालबालिका भाषागत कठिनाइका कारण अन्य विद्यार्थीको गतिमा बुझ्न र सिक्न नसक्ने भएकाले उनीहरूलाई अतिरिक्त क्रियाकलाप गराउनु राम्रो पक्ष मानिएको छ ।

सरकारी तवरबाट पनि सामाजिक अवरोध बिरूद्धका केही कार्यक्रमहरू सञ्चालन गरीदैं आएको पाइयो ।

## ५.३ शैक्षिक समस्याहरू

बहिरा तथा सुस्तश्रवण बालबालिकामा समाजिक चेतना र पारिवारिक अवस्था फरक फरक भएका कारण कक्षा कोठा व्यवस्थापन गर्ने कार्यमा समस्या रहको पाइयो । सबै समाजको वातावरण एकै किसिमको नहुन सक्छ, एउटा समाजको प्रणाली (system) अर्को समाजको प्रणालीसँग मेल नखाने भएकाले सबै समाजका बालबालिकाको पहिचान बाट मात्र कक्षा व्यवस्थापन गर्नु पर्ने कुरा अगस्ते कम्तेको प्रणालीको सिद्धान्तसँग मेल खाएको छ ।

संञ्चारमा असमानता , सीमित शब्दावली, पाठ्यक्रम र पुस्तकका सबै शब्दहरू साङ्केतिक भाषाको शब्दकोषमा नपाइनु , एउटै शब्दका अनेक अर्थ लाग्नु जस्ता समस्याले बहिरा बालबालिकालाई अन्य विद्यार्थी सरहको पाठ्यक्रम अध्यन गराउन समस्या भएको पाइयो । त्यसैगरी एउटै शिक्षकले मौखिक तथा साङ्केतिक भाषामा पढाउनुपर्दा कक्षाशिक्षण समयको पनि कमी हुने गरेको पाइयो । जुन कुरा प्लान नेपाल (२०६५)मा उल्लेखित शैक्षिक अवरोधसँग मिल्न गयो ।

शिक्षकहरूमा पर्याप्त मात्रामा विषयगत ज्ञान र तालिमको व्यवस्था नहुनु , सांङकेतिक भाषा तालिम मात्र लिएको भरमा शिक्षण गर्नु र साङ्केतिक भाषासम्बन्धी ज्ञान नै नभएका शिक्षकबाट समाहित कक्षा शिक्षण गरिनु यी तीनै किसिमका समस्याहरू कक्षा शिक्षणमा देखिए ।

राष्ट्रिय शिक्षा आयोग २०४९ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५को सुझाव कार्यान्वयन सम्बन्धी कार्ययोजना (शिक्षा आयोग प्रतिवेदन को कार्य योजना निर्माण समिति २०५६) मा हालको माध्यमिक तहसम्मको पाठ्यक्रममा अपाङ्गहरूलाई समेत हुनेगरी परिमार्जित तथा समायोजन गर्ने , त्यसका लागि पाठ्यक्रम तर्जुमा गर्ने विषयमा विशेष शिक्षाका विज्ञ तथा शिक्षकहरूलाई प्रतिनिधित्व गराउने र आवश्यक सन्दर्भ सामग्रीसमेत तयार गर्नेजस्ता कुराहरू उल्लेख गरी जिम्मेवारी दिएको भएतापनि हालसम्म बहिराहरूका लागि उपयुक्त पाठ्यक्रम उपलब्ध नभएको पाइयो । हाल शिक्षण भैरहेका अङ्ग्रेजी , गणित , विज्ञान विषयहरू कठीन

पनि छन् र तिनै विषयका शब्दहरू साङ्केतिक भाषामा कम मात्र हुनाले झनै ठूलो समस्या भएको पाइयो ।

यस अध्ययनबाट बहिरा तथा सुस्तश्रवण बालबालिकाका शैक्षिक समस्याहरू धेरै र जटिल भएको पाइयो । मुख्य रूपमा देखिने समस्याहरूमा भाषागत कठिनाइ , सिमित शैक्षिक सामग्री शब्दावली , पाठ्यपुस्तकमा भएका सबै शब्दहरूको संकेत नहुनु , शैक्षिक सामग्री तथा सन्दर्भ सामग्रीको अभाव , एउटै शब्दको अनेक अर्थ लाग्नु , सञ्चारमा असमानता भएका कारण कक्षाशिक्षण समय कम हुनु ,कक्षा शिक्षणमा दोभासेको व्यवस्था नहुनु , पाठ्यक्रम उपलब्धिमूलक नहुनु , साथीभाइ र परिवारबाट पनि सहयोग नपाउनु , अभिभावकहरूमा दायित्व कम हुनु रहेको पाइयो ।

उल्लिखित शैक्षिक समस्याको प्रमुख कारक सामाजिक दृष्टिकोण हो भन्नेमा ३३.३३ प्रतिशत, आर्थिक अभाव हो भन्नेमा ३३.३३ प्रतिशत, कमजोर व्यवस्थापन भन्नेमा १६.३३ प्रतिशत र भाषिक कठिनाई भन्नेमा १६.३३ प्रतिशत रहेको पाइयो । यस अध्ययनले शैक्षिक क्षेत्रमा देखिएका समस्याहरूको प्रमुख कारणको रूपमा समाजमा बहिराहरूलाई हेर्ने दृष्टिकोण पूर्णरूपमा सकारात्मक नहुनुलाई देखाएको छ । तर एक अध्ययन सि.वि. आर मोरङ (२००७) ले आपाङ्गता भएका व्यक्तिहरूप्रति समाजको दृष्टिकोण राम्रो भैसकेकोमा ८८ प्रतिशत रहेको तथ्याङ्कले देखाएको छ । आर्थिक अभावका कारण पनि धेरै समस्याहरू आएका छन् । विशेष कक्षा सञ्चालनका लागि सरकारी अनुदान सीमित मात्र आउने हुदाँ आर्थिक अभावका कारण आवश्यक मात्रामा शैक्षिक सामग्री उपलब्ध नभएको पाइयो । तर एक अध्ययन प्लान नेपाल (२०६३)ले शैक्षिक अवरोधहरूमा आर्थिक अभावलाई राखेको पाइएन भने शैक्षिक सामग्रीहरूको अभावलाई अग्र पंङ्तिमा राखेको पाइयो जुन यस अध्ययनसँग मिल्न गयो । विद्यालयका व्यवस्थापनपक्ष कमजोर हुनु र भाषिक कठिनाइका कारण पनि शैक्षिक क्षेत्रमा समस्याहरू थप गरेको अध्ययनले देखाएको छ ।

बहिरा तथा सुस्तश्रवण बालबालिका संकेतका साथै हाउभाउ , इशारा, अनुहारको भाव आदिका आधारमा संञ्चार गर्ने र बुझ्ने भएको कारण उनीहरू लाई पूर्ण सांङ्केतिक भाषाका साथै अभिनयको माध्यमबाट शिक्षण गर्नुपर्दछ । उनीहरूले

जब सिकाएको कुरा बुझ्दछन् जसबाट आत्मप्रतिविम्ब (Self image) प्राप्त गर्दछन् , तबमात्र उनीहरूले आफ्नो तरिकाले त्यसलाई परिभाषित गर्न सक्तछन् भन्ने साङ्केतिक अन्तर्क्रियाको सिद्धान्त (Symbolic Interaction Theory ) को ज्ञान भएतापनि समाहित कक्षाहरूमा विविध समस्याहरूका कारण आवश्यक मात्रामा सांङ्केतिक अन्तर्क्रिया गर्न असहज र समय परिधिले पनि सिमित गरेको पाइयो ।

## ५.४ समस्या समाधानका उपायहरू

विद्यालयमा बहिरा तथा सुस्तश्रवण बालबालिकालाई कक्षाकाठो वातावरणले प्रत्यक्ष असर पार्ने भएकोले उनीहरूको कक्षाकोठा व्यवस्थापनमा आउने समस्याहरू निराकरणका लागि विद्यालयहरूले सकेसम्म व्यवस्थित गर्न खोजेको पाइयो । समस्याहरू हटाउन सर्वप्रथम छुट्टै कक्षकोठाको व्यवस्था गर्नुपर्ने कुरामा १०० प्रतिशतको सहमति रहेको पाइयो भने गोलाकार टेबलको व्यवस्था र प्रशस्त शैक्षिक सामग्री युक्त कोठा हुनुपर्नेमा ८३.३३ प्रतिशतको धारणा रहेको पाइयो । त्यसैगरी कक्षाकोठा प्रकाशयुक्त र हावादार हुनुपर्छ भन्ने धारणा राख्नेमा ५० प्रतिशत , फराकिलो र शैक्षिक सामग्री प्रदर्शन गर्न सकिने मा ३३.३३ प्रतिशत , तालिम प्राप्त र दक्ष शिक्षक को व्यवस्था हुनुपर्छ भन्नेमा ३३.३३ प्रतिशत , सहमति कक्षा भए दोभाषाको व्यवस्था हुनुपर्ने धारणा १६.१६ प्रतिशतको र विद्यार्थी सङ्ख्या उपयुक्त हुनुपर्छ भन्ने धारणा राख्नेमा १६.१६ प्रतिशत रहेको पाइयो । केही विद्यालयहरूले उक्त तथ्याङ्क अनुसारनै कक्षाकोठाको व्यवस्थापन गरेको पाइयो भने केही विद्यालयमा सो अनुसार नभएको पाइयो ।

बहिरा तथा सुस्तश्रवण बालबालिकामा हाल दिइरहेको साधारण शिक्षाले उनीहरूलाई वातावरण सम्बन्धी सामान्य ज्ञान र साधारण हिसाब गर्न  सक्षम बनाएको पाइयो । साक्षर भएर मात्र वर्तमान प्रतिस्पर्धाको युगमा बहिरा बालबालिका अन्य साङ्ग सरह प्रतिस्पर्धा गर्न सक्तैनन् । उनीहरूको प्रमुख कठिनाई भाषागत भएको कारण आवश्यक मात्रामा सांकेतिक भाषाका शब्दहरू विकास गर्नु र उनीहरूलाई सीपमूलक , प्राविधिक र गुणस्तरी शिक्षा  दिई सक्षम  र स्वावलम्वी बनाउनु पर्ने आवश्कता रहेको पाइयो । यसको लागि शिक्षकहरूलाई साङंकेतिक भाषाको साथै विषयगत तालिम दिनुपर्ने

आवश्कता रहेको पाइयो । सबै विद्यालयमा बहिरा बालबालिकासँग सम्बाद गर्दा पूर्णतः साङ्केतिक भाषा र पूर्ण सञ्चार विधिको प्रयोग गर्नुपर्ने भएकोले बहिरा बालबालिकालाई शिक्षण गर्न आफ्नै विद्यालयका शिक्षकलाई तालिमको व्यवस्था गरेको साथै अन्य व्यवस्थापन पक्षमा समेत ध्यान पुऱ्याउनु पर्ने धारणा रहेको पाइयो । उक्त कुरा एक अध्ययन युनेस्को (२०६३) सँग मिल्न गयो । बालबालिकाको रूची, चाहना बुझेर राम्रो सम्बन्ध स्थापना गरी शिक्षण प्रभावकारी हुने मानव सम्बन्ध सिद्धान्तको धारणा अनुरूप शिक्षण गर्ने गरेको पाइयो ।

बहिरा तथा सुस्तश्रवणहरूको समुन्नतिका लागि सरकारले विशेष नीति तथा कार्यक्रम ल्याई स्थानीय तहमा नै जिम्मेवारी दिनुपर्ने, जसका लागि सम्वन्धित सबैले पहल गर्नुपर्ने धारणा रहेको पाइयो । त्यसैगरी विद्यालयमा प्रवेश नपाएका बहिरा बालबालिका हरू भएका परिवारमा चेतनाको बिकास गराई पढ्ने अवसर दिलाउन स्थानीय तहबाटै सम्भव हुनसक्ने धारणा रहेको पाइयो । उनीहरूलाई अपहेलना नगर्ने, माया र सद्भावको भावना राख्ने , सुविधा र अवसरहरू दिइनाले उनीहरूको मनोबल उच्च भई सिक्ने कुरामा जागरूक हुन्छन् जसले गर्दा सिकाई उपलब्धीमूलक हुने देखियो । बहिरा बालबालिकाको प्रमुख कठिनाईको रूपमा भाषिक कठिनाईलाई लिएको पाइयो जसले गर्दा साङ्केतिक भाषाका शब्दावलीको विकास , छुट्टै पाठ्यक्रम निर्माण अथवा साङ्केतिक भाषामा पाठ्यपुस्तक निकाल्ने र हमेसा साङ्केतिक भाषा र सन्र्दभ सामग्रीको प्रयोगबाट शिक्षण गर्ने , दोभासे शिक्षकको व्यवस्था गर्ने ,थप शब्दकोष निमार्ण , शिक्षकहरूलाई आवश्यकता अनुसार विषयगत तालिमको व्यवस्था गर्नुपर्ने धारणा रहेको पाइयो । यस अध्ययनले बहिरा तथा सुस्तश्रवणहरूका उल्लेखित समस्या समाधनमा प्रमुख जिम्मेवारी पक्ष सरकार वा राज्यपक्ष हुनुपर्छ भन्ने देखाएको छ । त्यसपछि क्रमशः विद्यालय वा वि.व्य.स स्रोत शिक्षक , स्थानीय निकाय वा समूदाय , परिवार/अभिभावक , अपाङ्ग महासङ्घ , विद्यार्थी स्वयम् र बहिरा सङ्घ तथा सि.वि.आर जिम्मेवार हुनुपर्ने धारणा रहेको पाइयो । यी सबै जिम्मेवार पक्षहरूले आ-आफ्नो जिम्मेवारी प्रति चासो राखेर लाग्नु पर्ने देखिन्छ । त्यसो भएमात्र यस्ता समस्याहरू घट्न र हट्न सक्ने देखिन्छ ।

# परिच्छेद : छ

## ६. निश्कर्ष र सुझावहरू

यस परिच्छेदमा दुई वटा क्षेत्रहरूलाई समेटिएको छ । पहिलोमा अध्ययनको निश्कर्ष र दोस्रोमा बहिरा तथा सुस्तश्रवण बालबालिकाले शैक्षिक क्षेत्रमा सामना गर्नुपरेका समस्या समाधानका उपायहरूलाई सुझावको रूपमा प्रस्तुत गरीएको छ।

## ६.१ निश्कर्ष (Conclusions )

यस अध्ययनबाट के निश्कर्ष निकालिएको छ भने , बहिरा तथा सुस्तश्रवणहरू प्रति समाजको तथा परिवारको धारणा धेरै राम्रो भैसकेको तथा शैक्षिक अवस्था पनि सुधार हुदै गएको र विद्यालय प्रवेश नपाएका बालबालिका भन्दा प्रवेश पाएका बालबालिका धेरै सक्षम र केही गर्न सक्छु भन्ने भावना विकास भएको हुँदा शिक्षाबाट बञ्चित शिक्षालिने अवसर दिलाउन सबैले आ-आफ्नो स्थानबाट पहल गर्नुपर्ने आवश्कता रहेको देखिएको छ ।

बहिरा तथा सुस्तश्रवण बालबालिकाको प्रमुख समस्या नै संञ्चारमा भएको कारण उनीहरूलाई शिक्षा दिनेकार्य ज्यादै सम्बेदनशील र जटिल कार्य हो । यस्तो कार्यलाई अन्य विद्यार्थी सरह सरल तरिकाले शिक्षण गार्न खोजिनु हुदैन । यसले उनीहरूमा आफू कमजोर भएको महशुस गराउँछ । यसले गर्दा यस्ता विद्यार्थीलाई शिक्षण गर्दा उनीहरूले कसरी सिक्न र चाँडो बुझ्न सक्छन् भन्ने कुरामा केन्द्रित भई विषयवस्तुको ज्ञान पर्याप्त भएका साङ्केतिक भाषाको तालिम प्राप्त शिक्षकबाट आवश्यक भए सम्म सन्दर्भ सामग्रीहरूको प्रयोग गरी शिक्षण गरेमा मात्र शिक्षण प्रभावकारी तथा गुणस्तरीय हुन सक्दछ । कुनै पनि शैक्षिक सामग्रीहरू प्रयोग गरेर गरीएको शिक्षण सबैका लागि अविष्मरणीय र दिगो हुन्छ , भने झन कान नसुन्नेहरूको त सिक्ने माध्यम नै आँखा भएकाले आँखाले देखेका कुरा र देखेर अभ्यास गरेका कुरा कहिल्यै नमेटिने हुँदा सन्दर्भ सामग्री तथा शैक्षिक सामग्री बहिरा तथा

सुस्तश्रवण बालबालिकाका लागि अपरिहार्य छ र यस्ता सामग्रीको प्रयोग दक्ष शिक्षकबाट हुनु पर्छ भन्ने निश्कर्ष निकालिएको छ ।

बहिरा बालबालिकाका लागि संञ्चालित एकल कक्षा शिक्षणमा देखिएका समस्या तथा समाधानका निश्कर्षहरू समाहित कक्षा शिक्षणमा पनि यथावत नै देखिन्छन् तर समाहित कक्षा शिक्षणमा थप समस्या भनेको समयको कमी रहेको देखिन्छ । एकै समयमा सबै विद्यार्थीहरूलाई संगै राखेर मौखिक तथा सांङ्केतिक भाषाबाट शिक्षण गर्दा कक्षा शिक्षण समयको कमी भउको हुँदा र कक्षा समय थप गर्न पनि सम्भव नहुने हुँदा दोभासे शिक्षकको व्यवस्था गर्ने अर्थात उनीहरूका लागि मात्र छुट्टै समय मिलाएर पुनः शिक्षण गर्ने कार्य गरीनु आवश्यक देखिएको निश्कर्ष निकालिएको छ । यस्ता बहिरा तथा सुस्तश्रवण बालबालिकाको लागि उपयुक्त र जीवनोपयोगी शिक्षा दिनु आवश्यक देखिएको छ । यसको लागि सरकारले उपयुक्त पाठ्यक्रमको विकास गरी सीपमूलक र गुणस्तरीय शिक्षा दिइनु जरुरी छ । जसले उनीहरूलाई रोजगार तथा स्वरोजगारको अवसर प्रदान गर्न सकोस् ।

उक्त कुराहरूलाई मध्यनजर राखी सरकारले नीति निर्माण तथा पाठ्यक्रम निर्माण कार्यमा स्थानीय तहबाट परामर्श लिई निर्णय गर्नुपर्ने र यसरी तय गरीएको कार्यक्रम कार्यान्वयनमा सहज हुने हुँदा राज्य पक्षले यस्ता कुरामा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ साथै कार्यान्वयनको जिम्मेवारी स्थानीय तहमा नै दिइदा कार्यान्वयनमा प्रभावकारिता आउने निश्कर्ष निकालिएको छ । यस्तो तहमा स्थानीय तहले सरकारको मात्र मुख नताकी जिम्मेवारी र सम्बन्धित सम्पूर्ण पक्ष एकजुट भएर उनीहरूको समुन्नतिका लागि पहल गर्नु पर्छ र स्थानीय तहबाट जिम्मेवारी बहन गर्न सक्नु पर्छ । जसरी 'आफ्नो गाउँ आँफै बनाँउ' अभियानले गाँउको विकासमा टेवा पुऱ्याएको छु , त्यसै गरी अपाङ्गता विकास अभियानलाई पनि आफ्नै गाँउ बाट वा स्थानीय तह बाट लागू गर्ने व्यवस्था मिलाउनु पर्छ भन्ने निष्कर्ष निकालिएको छ ।

## ६.२ सुझावहरू (Recommendations)

यस शोधपत्रमा प्राप्त तथ्याङ्कको व्याख्या विश्लेषण र अध्ययन गर्ने क्रममा सम्लग्न प्रधानाध्यापक विशेष शिक्षा हेर्ने विद्यालय निरीक्षक , वि. व्य. स. का अध्यक्ष, स्रोत व्यक्ति, स्रोत शिक्षकहरू, बहिरा तथा सुस्तश्रवण विद्यार्थी तथा अभिभावकहरू सँग बाट समेत समस्या समाधानका लागि दिइएका सुझाबहरूलाई मध्यनजर राखी समस्या समाधानार्थ निम्न सुझाबहरू प्रस्तुत गरीएको छ ।

**क. केन्द्रीय ( नीति निर्माण ) तहको लागि**

१. बहिरा बालबालिकालाई पढाउनु पर्छ भन्ने ज्ञान र चेतना नभएका समाजमा सरकारी तवरवाट सामाजिक अबरोध विरुद्धका चेतनामुलक कार्यक्रमहरू अझ नयाँ ढङ्गबाट संञ्चालन गनुपर्ने ।

२. बहिरा तथा सुस्तश्रवण बालबालिका प्राय : आर्थिक रूपमा कमजोर भएका कारण सीपमूलक र प्राविधिक शिक्षा वा अर्थोपार्जन गरी जिविका चलाउन सक्ने किसिमको शिक्षामा बढी आकर्षण हुने हुँदा उपयुक्त पाठ्यक्रम विकास गरी लागू गर्नुपर्ने ।

३. बहिरा शिक्षाका लागि बहिरा संस्कृति अनुसारको पाठ्यक्रम विकास गर्नुपर्ने साथै उनीहरूका लागि साङ्केतिक भाषामा निपूर्ण शिक्षकको व्यवस्था गरी दोभासे सेवा सहितको परीक्षा प्रणाली हुनुपर्ने ।

४. बहिराहरूलाई शिक्षण गर्न सकेसम्म शिक्षित र योग्य बहिराहरूलाई नै शिक्षकको रूपमा समावेश गर्न प्रेरित गर्ने ।

५. बहिरा बालबालिकाको उच्च शिक्षाका लागि राज्यले स्पष्ट सोच नबनाएको हुदाँ यथाशीघ्र कार्यक्रम बनाउनु पर्ने ।

६. सरकारी निकायबाट शिक्षाका कार्यक्रम ल्याउँदा तथा शैक्षिक नीति निर्माण कार्यमा स्थानीय तहलाई समावेश गर्नुपर्ने वा सङ्गठन तथा अभिभावकहरूलाई समेत सम्लग्न गराई कार्यक्रम तय गर्नुपर्ने ।

७. विशेष शिक्षा सञ्चालनका लागि स्थानीय बहिरा सङ्घलाई जिम्मेवारी दिई स्थानीय तहबाट कार्यक्रम सञ्चालन गराउनु पर्ने ।

८. बहिराहरूलाई स्वावलम्बी भविष्यका लागि विद्यालयमा नै आवश्यक पढाई , ज्ञान वा सीपमूलक शिक्षा दिइनुका साथै व्यवशायीक शिक्षा , तालिमकेन्द्र तथा प्राविधिक शिक्षाको व्यवस्था गर्नुपर्ने ।

९. बहिरा बालबालिकाको गुणस्तरीय शिक्षाका लागि सफल , उत्कृष्ट र उदाहरणीय विद्यालयलाई सम्मान गर्ने र यस्ता विद्यालयले गरेका कार्यहरूको बारेमा अन्य विद्यालयमा उदाहरणको रूपमा प्रचार प्रसार गर्ने ।

१०. सम्पूर्ण विशेष शिक्षा सञ्चालित विद्यालयहरूलाई भेला गरी बेलाबेलामा अभिमुखीकरण कार्यक्रम र तालिमहरू सञ्चालन गर्ने ।

११. सरकारले उचित व्यवस्थापनको लागि आर्थिक लगानी बढाउनु पर्ने ।

१२. साङ्केतिक भाषाका शब्दावली सीमित भएको कारण हाल भैरहेको पाठ्यक्रम अनुसार अध्ययन अध्यापन गर्ने समस्या भएको हुदाँ नेपाली संङ्केतहरूको निर्माण तर्फ ध्यान पुऱ्याउनु पर्ने ।

१३. बहिरा बालबालिकालाई विद्यालयको हाता भन्दा बाहिर हेर्दा उनीहरूका लागि सबै शून्य बराबर छ । कुनै पनि सरकारी कार्यालय , अस्पताल वा सार्वजनिक स्थलहरूमा दोभासेको व्यवस्था नभएको हुदाँ उनीहरू आफैँ ज्ञान लिने कुरामा पछि परेका छन् । यसले गर्दा आफ्नो जिज्ञासाहरूको समाधन खोज्न उनीहरूले अन्य व्यक्तिलाई बैशाखी बनाउनुपर्ने बाध्यता रहेको हुँदा यथाशिघ्र सार्वजनिक ठाँउहरूमा कम्तिमा १ जना दोभासेको नियुक्ति गरीनु आवश्यक देखिन्छ ।

१४. बहिरा विकासका लागि प्रमुख जिम्मेवार पक्ष राष्ट्र नै भएकोले राष्ट्रले नीतिगत कार्यहरू तथा पाठ्यक्रम निर्माण गर्दा कार्यान्वयन तह वा स्थानीय तहबाट आवश्यक परामर्श लिई नीति तथा पाठ्यक्रम तय गरी स्थानीय तहमा जिम्मेवारी दिइनु पर्ने ।

**ख. विद्यालय वा स्थानीय तहका लागि**

१. विद्यालय प्रवेश नपाएका वा शिक्षणबाट बञ्चित सम्पूर्ण बहिरा तथा सुस्तश्रवणहरूलाई शिक्षाको पहुँच पुऱ्याउन सबैले आ-आफ्नो स्थानबाट पहल गर्नुपर्ने ।

२. विद्यालयले विद्यार्थी तथा अन्य सम्बन्धित व्यक्तिहरूलाई समय समयमा आकर्षक कार्यक्रमको आयोजना गरी प्रेरणा जगाउने वातावरण सृजना गर्ने ।

३. विद्यालयले दिने सेवा सुविधाहरू नै प्रमुख आकर्षण भएको कारण निःशुल्क शिक्षा , शैक्षिक सामग्री , आवास छात्रवृत्ति , विद्यालय पोशाक ,यातायात , खाजा आदिको व्यवस्था गर्ने ।

४. बहिरा तथा सुस्तश्रवणहरूको प्रमुख समस्या नै सञ्चार भएकोले सञ्चारमा सहज वातावरण सृजना गर्ने ।

५. बालबालिकाको पारिवारिक , सामाजिक तथा आर्थिक परिवेश लाई पहिचान गरी कक्षा व्यवस्थापन गर्नुपर्ने ।

६. सफा , व्यवस्थित र शैक्षिक सामग्रीयुक्त कक्षाकोठाको व्यवस्था गर्नुपर्ने ।

७. बहिरा तथा सुस्तश्रवणहरूलाई अध्यापन गराउने शिक्षक पूर्ण रूपमा तालिम प्राप्त साथै साङ्केतिक भाषामा पोख्त शिक्षकको व्यवस्था हुनुपर्दछ । र त्यस्ता शिक्षकबाट शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गरीनु पर्दछ ।

८. बहिरा तथा सुस्तश्रवण बालबालिकाको सिक्ने माध्यम नै आँखा भएको कारण आँखाले देखेका कुरा र प्रयोग गरेका कुराबाट छिटो सिक्ने र सिकेको कुरा नविर्सीने भएकोले सन्दर्भ सामग्री तथा शैक्षिक सामग्रीको प्रयोग बाट मात्र शिक्षण गर्नुपर्ने ।

९. बहिरा बालबालिकाका परिवार तथा सम्वन्धित सबैले साङ्केतिक भाषाको तालिम लिनु आवश्यक देखिएको हुँदा तालिम सञ्चालन गर्नुपर्ने ।

१०. यस्ता कार्यक्रम सञ्चालनका लागि सरकार तथा विभिन्न दातृ संस्थाहरू, एन.जि.ओ , आइ.एन.जि.ओ बाट रकम सङ्कलन गरी विद्यालयले विशेष सेवा

सुविधा बढाई सम्पूर्ण बहिराहरूलाई समेट्ने गरी गुणस्तरीय शिक्षाका लागि पहल गर्नुपर्ने ।

११. शिक्षकहरूमा बहिरा सम्बन्धी सम्वेदनशीलता र चेतनाको ज्ञान भएका तथा उनीहरूको व्यवहार सँग परिचित र नेपाली साङ्केतिक भाषा अनुभव प्राप्त शिक्षकको व्यवस्था गर्नुपर्ने ।

१२. शैक्षिक सामग्री तथा सन्दर्भ सामग्री प्रयोग गरी शिक्षण गर्दा कक्षा समय अपुग भएको हुँदा यसलाई कसरी व्यवस्थापन गर्दा उत्तम हुन्छ, सोही अनुसार विद्यालयले सहयोगी स्रोत कक्षाको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## ‘बहिरा तथा सुस्तश्रवण बालबालिकाको शिक्षामा पहुँच’

# अनुसूची ३

ग) अपाङ्ग विद्यार्थीका शिक्षकको लागि तयार गरिएको अन्तवार्ता तालिकाः-

विद्यालयको नामः-

शिक्षकको नामः-

ठेगानाः-

उमेरः- लिङ्गः-

विशेष तालिम प्राप्त विशेष तालिम अप्राप्तः

१. तपाईले अध्यापन गर्ने विषय कुन हो ?

२. तपाईको कक्षामा कतिजना बहिरा तथा सुस्तश्रवण बालबालिका छन् ?

३. यस्ता विद्यार्थीहरूको शिक्षामा पहुँच बढाउन विद्यालयले पहल गरेको छ ?

४. यदि छ भने कसरी ?

५. यस्ता विद्यार्थीलाई विद्यालयमा बसेर पढ्ने व्यवस्था छ ?

६. यदि छ भने कस्तो ?

७. यस विद्यालयले उनीहरूका निम्ति आर्थिक स्रोत कसरी जुटाएको हुन्छ ?

८. बहिरा तथा सुस्तश्रवण बालबालिकालाई अन्य विद्यार्थी सँगै राखेर शिक्षण गर्नु भएको छ ?

९. यदी छ भने कस्ता समस्याहरू आइपरेका छन्?

१०. उनीहरुका लागि शैक्षिक व्यवस्थापन कसरी गर्नु पर्ला ?

११. उनीहरुको शैक्षिक व्यवस्थापनका लागि तपाईले गरेका केही प्रयासहरु छन् की?

१२. अपाङ्ग विद्यार्थी र अन्य विद्यार्थी बीचको सम्वन्ध कस्तो पाउनु भएको छ?

१३. उनीहरुले अध्ययनको क्रममा कस्ता समस्याहरु सामना गर्नु परेको छ?

१४. ती समस्या हुनुका कारण के के हुन्?

१५. यस्ता समस्या प्रति बालबालिकाको धारणा कस्तो छ?

१६. उनीहरुको शैक्षिक स्थितिमा सुधार ल्याउन के गर्नुपर्ला?

१७. उनीहरुको यस अवस्थामा सुधार ल्याउनमा कुन पक्ष बढी जिम्मेवार हुनुपर्छ ?

## 'बहिरा तथा सुस्तश्रवण बालबालिकाको शिक्षामा पहुँच'

# अनुसूची १

क) अपाङ्ग विद्यार्थीका विद्यालयका प्रधानाध्यापकको लागि तयार गरिएको अन्तवार्ता तालिकाः-

प्र.अ. को नामः-

विद्यालयः-

ठेगानाः-

१. यस विद्यालयमा बहिरा तथा सुस्तश्रवण बालबालिकाहरुको अध्ययन कार्य कहिलेबाट शुरु भएको हो ?

२. यस विद्यालयका शिक्षक तथा कर्मचारीहरुले यस्ता विद्यार्थीलाई अध्यापन गर्न विशेष तालिम लिनुभएको छ ?

३. यस विद्यालयमा यस्ता विद्यार्थीहरुका लागि कस्ता शैक्षिक सामाग्रीहरु उपलव्ध छन् ?

४. उनीहरुलाई शिक्षणका अलावा अन्य के के सुविधा दिइएको छ ?

५. उनीहरुका लागि के कस्ता शैक्षिक कार्यक्रमहरु संचालित छन् ?

६. उनीहरुको शैक्षिक विकासका लागि कुन कुन स्रोत (निकाय) बाट कस्ता सहयोग प्राप्त भएका छन् ?

७. कक्षाकोठा व्यवस्थापनमा तपाईको भूमिका कस्तो रहेको छ ?

८. बहिरा तथा सुस्तश्रवण बालबालिकाहरुको समाजमा कस्तो स्थिति छ ?

९. यस्ता विद्यार्थीहरु र अन्य विद्यार्थी बीचको भावनात्मक सम्वन्ध कस्तो पाउनुभएको छ ?

१०. यस विद्यालयबाट अध्ययन पूरा गरेका विद्यार्थी कति छन् ?

११. हाल उनीहरु के गर्दैछन् ?

१२. विद्यालयमा यस्ता विद्यार्थीको पहुँच बढाउन के गर्नुपर्ला ?

१३. कस्तो किसिमको शैक्षिक व्यवस्थापनबाट उनीहरु सन्तुष्ट होलान् ?

१४. उनीहरुको गुणस्तरीय शिक्षाका लागि के गर्नु पर्ला ?

१५. कस्ता विषय पढाउनु उपर्युक्त होला ?

१६. किन ?

१७. उनीहरुले भोगेका शैक्षिक कठिनाईहरुको समाधानार्थ तपाईको सुझाव के छ ?

१८. बहिरा तथा सुस्तश्रवण बालबालिकाहरुको शैक्षिक स्थितिमा सुधार ल्याउन कुन पक्ष बढी जिम्मेवार हुनुपर्छ ?

# 'बहिरा तथा सुस्तश्रवण बालबालिकाको शिक्षामा पहुँच'
# अनुसूची २

ख) अपाङ्ग विद्यार्थीको विद्यालयका व्यवस्थापन समितिको अध्यक्षको लागि तयार पारिएको अन्तवार्ता तालिका:

अध्यक्षको नाम:

ठेगाना:

विद्यालय:

१. यस विद्यालयमा बहिरा तथा सुस्तश्रवण बालबालिकाहरुलाई अध्यापन गराउने कार्य कसरी शुरु गर्नुभयो?

२. बहिरा तथा सुस्तश्रवण बालबालिकाहरुको अवस्था कस्तो छ?

३. बहिरा तथा सुस्तश्रवण बालबालिकाहरुको शैक्षिक अवस्था कस्तो छ?

४. विद्यालयमा प्रवेश पाएका र नपाएका यस्ता बालबालिकामा के भिन्नता पाउनुभएको छ?

५. यस्ता विद्यार्थीको शैक्षिक व्यवस्थापनप्रति सन्तुष्ट हुनुहुन्छ ?

६. नभए किन?

७. भइरहेको शैक्षिक व्यवस्थापन प्रति शिक्षक, विद्यार्थी सन्तुष्ट छन्?

८. विद्यालयले यस्ता विद्यार्थीलाई अध्ययन गराउँदा के-कस्ता समस्या झेल्नु परेको छ?

९. ती समस्या समाधानार्थ विद्यालयले कस्तो पहल गर्दैछ?

१०. बहिरा तथा सुस्तश्रवण बालबालिकाहरु प्रति अन्य विद्यार्थीको दृष्टिकोण बारे अध्ययन गर्नुभएको छ?

११. छ भने कस्तो लाग्छ?

१२. विद्यालयमा यस्ता विद्यार्थीको पहुँच बढाउन कसो गर्नुपर्ने रहेछ?

१३. यस विद्यालयले उनीहरुका लागि आर्थिक स्रोत कसरी जुटाएको छ?

१४. यस्ता बालबालिकाहरुका लागि कस्तो विषय पठ्नपाठन गराउन उपर्युक्त होला ?

१५. किन ?

१६. यस विद्यालयबाट अध्ययन पूरा गरेका विद्यार्थी कति छन् ?

१७. हाल उनीहरु के गर्दैछन् ?

१८. हाल भइरहेका समस्याहरु समाधान गर्न के गर्नुपर्ला ?

१७. बहिरा तथा सुस्तश्रवण बालबालिकाहरुको शैक्षिक व्यवस्थापनमा सुधार ल्याउन कुन पक्ष बढी जिम्मेवार हुनुपर्छ ?

# 'बहिरा तथा सुस्तश्रवण बालबालिकाको शिक्षामा पहुँच'
# अनुसूची ६

च) बहिरा तथा सुस्तश्रवण बालबालिकाहरुका लागि तयार पारिएको अन्तवार्ता तालिकाः-

विद्यालयको नामः-

विद्यार्थीको नामः-

ठेगानाः- कक्षाः- लिङ्गः- उमेरः-

१) तपाई कसरी अपाङ्ग हुनुभयो ?

जन्मदै बिरामी भएर दुर्घटना वाट

२) तपाईलाई अध्ययन गर्नु पर्छ भनेर कसले यहाँ सम्म ल्याएको हो ?

३) तपाईले आफ्नो अध्ययनका लागि पुस्तक, शैक्षिक सामाग्री कहाँवाट पाउनु भएको छ ?

विद्यायलय कुनै व्यक्ति सस्था आफै

४. समाजले तपाईप्रति गरेको व्यवहार कस्तो लाग्छ ?

राम्रो ठीकै नराम्रो

५. तपाईलाई कक्षाकोठाको बसाई कस्तो लाग्छ ?

राम्रो ठीकै नराम्रो

६. भैरहेको कक्षाकोठा व्यवस्थापन प्रति तपाई सन्तुष्ट हुनुहुन्छ ?

७. यदी नभए किन ?

८. तपाईले आफूले चाहेको विषय अध्ययन गर्न पाउनु भएको छ ?

९. कुन विषयले तपाईलाई पछि काम पाउन सजिलो होला ?

१०. नियमित पढाइ बाहेक कस्तो प्रशिक्षण/तालिम दिइनु उपयुक्त ठान्नुहुन्छ ?

११. विद्यालयका अतिरिक्त क्रियाकलापमा भाग लिनुभएको छ ?

१२. कक्षामा तपाईप्रति अन्य विद्यार्थीको व्यवहार कस्तो पाउनुभएको छ ?

१३. विद्यालयले तपाईहरुको समस्याप्रति ध्यान दिएको छ ?

छ छैन

१४.	सांकेतिक भाषा सबैले सिक्नु कतिको जरुरी छ ?

अन्यन्तै जरुरी	सिक्दा राम्रो	आवश्यक छैन

१५.	तपाईलाई कुन विषयको शिक्षणमा बढी समस्या हुन्छ ?

१६.	तपाईलाई अध्ययनको क्रममा आइपरेका समस्याहरु के के छन् ?

१७.	ती समस्याको समाधान कसरी गर्न सकिएला ?

# 'बहिरा तथा सुस्तश्रवण बालबालिकाको शिक्षामा पहुँच'
# अनुसूची ७

छ) बहिरा तथा सुस्तश्रवण बालबालिकाहरुका अभिभावकको लागि तयार गरिएको अन्तर्वार्ता तालिका:

अभिभावकको नाम:

ठेगाना:

पेशा:

छोरा/छोरीको नाम:

सम्वन्धित विद्यालय

१) तपाईको बच्चामा कान नसुन्ने समस्या कहिले बाट भयो ?

जन्मदै बिरामी भएर दुर्घटना बाट

२) समाजबाट तपाईको बच्चा प्रतिको व्यवहार कस्तो पाउनुभएको छ ?

राम्रो मध्यम नराम्रो

३. विद्यालयले तपाईको बच्चालाई के के सुविधा उपलव्ध गराएको छ ?

४. ती सुविधा प्रति सन्तुष्ट हुनुहुन्छ ?

५. तपाईले विद्यालयमा आफ्ना बच्चाको कक्षाकोठा अवलोकन गर्नुभएको छ ?

६. यदी छ भने उनीहरुको अवस्था कस्तो पाउनुभएको छ ?

७. त्यस अवस्थामा कसरी सुधार ल्याउन सकिन्छ ?

८. तपाईको बच्चालाई तपाईले कस्तो कार्यमा सहयोग गर्नुपर्छ ?

९. तपाईले सांकेतिक भाषाको तालिम लिनुभएको छ ?

१०. सांकेतिक भाषा सबैले सिक्नु कतिको जरुरी छ ?

अत्यन्तै जरुरी सिक्दा राम्रो आवश्यक छैन

११. तपाईको बच्चाको शैक्षिक समस्या के के होलान् ?

१२. यस्तो शिक्षणले तपाईको बच्चाको भविष्य उज्वल बन्नसक्ला ?

१३. उनीहरुको उज्जल भविष्य सुनिश्चित गर्न के गर्नुपर्ला ?

# 'बहिरा तथा सुस्तश्रवण बालबालिकाको शिक्षामा पहुँच'
# अनुसूची ५

ङ) बहिरा तथा सुस्तश्रवण बालबालिकाहरु अध्ययनरत विद्यालयको विशेष शिक्षा हेर्ने वि.नि.को लागि अन्तवार्ता तालिकाः

वि.नि.को नामः

ठेगानाः

कार्यक्षेत्रः

१. तपाईको स्रोतकेन्द्र/क्षेत्रमा बहिरा तथा सुस्तश्रवण बालबालिकाहरुको शैक्षिक स्थिति पाउनुभएको छ?

२. बहिरा तथा सुस्तश्रवण बालबालिकाको शिक्षामा पहुँच बढाउन कस्ता कार्यक्रम संचालन गर्दै आउनु भएको छ?

क) अभिभावक अभिमुखिकरण कार्यक्रम

ख) बालबालिका

ग) पोष्टरिङ

घ) अन्य

३. तपाई यस किसिमका कक्षा निरीक्षणमा जाँदा कक्षाकोठाको अवस्था कस्तो पाउनु भएको छ ?

४. नेपाल सरकारको नीति अनुरुप नै कक्षाकोठा व्यवस्थापन भएका छन् ?

क) छ भने ……………………………………………

ख) छैन भने ……………………………………

५. तपाईको विचारमा अब बहिरा तथा सुस्तश्रवण बालबालिकाको लागि कक्षाकोठा व्यवस्थापन कसरी गर्नुपर्ला ?

६. तपाईले यस्ता बालबालिकाहरुको समस्याबारे अध्ययन गर्नु भएको छ?

७. यदी छ, भने उनीहरुको धारणा कस्तो पाउनु भएको छ?

८. उनीहरुको शैक्षिक स्थितीमा सुधार ल्याउन के के गर्नु पर्ला?

९. यस्तो विशेष शिक्षाको प्रमुख समस्या के हो?

क) आर्थिक ख) कमजोर व्यवस्थापन ग) भाषिक कठिनाई

घ) सामाजिक दृष्किोण

१०. यस समस्याको निराकरणका लागि केही पहल गर्नुभएको छ?

११. बहिरा तथा सुस्तश्रवण बालबालिकाहरुका निम्ति शैक्षिक व्यवस्थापनमा सुधार ल्याउन कुन पक्ष बढी जिम्मेबार हुनुपर्छ ?

# ‘बहिरा तथा सुस्तश्रवण बालबालिकाको शिक्षामा पहुँच’
# अनुसूची ४

घ) बहिरा तथा सुस्तश्रवण बालबालिकाहरु अध्ययन गर्ने विद्यालयसँग सम्वन्धित स्रोत व्यक्तिका लागि तयार पारिएको अन्तवार्ता तालिकाः

अन्तवार्ताः

स्रोतव्यक्तिको नामः

ठेगानाः

स्रोतकेन्द्रः

१. तपाईको स्रोतकेन्द्रमा बहिरा तथा सुस्तश्रवण बालबालिका अध्ययन गर्ने कतिवटा विद्यालय पर्छन्?

२. जम्मा गरी लगभग कति विद्यार्थी अध्ययनरत छन्?

३. ती विद्यार्थीहरुको शैक्षिक स्थिति कस्तो पाउनु भएको छ?

४. बहिरा तथा सुस्तश्रवण बालबालिकाहरुको शिक्षामा पहुँच बढाउन कस्ता कार्यक्रम संचालन भएका छन्?

क) अभिभावक अभिमुखिकरण कार्यक्रम

ख) बालबालिका अभिमुखिकरण कार्यक्रम

ग) पोष्टरिङ घ) अन्य

५. तपाईले यस किसिमका कक्षा अवलोकन गर्नुभएको छ?

६. यदी छ, भने कक्षाकोठाको अवस्था कस्तो पाउनुभएको छ?

७. तपाईको विचारमा बहिरा तथा सुस्तश्रवण बालबालिकाहरुको लागि कक्षाकोठाको व्यवस्थापन कसरी गर्नुपर्ला ?

८. तपाईले यस्ता बालबालिकाहरुका शैक्षिक समस्याहरु बुझ्ने प्रयास गर्नुभएको छ?

९. यदी छ भने कस्ता समस्याहरुले ग्रसित रहेछन्?

१०. बहिरा तथा सुस्तश्रवण बालबालिकाहरुका शैक्षिक समस्याको प्रमुख कारण के हो ?

क) आर्थिक अभाव ख) कमजोर व्यवस्थापन ग) भाषिक कठिनाई

घ) सामाजिक दृष्किोण

११. यस्तो समस्याको निराकरणका लागि के गर्नुपर्ला ?

१२. बहिरा तथा सुस्तश्रवण बालबालिकाहरुको शैक्षिक व्यवस्थापनमा सुधार ल्याउन कुन पक्ष बढी जिम्मेवार हुनपर्छ ?

## 'बहिरा तथा सुस्तश्रवण बालबालिकाको शिक्षामा पहुँच'

## अनुसूची ८

ज) विद्यालय सर्वेक्षण फाराम

विद्यालयको नामः......................................

ठेगानाः.....................................

स्थापनाः.......................................

१. विद्यार्थी विवरणः

जम्मा विद्यार्थी छात्र संख्या छात्रा संख्याः

जम्मा बहिरा तथा सुस्तश्रवण विद्यार्थी छात्र संख्या छात्रा संख्याः

२. शिक्षक विवरण

जम्मा संख्या शिक्षक संख्या शिक्षिका संख्या

स्रोत शिक्षक तालिम प्राप्त शिक्षक संख्या

३. कक्षागत विद्यार्थी विवरण

| कक्षा | छात्र संख्या | छात्रा संख्या | जम्मा | बहिरा तथा सुस्तश्रवण छात्र संख्या | बहिरा तथा सुस्तश्रवण छात्रा संख्या | बहिरा तथा सुस्तश्रवण जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |

## ‘बहिरा तथा सुस्तश्रवण बालबालिकाको शिक्षामा पहुँच’

## अनुसूची ९

### श्री जनता नमुना उच्च मा.वि, विराटनगर, मोरङको कक्षागत विद्यार्थी विवरण

| कक्षा | छात्र संख्या | छात्रा संख्या | जम्मा | बहिरा तथा सुस्तश्रवण छात्र संख्या | बहिरा तथा सुस्तश्रवण छात्रा संख्या | बहिरा तथा सुस्तश्रवण जम्मा | |
|---|---|---|---|---|---|---|---|
| १ | २१ | २५ | ४६ | ४ | १ | ५ | |
| २ | १८ | १३ | ३१ | २ | ३ | ५ | |
| ३ | १९ | १६ | ३५ | – | ४ | ४ | |
| ४ | २७ | २६ | ५३ | ४ | १ | ५ | |
| ५ | २८ | २१ | ४९ | ४ | १ | ५ | |
| ६ | ३७ | २७ | ६४ | १ | १ | २ | |
| ७ | ४१ | २८ | ६९ | २ | ५ | ७ | |
| ८ | २९ | २७ | ५६ | ५ | १ | ६ | |
| ९ | ४१ | ३३ | ७४ | २ | २ | ४ | |
| १० | ४३ | ३७ | ८० | – | १ | १ | |
| पूर्वप्राथमिक | | | | २ | ६ | ८ | |

*स्रोतः श्री जनता नमुना उच्च मा.वि ।*

## ‘बहिरा तथा सुस्तश्रवण बालबालिकाको शिक्षामा पहुँच’
## अनुसूची १०

### श्री सुकुना मा.वि, इन्द्रपुर, मोरङको कक्षागत विद्यार्थी विवरण

| कक्षा | छात्र संख्या | छात्रा संख्या | जम्मा | बहिरा तथा सुस्तश्रवण छात्र संख्या | बहिरा तथा सुस्तश्रवण छात्रा संख्या | बहिरा तथा सुस्तश्रवण जम्मा | |
|---|---|---|---|---|---|---|---|
| १ | ३२ | ३५ | ६७ | १० | ५ | १५ | |
| २ | ५४ | ३० | ८४ | – | – | – | |
| ३ | २६ | २७ | ५३ | १ | २ | ३ | |
| ४ | ५१ | ७१ | १२२ | ३ | १ | ४ | |
| ५ | ४४ | ५८ | १०२ | – | – | – | |
| ६ | ६३ | ८१ | १४४ | – | – | – | |
| ७ | ६० | ६८ | १२८ | – | – | – | |
| ८ | ७० | ७० | १४० | – | – | – | |
| ९ | ९७ | १२७ | २२४ | – | – | – | |
| १० | ९३ | ८१ | १७४ | – | – | – | |
| जम्मा | ५९० | ६४८ | १२३८ | १४ | ८ | २२ | |

स्रोतः श्री सुकुना मा.वि ।

## 'बहिरा तथा सुस्तश्रवण बालबालिकाको शिक्षामा पहुँच'
## अनुसूची ११

### श्री पब्लिक उच्च मा.वि. बनिगामा, मोरङको कक्षागत विद्यार्थी विवरण

| कक्षा | छात्र संख्या | छात्रा संख्या | जम्मा | बहिरा तथा सुस्तश्रवण छात्र संख्या | बहिरा तथा सुस्तश्रवण छात्रा संख्या | बहिरा तथा सुस्तश्रवण जम्मा | |
|---|---|---|---|---|---|---|---|
| १ | ४३ | ६१ | १०४ | १ | – | १ | |
| २ | ४६ | ५९ | १०५ | – | २ | २ | |
| ३ | ४६ | ५९ | १०५ | – | १ | १ | |
| ४ | ४९ | ५२ | १०१ | – | – | – | |
| ५ | ४२ | ६२ | १०४ | ३ | – | ३ | |
| ६ | ३६ | ६९ | १०५ | – | – | – | |
| ७ | ६१ | ५० | १११ | – | – | – | |
| ८ | ४८ | ६८ | ११६ | – | – | – | |
| ९ | ८८ | ९५ | १८३ | – | १ | १ | |
| १० | ६९ | १११ | १८० | – | – | – | |
| जम्मा | ५२८ | ६८६ | १२१४ | ४ | ४ | ८ | |

*स्रोतः श्री पब्लिक उच्च मा.वि ।*

‘बहिरा तथा सुस्तश्रवण बालबालिकाको शिक्षामा पहुँच’

# अनुसूची १२

श्री पब्लिक उच्च मा.वि. बनिगामा, मोरङको गतवर्ष (२०६५)को बहिरा तथा सुस्तश्रवण विद्यार्थीको कक्षागत विवरण

| कक्षा | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| १ | १ | ३ | ४ |
| २ | १ | १ | २ |
| ३ | – | २ | २ |
| ४ | 3 | – | ३ |
| ५ | – | - | – |
| ६ | - | - | – |
| ७ | - | - | – |
| ८ | - | १ | १ |
| ९ | - | – | – |
| १0 | - | १ | १ |
| जम्मा | ६ | ७ | १३ |

*स्रोतः श्री पब्लिक उच्च मा.वि*

# 'बहिरा तथा सुस्तश्रवण बालबालिकाको शिक्षामा पहुँच'
# अनुसूची १३

यस अध्ययन कार्यमा सम्लग्न विद्यालय तथा उत्तरदाताहरुको विवरण

तालिका

प्रधानाध्यापक, वि.व्य.स.का अध्यक्ष, स्रोत व्यक्ति र वि.नि. हरुको विवरण

| क.स. | नाम थर | पद | सम्वन्धित विद्यालय |
|---|---|---|---|
| १ | शिवशंकर श्रेष्ठ | प्रधानाध्यापक | जनता नमुना उ.मा.वि. |
| २ | जनक चापागाई | वि.व्य.स. अध्यक्ष | जनता नमुना उ.मा.वि. |
| ३ | नन्दकुमार ठाकुर | स्रोत व्यक्ति | जनता नमुना उ.मा.वि. |
| ४ | राजकुमार थापा | वि.नि | जनता नमुना उ.मा.वि. |
| ५ | पितकुमार श्रेष्ठ | प्रधानाध्यापक | श्री सुकुना मा.वि. |
| ६ | देवेन्द्रकुमार मास्के | वि.व्य.स.अध्यक्ष | श्री सुकुना मा.वि |
| ७ | गोविन्द भण्डारी | स्रोत व्यक्ति | श्री सुकुना मा.वि |
| ८ | हरीप्रसाद वस्ती | वि.नि | श्री सुकुना मा.वि |
| ९ | रबिदानन्द चौधरी | प्रधानाध्यापक | श्री पब्लिक उच्च मा.वि. |
| १० | नन्दकुमार सरदार | वि.व्य.स. अध्यक्ष | श्री पब्लिक उच्च मा.वि. |
| ११ | ऋषिकेश कोइराला | स्रोत व्यक्ति | श्री पब्लिक उच्च मा.वि. |
| १२ | जयप्रसाद महत | वि.नि. | श्री पब्लिक उच्च मा.वि. |

## शिक्षक विवरण

| क.सं. | स्रोत शिक्षकको नाम | विद्यालयको नाम | अध्यापन विषय | विशेष तालिम |
|---|---|---|---|---|
| १ | निर्मला खड्का (बस्नेत) | जनता नमुना उ.मा.वि | सामाजिक वातावरण | प्राप्त |
| २ | लोकमणी पोखरेल | जनता नमुना उ.मा.वि | अंग्रेजी | प्राप्त |
| ३ | सुनिता घिमिरे | जनता नमुना उ.मा.वि | प्रा.वि.का सबै | प्राप्त |
| ४ | कमला मास्के | श्री सुकुना मा.वि | साङ्केतिक भाषा | प्राप्त |
| ५ | पदमप्रसाद रिमाल | श्री सुकुना मा.वि | साङ्केतिक भाष, नेपाली | प्राप्त |
| ६. | साकार शर्मा चापागाई | श्री सुकुना मा.वि | नेपाली/अंग्रेजी | अप्राप्त |
| ७ | खड्कनारायण सरदार | श्री पब्लिक उच्च मा.वि | गणित, विज्ञान | प्राप्त |
| ८ | लक्ष्मी भगत् | श्री पब्लिक उच्च मा.वि | साङ्केतिक भाषा | प्राप्त |
| ९ | इराकुमारी राई | श्री पब्लिक उच्च मा.वि | अग्रेजी | अप्राप्त |

## ‘बहिरा तथा सुस्तश्रवण बालबालिकाको शिक्षामा पहुँच’

## अनुसूची १४

विद्यार्थी, अभिभावक विवरण

| क.सं. | विद्याथीको नाम, थर | कक्षा | लिङ्ग | उमेर | अभिभावकको नाम, थर | नाता | अभिभावकको पेशा |
|---|---|---|---|---|---|---|---|
| १ | शिसम श्रेष्ठ | ९ | छात्रा | १५ | मोहन श्रेष्ठ | बुबा | नोकरी |
| २ | प्रशान्त सुवेदी | ८ | छात्र | १४ | चेतनारायण सुवेदी | बुबा | नोकरी |
| ३ | मनोज शाह | ६ | छात्र | १३ | सत्यनारायण शाह | बुबा | व्यापार |
| ४ | लक्ष्मी दाहाल | ७ | छात्रा | १३ | टंक दाहाल | बुबा | नोकरी |
| ५ | रविन राई | ४ | छात्र | १३ | रेखबहादुर राई | बुबा | व्यापार |
| ६ | युनिस भट्टराई | १ | छात्र | ७ | खगेन्द्र निरौला | मामा | खेती |
| ७ | सरु बस्नेत | ३ | छात्रा | ११ | अमृताकुमारी बस्नेत | आमा | खेती |
| ८ | कविता माझी | ४ | छात्रा | १४ | तेजनारायण माझी | बुबा | मजदुरी |
| ९ | खेमकुमार अधिकारी | ९ | छात्र | १४ | रुद्रप्रसाद अधिकारी | बुबा | किसान |
| १० | सरिताकुमारी धाँमी | ३ | छात्रा | १० | चन्द्रबहादुर धाँमी | बुबा | मजदुरी |
| ११ | किशोरकुमार माझी | ५ | छात्र | १२ | बेदानन्द माझी | बुबा | मजदुरी |
| १२ | सन्तोषकुमार सरदार | ५ | छात्र | ११ | अनुपलाल सरदार | बुबा | मजदुरी |

# सन्दर्भ सामग्री (References)


उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५), *उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन,* केशरमहल, काठमाडौ : शिक्षा मन्त्रालय ।

कोइराला, विद्यनाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०५७), *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* भोटाहिटी , काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, बासुदेव र विष्ट, मिनबहादुर (२०६०), *शैक्षिक योजना,* बागबजार, काठमाडौं : भूँडीपुराण प्रकाशन ।

राष्ट्रिय अपाङ्ग महासंघ, नेपालको मुखपत्र (२०६१) *,सृजना,* भृकुटीमण्डप, काठमाडैां ।

राष्ट्रिय अपाङ्ग महासंघ, नेपालको मुखपत्र (२०६४) *,रुपान्तरण,* काठमाडैां, महाराजगञ्ज ।

जवरा, स्वयंप्रकाश र श्रेष्ठ, चन्द्रवहादुर (२०५९), *पाठ्यक्रम योजना र अभ्यास,* भोटाहिटी, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

युनेस्को(२०६२), *समाहित शिक्षा र बालमैत्री विद्यालय,* ***समाहित शिक्षा शाखा,*** सानोठिमी, भक्तपुर ।

काठमाडौं बहिरासंघ वार्षिक मुखपत्र (२०५२), *बहिराको आवाज,* ***बहिरा प्रकाशन समिति,*** काठमाडौं ।

डि.एच.आर.सी. नेपाल (२००६), *अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्वन्धि महासन्धि र स्वेच्छिक प्रोटोकल,* नेपाल अपाङ्ग मानव अधिकार केन्द्र , काठमाडौं ।

प्लान नेपाल(२०६५), *अपाङ्गता मैत्री वातावरणका अवरोध न्यूनीकरण निर्देशन पुस्तिका,* महाराजगञ्ज, काठमाडौं ।

सि.वि.आर. (समुदायमा आधारित पुनर्स्थापना) मोरङ (२०६३), *अपाङ्गता सर्वेक्षण, अध्ययन प्रतिवेदन,* विराटनगर ।

अधिकारी, किसानप्रसाद (२०६२), *शारीरिक अपाङ्गहरूको शिक्षा तथा रोजगार व्यवस्थापन,* कीर्तिपुर, त्रि.वि.विः ।

कोशी बहिरासंघ (२०६५), *प्रस्तावना,* विराटनगर, मोरङ ।

कोशी बहिरासंघ (२०५४), *बहिरा ज्ञान,* विराटनगर, मोरङ ।

हाम्रो आवाज सुन्नुहोस् अभियान (२०६३), *प्रगति र प्रतिभा,* पूर्वाञ्चल ।

राष्ट्रिय अपाङ्ग महासंघ- नेपाल (२०५९), *शिक्षामा अवरोध मुक्त वातावरण,* भृकुटीमण्डप, प्रदर्शनीमार्ग, काठमाडौं ।

नेपाल अपाङ्ग मानव अधिकार केन्द्र (२०६२), *अपाङ्ग आवाज,* काठमाडौं : राष्ट्रिय मासिक वर्ष

५ अङ्क ७ र ११, वानेश्वर ।

नेपाल अपाङ्ग मानव अधिकार केन्द्र (२०६३), *अपाङ्ग आवाज,* काठमाडौं : राष्ट्रिय मासिक वर्ष ६, अङ्क १ र ३ ।

सामर्थ्य समाज, एक्सन एण्ड नेपाल, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल (२०६४), *समावेशी आवाज,* विराटनगरः मासिक वर्ष-१, अङ्क १ ।

नेपाल अपाङ्ग समाज (२०६१), *अपाङ्ग सशक्तीकरण,* ***काठमाडौं, मासिक वर्ष-१, अङ्क १*** अनामनगर ।

शर्मा, चिरञ्जीवी (२०६१), *शिक्षाका आधारहरू,* काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स, भोटाहिटी ।

अपाङ्ग कल्याण राष्ट्रिय समिति (२०५३), *अपाङ्ग सेवा राष्ट्रिय नीति,* काठमाडौं ।

राष्ट्रिय शिक्षा आयोग (२०४९), *राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौं : केशरमहल ।

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल (२०५९), *हाते पुस्तिका,* काठमाडौं : भृकुटीमण्डप, प्रर्दशनीमार्ग।

**Ministry of Education (1997).** *The basis and primary education***,** *Master plan (1997-2002).* **Kathmandu.**

**Ministry of Education (1997).** *Education for all in Inclusive school,* **Kathmandu.**

**CBR Morang (2007).** *Disability survey Report***. Biratnagar.**